# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

१७

पूर्णाङ्क

संशोधन-मण्डल

तदिह न गुणदोषौ योजनीयावलोको
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

# पूर्णिमा


वर्ष ५ — अङ्क १

[इतिहास—प्रधान त्रैमासिक पत्रिका]



सम्पादक—
गौतमवज्र वज्राचार्य
महेशराज पन्त

प्रकाशक तथा प्रबन्धक—
धनवज्र वज्राचार्य
(संशोधन-मण्डलद्वारा)

सहयोगीहरू—
रामजी तेवारी
देवीप्रसाद भण्डारी
शङ्करमान राजवंशी
दिनेशराज पन्त

# विषयसूची

| | | | |
|---|---|---|---|
| | | | पृष्ठ |
| १. | लिच्छविकालको इतिहासमा किरातकालको प्रभाव | –धनवज्र वज्राचार्य | १– ८ |
| २. | ठ्यासफुको ऐतिहासिक व्याख्या | –गौतमवज्र वज्राचार्य | ९–१४ |
| ३. | ऐतिहासिकशिरोमणि श्रीबाबुराम आचार्यज्यूसँग प्रार्थना | –शङ्करमान राजवंशी | १४–१६ |
| ४. | श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू | –देवीप्रसाद भण्डारी | १७–२० |
| ५. | आचार्य कौटल्य र श्री ५ पृथ्वीनारायण शाह | –नयराज पन्त | २१–२६ |
| ६. | वि. सं. १८३२ देखि वि. सं. १८५८ सम्मको नेपालको इतिहासमा नयाँ प्रकाश पार्ने केही पत्रहरू | –दिनेशराज पन्त | २७–५१ |
| ७. | वीर भक्ति थापा | –महेशराज पन्त | ५१–५९ |
| ८. | दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप | –रामजी तेवारी | ५९–७१ |
| ९. | त्रिकोणमिति (ज्योत्पत्ति) | –नयराज पन्त | ७१–७५ |
| १०. | शङ्खमूल सिकबहीको अभिलेख | | ७६–७९ |
| ११. | हाम्रो वक्तव्य | | ८०–८६ |

# लिच्छविकालको इतिहासमा किरातकालको प्रभाव

*—धनवज्र वज्राचार्य*

नेपालको इतिहासमा लिच्छविकाल अनेक दृष्टिले 'उज्ज्वल युग' थियो । त्यस बेलाका व्यवस्थित शासनपद्धति, संघट्टित लौकिक जीवन, उन्नत विद्याको तह, आकर्षक कलाबाट लिच्छविकालको विशिष्टता स्वतः झल्कन्छ । लिच्छविकलाका कुरा राम्ररी बुझ्न हामीले त्योभन्दा अगाडिदेखिका कुरामा पनि दृष्टि दिनुपर्छ । किनभने लिच्छविकाल एकैचोटि त्यसरी उन्नत भएको थिएन । क्रमशः हुँदै आएको विकासकै यो परिणाम थियो । तर लिच्छविकालभन्दा अघिका कुरा यथार्थ रूपमा बुझ्ने प्रामाणिक सामग्री पाइएको छैन । लिच्छविकालको पनि उठानका कुरा बुझ्ने सामग्री प्राप्त भएको छैन । खाली पूर्वापर सम्बन्ध जोडी केही निष्कर्ष मात्र हामी निकाल्न सक्छौं ।

नेपाल–उपत्यका पहिले दहको रूपमा थियो; यहाँ पानी जमेको हुनाले बस्ती बस्न सकेको थिएन; पछि पानीको निकासा खुलेपछि तथा पानी सुकेपछि यहाँ बिस्तारै बस्ती बस्न योग्य ठाउँ बन्यो; उठानमा जङ्गलप्रधान प्रदेश बन्यो; पछि पछि गाईगोठ राखी जीविका गर्ने गोपाल (गोठाला)हरूको बस्ती बस्यो; अनि विस्तारै विस्तारै अरूहरूको पनि बस्ती बढ्दै गयो भन्ने कुरा हाम्रो यहाँ अनुश्रुतिको रूपमा चलेर आइरहेको छ । गोपालराजवशावली आदि वंशावली, स्वयम्भूपुराण हिमवत्खण्ड आदि ग्रन्थमा* यस्तै अनुश्रुतिका कुरा लेखिएका छन् ।

---

*नेपाल–उपत्यका पहिले दहको रूपमा थियो भन्ने वर्णन स्वयम्भूपुराण र हिमवत्खण्डमा यसरी गरिएको छ—

**"विपश्चिनोऽपि कालेस्मिन्नयं नेपालमण्डलः ।**
**कालीह्रद इति ख्यातः पयोभिः सम्प्रपूरितः ।।**
**तदाभूत् सप्तक्रोशकव्यायामो कालीह्रदः ।**
**आयामो दीर्घतस्तावत् सदा शुद्धजलैः शुचिः ।।"**

(एशियाटिक सोसाइटीद्वारा प्रकाशित स्वयम्भूपुराण ३८–३९ पृष्टबाट)

[विपश्चीको समयमा यो नेपालमण्डल पानीले भरिएको थियो । यो कालीन्हृद भनी प्रख्यात थियो । यसको लमाइ चौडाइ सात सात कोसको थियो]

गोपालराजवंशावली स्थितिमल्लको पालामा (विक्रमको पन्ध्रौं शताब्दीको पूर्वार्द्धमा) संगृह गरी लेखिएको हो । यसमा उठानदेखि स्थितिमल्लको पालासम्मका मुख्य मुख्य इतिहासका घटना छोट्करीमा टिप्ने प्रयत्न गरिएको छ । स्थितिमल्लभन्दा दुइ तीन शताब्दीअघिसम्मका त्यहाँका वर्णन प्रामाणिक छन् । तर त्योभन्दा अघिको वर्णन त्यतिको प्रामाणिक छैन । तैपनि हाम्रो अनुश्रुतिको पुरानो परम्परा त्यसमा पाइन्छ । राम्ररी छानबीन गर्न सके अनुश्रुतिका कुराबाट पनि सत्य कुरा निकाल्न सकिन्छ । हाम्रा पछिका वंशावलीहरूको आधार ग्रन्थ पनि यो थियो । तर पछिका वंशावलीकारले लिच्छविकालका कति राजाहरूको कुरा लेखेर पनि तिनीहरू लिच्छवि हुन् भन्ने कुरासम्म पनि बिर्सेका थिए । गोपालराजवंशावली संगृह गरिए ताकासम्म पनि लिच्छविकालका केही कुरा अनुश्रुतिको रूपमा चलेर आइरहेका थिए । यद्यपि तिनमा व्यत्यास निकै परेका छन्, तैपनि गोपालराजवंशावलीकारलाई लिच्छविकालको संझना निकै थियो भन्ने बुझिन्छ । त्यसै गरी लिच्छविकालभन्दा अगाडिको गोपालराजवंशावलीकारले प्रस्तुत गरेको वर्णन पनि सर्वथा निराधार छ भनी हामी भन्न सक्दैनौं । यस कारण गोपालराजवंशावलीकारले के बोलेका छन् भन्ने कुरामा दृष्टि दिनु आवश्यक छ ।

गोपालराजवंशावलीकारले यसरी कुरा उठान गरेका छन्—

**"...कर्म्मेण प्रवर्त्तमानःकलियुगे...हिमवन्तशैल्यमध्यवर्त्तणी महारण्यभूते भूमण्डले...गोपालो बभूव ।...एवमष्टो गोपालराजा भवतिः । तदनु गोपालराजा निर्ज्जित्य महिषपालानां यथाक्रमेनः राज्यपदम्भुंजीत ।...एते त्रय महिषपालराजा । तत पश्चात् गोपाल महिषपाल निर्ज्जित्यः किरातराजा प्रवर्ततः ।...एते द्वात्रिंस किरातराजाः तामर्ज्जणकोशकोटटाद्भवा ये ।...अथ सूर्यवम्सप्रभावात् नेपाले किरातराजा निर्ज्जित्य लिच्छवीवंस्स प्रवर्ततः...।"**

(१७–१९ पत्रबाट)

[ कलियुगको उठानमा हिमालय पहाडको काखमा रहेको घना जङ्गल भएको भूमिमा (नेपाल–उपत्यकामा) गोपाल भए (गोठालाहरूको बस्ती बस्यो) ।...यसरी आठ जना गोपाल राजा भए । अनि गोपाल राजालाई जिती महिषपाल (भैंसी गोठाला)हरूले राज्य गरे ।...यी तीन जना महिषपाल राजा भए । अनि गोपाल महिषपालहरूलाई जितेर किरातहरूले राज्य गरे ।...यी बत्तीस किरात राजाहरू भए । जुन किरातहरू (अहिले) तामाकोशी र अरुणकोशीको बीचको भूभागमा बस्तछन् ।...अनि सूर्यवंशको प्रभावले किरात राजाहरूलाई जिती नेपालमा लिच्छविवंशको राज्य चल्यो । ]

---

**"ज्योतिरूपे मयि क्षेत्रमेतद्ध्रदो भविष्यति ॥१३॥**
**नागह्रद इति ख्यातं निरुद्ध वाग्मतीजलम् ॥१४॥**
**वाग्मत्यां च नदीभूते वने जाते च मण्डले" ॥२१॥**

(योगी नरहरिनाथद्वारा सम्पादित 'हिमवत्खण्ड' का १८०–८१ पृ.)

[म ज्योतिरूप भई रहंदा यो क्षेत्र 'नागन्हद' भनी प्रख्यात दह हुनेछ । वाग्मतीको पानी थुनिनेछ । पछि वाग्मतीको निकासा खुलेर बगेपछि यो नेपालमण्डल जङ्गल बन्नेछ ।]

यसरी गोपालराजवंशावलीकारले कलियुगको उठानदेखि अर्थात् पाँच हजार जति वर्षअघिदेखि नेपाल–उपत्यकामा बस्ती बस्न शुरू भएको कुरा अनुश्रुतिको आधारमा लेखेका छन् । यहाँ पहिले गोपाल, महिषपालहरूको राज्य चलेको अनि लामो कालसम्म किरातहरूको राज्य चलेको अनि किरातलाई जिती लिच्छविहरूले यहाँ शासन गरेको कुरा गोपालराजवंशावलीमा लेखिएको छ । गोपालराजवंशावलीकारले ती गोपाल, महिषपाल र किरात राजाहरूका नाम क्रम र वर्षसमेत उल्लेख गरेका छन् । ती नाम क्रमहरू कल्पित हुन् कि तिनमा पनि केही सत्यता छ, साधनको अभाव हुँदा यस विषयमा हामी केही बोल्न सक्दैनौं । तर लिच्छविहरूको शासन कायम हुनुभन्दा पहिले किरातहरूको शासन यहाँ कायम भएको थियो भन्ने देखाउने आधार भने नभएको होइन । लिच्छविकालमा प्रचलित मुख्य मुख्य अधिकरण (अड्डा)हरू, कर, विष्टि (झारा, बेठबिगार) इत्यादि शासनव्यवस्थाका अङ्गका नामहरू तथा नेपाल–उपत्यका र त्यसका आसपासका बस्ती, खोला–नाला, पोखरी–कुलो, पहाड–डाँडो आदिको नामबारेमा विचार गर्‍यौं भने यस कुराको आभास हामी स्पष्ट रूपमा पाउँछौं । यस कारण यस विषयमा विचार गर्नु आवश्यक छ ।

लिच्छविकालमा शासन व्यवस्थित रूपमा चलाउन अनेक अधिकरण (अड्डा)हरू कायम भएका देखिन्छन् । यी अधिकरणमा चारवटा अधिकरण मुख्य थिए भन्ने कुरा तात्कालिक अभिलेखहरूबाट थाहा पाइन्छ । उदाहरणार्थ अलिकता उद्धरण यहाँ दिइन्छ—

**"… …मानगृहात्…भट्टारकमहाराजश्रीवसन्तदेवः…चतुर्ष्वधिकरणेषु धर्म्मस्था… …करणिकांश्च कुश(लम्पृष्ट्वा) …समाज्ञापयति…लिंग्वल…कूथेर…"**

(जैसीदेवलको अभिलेखबाट । यो अभिलेख अलि खण्डित छ । **यो अभिलेख भगवान्‌लालद्वारा ३ संख्यांको रूपमा, नोलीद्वारा १३ संख्याको रूपमा छापिएको छ । संस्कृतसंदेश १।९ मा हामीले पनि छपाएका छौं ।**)

[…मानगृह (दरबार)बाट…भट्टारक(गद्दीनशीन)महाराज श्रीवसन्तदेवबाट…चारै अधिकरणका …अधिकारीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ…लिंग्वल…कूथेर…]

**"…मानगृहाद्…भट्टारकमहाराजश्रीगणदेवः…सर्व्वानेव कुटुम्बिनः कुशलं पृष्ट्वा मानयति पूर्व्वराजभिर्युष्माकं कुथेरशुल्यधिकरणाभ्यान्न प्रवेष्टव्यमित्यनुग्रहः कृतोधुना मया…लिङ्ग्वलमाप्चोकाधिकरणाभ्यां पञ्चापराधद्वारेण चतुर्भिरप्यधिकरणैर्न्न प्रवेष्टव्यमिति स्थितिपट्टकेन प्रसादः कृतः"**

(चौकिटारको अभिलेखबाट । यही ब्यहोराका अभिलेख बलम्बु, किसिपिडीमा पनि छन् । 'पूर्णिमा' १० पूर्णाङ्कका १–४ पृष्ठ हेर्नुहोस् ।)

[…मानगृह (दरबार)बाट…भट्टारक (गद्दीनशीन) महाराज श्रीगणदेवबाट…सबै गृहस्थीहरूलाई यथोचित कुशल मङ्गल सोधेर आज्ञा भएको छ—उहिलेका राजाहरूबाट तिमीहरूकहाँ कुथेर र शुली यी दुइ अधिकरणले पस्न नपाउने गरी निगाह गरिएको थियो…अहिले हामीबाट पञ्चखतसम्बन्धी मामिलाद्वारा लिङ्ग्वल र माप्चोक अधिकरणले पस्न नपाउने गरिएको छ । यसरी चारै अधिकरणले पस्न नपाउने गरी यो सनद शिलापत्र निगाह गरी दिइएको छ ।]

यताबाट लिच्छविकालमा कुथेर, शुली (कहीं 'शोल्ल' लेखिएको पनि पाइन्छ※), लिङ्ग्वल, माप्चोक यी चार अधिकारण (अड्डा) मुख्य थिए भन्ने थाहा पाइन्छ । यी चारै अधिकरणका नाम संस्कृतभाषाबाट रहेका छैनन् । लिच्छविकालका सारा अभिलेखहरू संस्कृत भाषामा लेखिएका पाइन्छन् । लिच्छविकालमा राष्ट्रभाषा नै संस्कृत थियो । यसो हुनाले लिच्छविकालका शासकहरूले यावत् व्यवस्थाहरू संस्कृतमै लेखाएर राखेका थिए । त्यसो भए यी प्रसिद्ध चार अधिकरणका नाम संस्कृतभिन्न भाषाबाट कसरी रहे, यो बडो विचारणीय विषय छ । यावत् कुरा, संस्कृतभाषामा लेखाउने लिच्छवि शासकहरूले यी अधिकरणका नाम पनि संस्कृतमै राख्न सक्थे । जस्तै कि पछि पश्चिमाधिकरण, पूर्वाधिकरण आदि केही अधिकरणको नाम संस्कृतमै रहेको पनि देखिन्छ तथा राजाको 'भित्री इजलास' भन्नालाई 'अन्तरासन' 'परमासन' भन्ने संज्ञा संस्कृतमै रहेको छ ।

यसै गरी 'कर' लाई बुझाउने केही संज्ञा संस्कृतभिन्न तात्कालिक जनभाषाबाट रहेको पाइन्छ । उदाहरणार्थ थानकोटको अभिलेखको अलिकता अंश उद्धृत गर्नु नै पर्याप्त छ—

**"...भट्टारकश्रीभीमार्जुनदेवस्तत्पुरःसरः...श्रीजिष्णुगुप्तदेवः...समाज्ञापयति...यथास्मज्येष्ठप्रपितामहमानगुप्तगोमिकारितपुस्किरिणीमुद्दिश्य ग्रामस्योत्तरेण पर्वतभूमिश्चोख्परानामधेयचैलकरम्प्रतिमुच्य दत्ता... ...अन्यश्चास्माभिः प्रयोजनान्तराराधितैर्भवतां ग्रामणिवासिनां कुटुम्बिनाम्प्रसादविशेषो दत्तो दक्षिणकोलिग्रामे गोयुद्धे गोहले गोहले यद्देयमासीत्तस्यार्धम्प्रतिमुक्तं सिंकरे च येन कार्षापणन्देयन्तेनाष्टौ पणा देया येनाष्टौ पणा देयं तेन पणचतुष्टयं..."**

['पूर्णिमा' ८ पूर्णाङ्कका १–३ पृष्ठ हेर्नुहोस्]

[...भट्टारक (गद्दीनशीन) भीमार्जुनदेव र उहाँका अधिसरा भई काम गर्ने...श्रीजिष्णुगुप्तदेवले आज्ञा गर्नुभएको छ–हाम्रा जेठा बराज्यू मानगुप्त गोमीले बनाउनुभएको पोखरीको निमित्त गाउँको नजीकै उत्तरतिर रहेको डाँडो 'चोख्परा' भन्ने चैलकर (कपडामा लाग्ने करविशेष) माफी गराएर दिइएको थियो ।... ...कामविशेषले प्रसन्न भएका हामीबाट तिमीहरूको गाउँमा बस्ने गृहस्थीहरूलाई अर्को विशेष निगाह पनि गरिदिइएको छ । दक्षिणकोलीग्राममा हुने गोयुद्ध (साँढे जुधाई मनाउने उत्सव) मा एक एक हलो जग्गामा जो बुझाउनुपर्ने थियो, त्यसको आधा माफी गरिएको छ । 'सिंकर' भन्ने करमा जसले १ कार्षापण बुझाउनुपर्थ्यो, त्यसले ८ पण बुझाउनू, जसले ८ पण बुझाउनुपर्थ्यो, त्यसले ४ पण बुझाउनू ।]

यहाँ करका नाउँका रूपमा उल्लिखित 'चोख्परा' 'सिं' यी पद संस्कृतभाषाका होइनन् । तात्कालिक जनभाषाबाट यी संज्ञा रहेका छन् । यहाँ उल्लिखित 'सिं' शब्द नेवारी तामाङ, लिम्बू, आदि भाषामा अहिलेसम्म प्रचलित काठलाई बुझाउने 'सिं' शब्द नै हो भन्ने मलाई लाग्छ§ ।

---

※नोलीद्वारा १५ संख्याको रूपमा प्रकाशित चौकिटारको अभिलेख हेर्नुहोस् ।

§वैद्य पन्नाप्रसाद जोशीको 'संक्षिप्त नेपालभाषाशब्दकोश' को २५५ पृष्ठ, ईमानसिंह चेमजोङको 'लिम्बू–नेपाली–अंग्रेजी शब्दकोश'को २९५ पृष्ठ, 'पूर्णिमा' २ पूर्णाङ्कको ४७ पृष्ठ हेर्नुहोस् ।

'चोखपरा भन्ने चैलकर माफी गरी डाँडो दिइएको छ भनी माथि भनिएको छ । डाँडो भन्ने अर्थमा 'चो' अहिलेसम्म प्रचलित छ । लिच्छविकालका अभिलेखमा पाइने 'गुं' (जङ्गलसहित डांडो), 'बू' (खेत) 'किच'=(किसि=हात्ती), 'तिलमक' (कुलो) आदि शब्दहरू उही अर्थमा नेवारी भाषामा प्रचलित देखिएका हुनाले उपर्युक्त कुराको पुष्टि हुन्छ❀ ।

सरकारद्वारा विना ज्यालामा अनिवार्य रूपमा प्रजालाई गराइने कामलाई 'विष्टि' (झारा) भनिन्छ । लिच्छविकालका अभिलेखमा उल्लिखित केही विष्टिका नाम पनि संस्कृतभाषाका छैनन् । जस्तै—

**"…भट्टारकमहाराजश्रीभीमार्जुनदेवस्तत्सहितः श्रीविष्णुगुप्तः… भविष्यतो नेपालभूभुजो यथार्हं प्रतिमान्यानुदर्शयति…अस्माभिराश्चर्यभूत…रूपनिष्पादनयोग्यशिलाकर्षणम्प्रतिनियुक्त भृङ्गार-ग्रामपाञ्चा(लिकैः)… …परया तुष्टया कशष्टीविष्टिभारानयनप्रति…मप्रवेशेन प्रसादः कृतः…"**

(सूनागूठी भृङ्गारेश्वरको अभिलेखबाट । 'पूर्णिमा' १६ पूर्णाङ्कका ३५८–५९ पृष्ठ हेर्नुहोस् ।)

[…भट्टारक (गद्दीनशीन) महाराज श्रीभीमार्जुनदेव र उहाँको साथमा रही काम गर्ने…श्रीविष्णु-गुप्तले पछि हुने नेपालका राजाहरूलाई यथोचित सम्मान गरेर बाटो देखाउनुभएको छ……हामीले आश्चर्यको…(विष्णुको) मूर्ति बनाउन लायकको ढुङ्गा तान्नामा लाएका भृङ्गारग्रामका पाञ्चा-लिकहरूले…ठूलो खुशीले 'कशष्ठी' विष्टि (झारा) को भारी ल्याउने काम… …पस्न नपाउने गरी निगाह गरियो ।]

**"…परमभट्टारकमहाराजाधिराजश्रीशिवदेवः…समाज्ञापयति…अयङ्ग्रामः कोट्टमर्यादोपपन्नश्चाट-भटानामप्रावेश्येन झलन्दुविष्टया च विनिर्मुक्तः सतलशीताटीद्रङ्गनिवासिनां पालनोपभोगार्थं प्रसादीकृतः"**

(बलम्बुको अभिलेखबाट । नोलीद्वारा ७६ संख्याको रूपमा यो छापिएको छ ।)

[…परमभट्टारक महाराजाधिराज श्रीशिवदेवले…आज्ञा गर्नुभएको छ । कोट्ट (किल्ला) सम्बन्धी स्थितिबन्देजले युक्त भएको यो गाउँ चाटभटले पस्न नपाउने गरी, झलन्दु विष्टि (झारा) पनि माफ गरी तलसहितको शीताटी द्रङ्गमा बस्नेहरूलाई हेरचाह गर्न र भोगचलन गर्न पाउने गरी निगाह गरी दिइएको छ ।]

यी अभिलेखमा उल्लिखित 'कशष्ठी' 'झलन्दु' विष्टिका नाम संस्कृत भिन्न भाषाबाट रहेका हुन् भन्ने स्पष्ट छ ।

केवलपुरको भीमार्जुनदेव+जिष्णुगुप्तको अभिलेखमा✿ "दङ्खुट्टार्धादिकरणीयप्रतिमोच-नार्थम्=दङ्खुट्टार्धा आदि गर्नुपर्ने काम माफी गर्न" भन्ने उल्लेख परेको छ । दङ्खुट्टार्धा यो शब्द संस्कृतभाषाको होइन ।

---

❀यस विषयमा पछि भिन्नै निबन्धमा विचार गरिनेछ ।

✿यो अभिलेख योगी नरहरिनाथद्वारा तथा नोलीद्वारा प्रकाशित भएको छ।

सरकारद्वारा जिनिसको रूपमा उठाइने एक किसिमको करलाई 'वस्तु' भनिन्थ्यो । यस्ता 'वस्तु'हरूको नाम पनि संस्कृतभिन्न भाषाबाट रहेका देखिन्छन् । उदाहरणार्थ सांगाको अंशुवर्माको अभिलेखको अलिकता अंश यहाँ उद्धृत गरिन्छ—

**"....श्रीमहासामन्तांशुवर्मा...शङ्गाग्रामनिवासिनः कुटुम्बिनः प्रधानपुरस्सरान् कुशलमाभाष्य समाज्ञापयति...अस्माभिः हाह्मुं वस्तु द्वादश तैलघटाः कूह्मुं वस्तु च पञ्च भवतामपीडाकरमित्यवगम्य युष्मत्पीडापनोदार्थमद्याग्रेण प्रतिमुक्तास्तदेवमवसाय नातः परेणैतद्वस्तु तैलङ्कस्यचिद् देयं... ...तैल्यशालासु करणीयं...धिकरणविवर्जितानि"**

('पूर्णिमा' ७ पूर्णाङ्कका ९–१० पृष्ठ हेर्नुहोस् ।)

[...श्रीमहासामन्त अंशुवर्माले शङ्गा (सांगा) गाउँमा बस्ने मुखियालगायत गृहस्थीलाई कुशल मङ्गल सोधेर आज्ञा गर्नुभएको छ । तिमीहरूको मर्का बुझेर हामीबाट 'हाह्मुं' वस्तु, तेलका बान्ह घडा, 'कह्मुं' वस्तु पाँच तिमीहरूको सुबिधाको लागि आजदेखि माफी गरिएको छ । यो कुरा बुझेर अबदेखि यी वस्तु र तेल कसैलाई बुझाउनुपर्दैन ।...तैल्यशाला (कोल)मा गर्नुपर्ने काम...अड्डाबाट छुटाइएका छन् ।]

तैल्यशाला (कोल)को प्रसङ्गमा आएको 'हाह्मुं' वस्तु 'तिल' हो कि भन्ने बुझिन्छ । नेवारी भाषामा तिललाई अहिले 'हामो' भनिन्छ ।

अंशुवर्माको हाँडिगाउँको अभिलेखमा राजदरबारका कर्मचारीको प्रसङ्गमा "धावकगेच्छिम्जाकस्य पु ३ प १=गेच्छिम्जाक भन्ने धावक (हल्करा)लाई तीन पुराण एक पण दिनू" भन्ने उल्लेख आएको छ§ । संस्कृतभिन्न 'गेच्छिम्जाक' यो पद विचारणीय छ । यसै गरी नक्साल नारायणचौरको अभिलेखमा 'रोगमाचौ दौवारिक, सिन्द्रिर दौवारिकको उल्लेख आएको छ❁ ।

यस प्रकरणमा अब नेपालउपत्यका र आसपासका बस्ती, खोलानाला, पहाड आदिका नामबारेमा पनि विचार गर्नु आवश्यक छ । लिच्छविकालका अभिलेखहरू केलाई हेर्दा असी प्रतिशतभन्दा बढी स्थानादिको नामकरण संस्कृतभिन्न तात्कालिक जनभाषाबाट भएको देखिन्छ । अभिलेखका उद्धरणसहित विचार गर्दा विस्तृत हुने हुनाले यहाँ यस विषयको चर्चा संक्षेपमा मात्र गरिन्छ ।

मानदेवको चाँगुको अभिलेखमा –खकम्प्रिङ, दोम्मान प्रदेशको उल्लेख आएको छ❥ ।

---

§यो अभिलेख लेभीद्वारा १३ संख्याको रूपमा, नोलीद्वारा ३५ संख्याको रूपमा छापिएको छ ।

❁'पूर्णिमा' १६ पूर्णाङ्कको ३६१ पृष्ठ हेर्नुहोस् ।

❥नोलीद्वारा २ सख्याको रूपमा यो छापिएको छ । तर नोलीले छपाएको पाठमा यी ठाउँका नाउँ परेका छैनन् । मूलबाटै यी नाउँ पढिएका हुन् । यस स्तम्भलेखको लिपि, आकार प्रकारबाट मानदेवको प्रसिद्ध स्तम्भलेखकै यो खण्डित अंश हो भन्ने देखिन्छ । (पूर्णिमा ८ पूर्णाङ्कको ७ पृष्ठ हेर्नुहोस् ।)

मानदेवको पालाका देउपाटनका रत्नसङ्घका दुइ अभिलेखमा❁ दुंलङ्ग्राम, खोपृङ्ग्राम, दुंप्रङ्ग्राम, ह्रास्प्रिङ्ग्राम, यूपग्राम, विलिविक्ष, वेम्मा, खैनष्पु प्रदेशको तथा प्रङ्प्रिङ्, मैशिङ्, वोतवोरुषो, सीताटी, जोल्प्रिङ, प्रयिट्रिखा प्रदेशको उल्लेख परेको छ ।

यसै गरी वसन्तदेवको थानकोटको अभिलेखमा ब्ंङ्ब्ं गुल्मुं तेपुल, थेञ्चोको उल्लेख आएको छ§ । गणदेवको चौकिटारको अभिलेखमा टेग्वल् ग्रामको उल्लेख आएको छ* । शिवदेव+अंशुवर्माका भक्तपुर गोलमाढीटोलको अभिलेखमा† माखोम्प्रिमूको, भक्तपुर तुलाछें टोलको अभिलेखमा ▱ खिपृङ्ग्रामको, बूढानीलकण्ठको अभिलेखमा⊙ आङ्लाबकसपिता, नरसिंहको, सतुङ्गलको अभिलेखमा ↗ कादुङ्ग्रामको, खोपासीको◐ अभिलेखमा कुर्प्पासीको, चाँगुको अभिलेखमा ÷ गुङ्दीमक ग्रामको, प्रोम्झंबु प्रोङ् निप्रङ् प्रोङ् प्रोवाङ् आदि स्थानको उल्लेख परेको छ । यसै गरी अरू अभिलेखमा पनि संस्कृतभिन्न भाषाबाट नामकरण भएका स्थानको उल्लेख पाइन्छ ।

अब खोलानाला पोखरी कुलो सोतो आदिका नामबारे अलिकता विचार गरौं । शिवदेव+अंशुवर्माको चाँगुको अभिलेखमा बुर्दुम्बादुल् नदीको, टोखाको अभिलेखमा❀ ज्ञातिखून् नदीको, द्वितीय शिवदेवको का. इ. लगनको अखिलेखमा तेङ्खुको उल्लेख परेको छ★ । उपर्युक्त चाँगुको अभिलेखमा उद्लमलक सेतु, रिप्शिङ्को सेतुको उल्लेख परेको छ । चाँगुको उक्त अभिलेखमा विह्लिङ्को स्रोत (सोतो) को, पशुपति वज्रघरको अभिलेखमा△ फंशिन्प्रल् स्रोतको, बलम्बुको

---

❁संवत् ३९९ को अभिलेख नोलीद्वारा ६ सङ्ख्याको रूपमा छापिएको छ । केही थपी हामीले पनि इतिहास–संशोधनको प्रमाणप्रमेयको २६४ पृष्ठमा यो छापिएका छौं । अर्को अभिलेख नोलीद्वारा १० संख्याको रूपमा छापिएको छ । वीरपुस्तकालयमा रहेको यसको प्रतिलिपिबाट अहिले अलि बढी पाठ पढ्न सकिएको छ । यसबाट यो अभिलेख पनि रत्नसङ्घकै हो भन्ने थाहा पाइन्छ ।

§ 'पूणिमा १४ पूर्णाङ्कको १२६ पृष्ठ हेर्नुहोस् ।

* नोलीद्वारा १९ संख्याको रूपमा यो छापिएको छ ।

† बेण्डालद्वारा १ संख्याको रूपभा, नोलीद्वारा २४ संख्याको रूपमा यो छापिएको छ ।

▱ लेभीद्वारा ९ संख्याको रूपमा, नोलीद्वारा २५ संख्याको रूपमा यो छापिएको छ ।

⊙ भगवान्लालद्वारा ५ सख्याको रूपमा, नोलीद्वारा २७ संख्याको रूपमा यो छापिएको छ ।

↗ नोलीद्वारा २८ संख्याको रूपमा यो छापिएको छ ।

◐ लेभीद्वारा १२ सख्याको रूपमा, नोलीद्वारा ३१ संख्याको रूपमा यो छापिएको छ ।

÷ नोलीद्वारा ३४ संख्याको रूपमा यो छापिएको छ ।

❀ लेभीद्वारा २९ संख्याको रूपमा, यो नोलीद्वारा २९ संख्याको रूपमा यो छापिएको छ ।

★ 'पूर्णिमा' १४ पूर्णाङ्कको १२२ पृष्ठ हेर्नुहोस् ।

△ 'पूर्णिमा' १४ पूर्णाङ्कका ११९–२१ पृष्ठ हेर्नुहोस् ।

अभिलेखमा● लुल्जुस्रोतको उल्लेख परेको छ । बलम्बुको अर्को अभिलेखमा❀ कंशुखान खातक (पोखरी), ओस्थणं खातकको उल्लेख पाइन्छ । वज्रघरको अभिलेखमा मेकण्डीदुल् तिलमक (कुलो)को, लगनको अभिलेखमा चिशिमण्डा तिलमकको उल्लेख आएको छ ।

यसै गरी थानकोटको अभिलेखमा डाँडोको नाम पहुञ्चो, लुम्बचो भन्ने आएको छ । फर्पिङको अभिलेखमा† मिंदिचो, खाह्निचो, ब्रेम्गुंचो, मोगुंचो आदि उल्लेख आएको छ ।

यस्ता उदारहण अनेक दिन सकिन्छ । तर यस प्रसङ्गमा यति उद्धरण नै विचार गर्न पर्याप्त छ । माथि उद्धृत दुंलङ दुंप्रङ ह्यस्प्रिङ प्रङप्रिङ मैशिङ जोलिप्रङ प्रोम्झंबु प्रोङनिप्रङ प्रोङप्रोवाङ आदि स्थानका नामहरू किरातपरिवारका भाषाका हुन् भन्ने कुरा सामान्य ज्ञानकै भरमा पनि भन्न सकिन्छ । हुनत भाषाशास्त्रको दृष्टिले राम्ररी अध्ययन गरी यी शब्दको अर्थ-निर्धारण नगरेसम्म निश्चित रूपमा बोल्नु अलि गाह्रो छ । तैपनि लामो कालसम्म यहाँ किरातहरूको शासन चल्यो भन्ने अनुश्रुति चलेर आइरहेको र यहाँका असी प्रतिशतभन्दा बढी स्थानका नामहरू किरातपरिवारका भाषासंग मिल्ने पाइएका हुनाले यी नामहरू किरातकालमै रहिसकेका थिए भनी अनुमान गर्ने पर्याप्त आधार देखिन्छ ।

पहिलेदेखि प्रचलित भइसकेका हुनाले पछि यी नामहरू फेरे व्यवहार नचल्ने हुनाले यी नामहरू फेर्ने कुरै थिएन । यसो हुनाले किरातकालमै रहिसकेका यी नामहरू लिच्छविकालमा पनि कायमै रहे । यिनमा खोपृङ=खोप (भक्तपुर), कुर्पासी (खोपासी), शङ्गा (सांगा), तेग्वल (त्यागल), तेङ्खु (टेकु) आदि अनेक नाम अहिलेसम्म कायमै छन् ।

ठाउँ खोलानाला आदिका नाम जस्तै किरात राजाहरूको शासनकालमै कायम भइसकेका उपर्युक्त कुथेर, शुली, लिङ्ग्वल माप्चोक अधिकरण र कर विष्टि वस्तु आदिका नाम लिच्छवि शासकहरूले फेर्नु उचित संझेनन् । यसो हुनाले संस्कृतभाषालाई राष्ट्रभाषा बनाई यावत् कुरा संस्कृतमै लेखाए तापनि पूर्वप्रचलित यी नामहरू लिच्छवि शासकहरूले पूर्ववत् नै लिएको देखिन्छ ।

यति कुराबाट लिच्छविकालको शासनव्यवस्थाको केही आधार किरातकालमै कायम भइसकेको थियो भन्ने देखिन आएको छ तथा लिच्छविभन्दा पहिले यहाँ किरातहरूको शासन चलेको थियो भन्ने अनुश्रुतिलाई यस कुराले निकै अंशमा पुष्टि गरेको छ । विधिवत् उत्खनन आदिद्वारा अन्वेषण–परम्परा बसाउन सके प्रामाणिक रूपमा यस कुराको पुष्टि हुने आशा लिन सकिन्छ ।

---

● नोलीद्वारा ७६ संख्याको रूपमा यो छापिएको छ ।

❀ नोलीद्वारा ५५ संख्याको रूपमा यो छापिएको छ ।

† अभिलेख-संग्रह ९ भागका १९–२० पृष्ठमा यो छापिएको छ ।

(क्रमागत)

# ठ्यासफुको ऐतिहासिक व्याख्या

*—गौतमवज्र वज्राचार्य*

## चौतारा अनन्तसिंह भा, चौतारा वंशीधर कुह्मर तथा चौतारा झगल ठाकुर

**"ने. सं. ८३२ (वि. सं. १७६९) आषाढ शुक्ल तृतीयाउप्रान्त चतुर्थी अश्लेषाउप्रान्त मघा नक्षत्र बृहस्पतिवारको दिन[1] चौतारा (प्रधानमन्त्री) अनन्तसिंह प्रमानले पशुपतिको नैरृत कुनामा शिवलिङ्ग स्थापना गरे ।**

[यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३३ पृ. ३०–३१ पङ्क्तिमा छ ।]

**"ने. सं. ८३३ (वि. सं. १७७०) आषाढ कृष्ण सप्तमी रेवती नक्षत्र सुकर्मा योग शुक्रबारको दिन[2] श्रीवंशीधर कुह्मरज्यूलाई मूलचोकमा चौतारा (प्रधानमन्त्री)को पगरी दिइयो । मोतीको माला सुनका बाला ताशको एक जोर लुगा पनि दिइयो ।**

[यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३४ पृ. २५–२६ पङ्क्तिमा छ ।]

भास्कर मल्लको राज्यकालमा चौतारा (प्रधानमन्त्री)को पदमा पुगेका अनन्तसिंह तथा वंशीधर यी दुवै व्यक्तिको उल्लेख अन्त कतै देखिएको छैन । वि. सं. १७६९, १७७० मा भास्कर मल्ल १६,१७, वर्षको उमेरका थिए[3] । त्यस वेला उनकी आमा भुवनलक्ष्मी

---

१. यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८३२ (वि. सं. १७६९) आषाढ शुक्ल

| गते | | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|---|
| आषाढ | २८ | बृहस्पति | तृतीया | ६।५० | अश्लेषा | ०।१९ |

२. यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८३३ (वि. सं १७७०) आषाढ कृष्ण

| गते | | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| श्रावण | ३ | शुक्र | सप्तमी | २७।३ | रेवती | ४४।१९ | सुकर्मा | ४८।१२ |

३. ऐतिहासिक पत्रसंगृह दोस्रो भागको ४७ पृ. हेर्नुहोस् ।

पू० फ० २.

जीवित थिइन्[1] ।

भास्करमल्लको शासनकालमा नेपालखाल्डोमा आएका डेसिडेरी नामक एकजना पादरीले आफ्नो भ्रमणवृत्तान्तमा भास्कर मल्ल केटाकेटीमै राजा भएका हुनाले उनकी आमा र मन्त्रीहरूको हातमा राज्यको सारा अधिकार थियो । पछि भास्कर मल्ल ठूला भएपछि आमासंग र आमाका सहयोगीहरूसँग उनको वैमनस्य भयो भनी लेखेका छन् । त्यहाँ यस्तो वर्णन गरिएको छ—

"काठमाडौंका वर्तमान राजा (भास्कर मल्ल) राजगद्दीमा बस्दा केटाकेटी नै थिए । यसैले त्यस वेला उनका आमा मन्त्री र भारदारहरूले राज्यकोष मासे । उमेर पुगेपछि राजाले यी सबै कुरा थाहा पाएर रानी (आफ्नी आमा)लाई थुने, उनका मतियारहरूलाई सजाय गरे ।" ('याँन् अकाउन्ट् अफ् तिबेट्' को ३१३ पृष्ठबाट । इप्पोलिटो डेसिडेरीले आफ्नो भ्रमण-वृत्तान्त इटाली भाषामा लेखेका थिए । इटाली भाषाको सो पुस्तक धेरै वर्षपछि वि. सं. १९६१ मा प्रकाश भयो । सो पुस्तकको अंग्रेजी अनुवाद वि. सं. १९८९ मा फिलिप्पो डे फिलिप्पीद्वारा सम्पादित भई निस्क्यो । सो अंग्रेजी पुस्तकको नेपाली अनुवादको अंश यो हो ।)

डेसिडेरीको यस वर्णनबाट भास्कर मल्ल ठूला भएपछि आमासँग कलह भएको हुनाले उनले आमालाई र उनका सहयोगीहरूलाई ढुकटी मासेको आरोप लगाई थुने भन्ने हल्ला चलेको रहेछ भन्ने बुझिन्छ ।

यस ठ्यासफुमा र अरू ऐतिहासिक सामानहरूमा आमा भुवनलक्ष्मी र छोरा भास्करमल्लको परस्परमा कलह भएको कुराको चर्चा कतै देखिएको छैन । परन्तु एकथरी भारदारहरूसँग भास्कर मल्ल अतिशय क्रुद्ध थिए भन्ने कुरा ठ्यासफुको निम्नलिखित अंशले बुझाउँछ—

---

**१. सम्वत् ८३४ पौषवदि ९ कुन्हु मकसंकान्तिकुन्हु वज्रयोगिनिस…श्री २ भुवनलक्ष्मी-राजपत्नीन कीया याक, वन्देन होमाचन संकल्पया वाक्य उपाध्या ।**

(देवहर्ष वज्राचार्यको संगृहमा रहेको टिपौटे कागतबाट)

[ने. सं. ८३४ (वि. सं. १७७०) पौषकृष्ण नवमी मकरसंक्रान्ति (माघे संक्रान्तिको) दिन वज्रयोगिनीमा श्री २ भुवनलक्ष्मी महारानीले पूजा गर्नुभयो । बाँडाले होम गरे । उपाध्यायले संकल्प वाक्य पढे ।]

यस दिनको गणना यस प्रकारको छ—

ने. स. ८३४ (वि. स. १७७०) पौष कृष्ण

| गते | वार | तिथि | घ. प. |
|---|---|---|---|
| माघ १ | बुध | नवमी | २२।४४ |

**ने. सं. ८३४ (वि. सं. १७७१) अधिक आषाढ कृष्ण षष्ठी मङ्गलवारको दिन[१] अन्तसिह भाको मृत्यु भयो । यस भन्दा पन्ध्र सोह्र दिन अघि राजा (भास्कर मल्ल)ले हात्ती चढेर गई हात्तीद्वारा अन्तसिहको बगैंचाको परखाल रुख भताभुङ्ग पार्न लगाई सारा बगैंचा बिगार्न लाउनुभयो, बगैंचाका सारा फूलका बिरुवा राजदरबार लगिए।"**

[यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३५ पृ. २५–२७ पङ्क्तिमा छ ।]

यताबाट सबै कुरा खुल्दैन तापनि भास्कर मल्ल भारदार अन्तसिहसँग निकै रिसाएका थिए भन्ने कुरा स्पष्ट हुन्छ । यी अन्तसिह भा वि. सं. १७६९ मा चौतारा पदमा रहेका अनन्तसिह प्रमान नै हुन् कि जस्तो लाग्छ ।

यहाँ वंशीधर कुह्मरले चौतारापदको पगरी पाउँदा मोतीको माला सुनका बाला र ताशको एक जोर लुगासमेत पाएको वर्णन गरिएको छ । यताबाट यस वेला प्रधानमन्त्रीले लाउने राजकीय पोशाकको विषयमा थाहा हुन्छ । पार्थिवेन्द्रको मृत्यु हुँदा बालक राजा भूपालेन्द्रलाई गद्दीमा राखी शासन गरिरहेका चौतारा लक्ष्मीनारायणलाई उनका विरोधी खसहरूले हमला गरी मारी उनको हात काटी उनले लाइराखेको सुनको बाला खोसेर लिएको वर्णनबाट पनि यस कुराको पुष्टि हुन्छ[२] ।

वंशीधर कुह्मर चौतारा पदमा धेरै समयसम्म रहन पाएनन् । चौतारा पद पाएको दुइ महीना पनि पूरा नहुँदै उनी खोसिए। उनको पदमा झगल ठाकुर नियुक्त भए । यस घटनाको वर्णन ठ्यासफुमा यसरी गरिएको छ—

**"ने. सं. ८३३ (वि. सं. १७७०) भाद्र कृष्ण तृतीया रेवती नक्षत्र बृहस्पतिवारको दिन[३] श्रीझगल ठाकुरज्यूलाई मूलचोकमा चौतारा (प्रधानमन्त्री)को पगरी दिइयो । यसभन्दा ६ दिनअगाडि सुनका बाला लाइदिइयो, ताशको लुगा र मोतीको माला दिइयो । बिर्ता पनि दिइयो । पाटनका**

---

१. यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८३४ (वि. सं. १७७१) अधिक आषाढ कृष्ण

| गते | वार | तिथि | घ. प. |
|---|---|---|---|
| आषाढ २३ | मङ्गल | षष्ठी | १२।२९ |

२. इतिहास–संशोधनको प्रमाणप्रमेयको २७७,२८० पृष्ठ हेर्नुहोस् ।

३. यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८३३ (वि. सं. १७७०) भाद्र कृष्ण

| | गते | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. |
|---|---|---|---|---|---|---|
| भाद्र | २६ | बृहस्पति | तृतीया | २६।१७ | रेवती | २२।४१ |

**राजा र भादगाउँका राजा पाल्नुभयो । पाटन भक्तपुर दुवै देशका राजाले झगल ठाकुरलाई मोतीको एकएकवटा माला दिनुभयो । श्रीवंशीधर कुह्मरलाई खोसेर झगल ठाकुरलाई चौताराको पगरी दिइएको हो ।"**

[यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३४ पृ. २९–३२ पङ्क्तिमा छ ।]

## भास्कर मल्लको गोसाइँकुण्डयात्राय

**"ने सं. ८३४ (वि. सं. १७७०) कार्तिक शुक्ल द्वितीया शनैश्चरवारको दिन[1] राती श्रीश्रीजयभास्कर मल्ल राजा गोसाइँकुण्ड जान परमेश्वरहिटीमा प्रस्थान गरी बस्नुभयो । यसको तीन दिनपछि चौथीको दिन धर्मथलीमा पुग्नुभयो । कार्तिक कृष्ण नवमीको दिन फर्कनुभयो ।"**

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३५ पृ. १-३ पङ्क्तिमा छ ।)

गोसाइँकुण्ड कान्तिपुर राज्यमा पर्ने प्रसिद्ध तीर्थमध्ये थियो । पहिलेदेखि मल्ल राजाहरू बराबर गोसाइंकुण्डमा स्नान गर्न जान्थे । यक्ष मल्ल, पार्थिवेन्द्र, महीपतेन्द्र भूपालेन्द्रहरूलेगोसाइँ कुण्डमा यात्रा गर्न गएको वर्णन पाइन्छ[2] । खाल्डोभन्दा बाहिरका व्यक्तिहरू पनि गोसाइँकुण्डमा स्नान गर्न बराबर जाने गर्थे । पृथ्वीनारायणको उपदेशमा उनका मामाज्यू गोसाइँकुण्ड गएर आएको कुरा परेको छ[3] ।

## भास्कर मल्लको पुत्रजन्म

**ने. सं. ८३४ (वि. सं. १७७०) पौषशुक्ल पूर्णिमा आदित्यवारको दिन[4] श्री २ भास्कर मल्ल राजा मयाहो (?) मा स्नान गर्न भनी धर्मथलीमा प्रस्थान गर्नुभयो । यसको दुइ दिनपछि राजाको…।**

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३५ पृ. ६–७ पङ्क्तिमा छ ।)

---

१. यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८३४ (वि. सं. १७७०) कार्तिक शुक्ल

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| कार्तिक | ९ | शनैश्चर | द्वितीया | २९।४६ |

२. पूर्णिमा ३ पूर्णाङ्कका ४२–४३ पृष्ठ हेर्नुहोस् ।

३. **"मामाज्यू पनि निलकंठ पसुपतिको दर्सनलाई देउघाटको बाटो गरि जानुभयाको रहेछ."**

४. यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८३४ (वि. सं. १७७०) पौष शुक्ल

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| पौष | २१ | आदित्य | पूर्णिमा | ४६ । २ |

**"ने सं. ८३४ (वि. सं. १७७०) पौष कृष्ण एकादशीउप्रान्त द्वादशी अनुराधा नक्षत्र गण्डउप्रान्त वृद्धियोग शुक्रवारको दिन[1] २३ घडी ० पला मिथुन लग्न कुम्भनवांश दोस्रो द्रेष्काणमा श्रीश्रीभास्कर मल्लदेवको विवाहिता रानीबाट पहिलो छोराको जन्म भयो ।"**

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३५ पृ. १२–१७ पङ्क्तिमा छ ।)

**पुत्रजन्मको खबर पाई ने. सं. ८३४ (वि. सं. १७७०) माघ शुक्ल प्रतिपदा बुधवारको दिन[2] भास्कर मल्ल फर्कनुभयो । यस दिन श्री ३ चाँगुनारायण ल्याइनुभयो, देवताको स्वागत गर्न राजा जानुभएन, राजमाता मात्र जानुभयो ।**

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३५ पृ. ८–९ पङ्क्तिमा छ ।)

**ने. सं. ८३४ (वि. सं. १७७०) चैत्र शुक्ल पूर्णिमा शनैश्चरवारको दिन[3] श्री २ भास्कर मल्ल महाराजका छोराको केही पनि रोग नलागीकन मृत्यु भयो ।**

(यसको मूलभाग पूर्णिमा १२ पूर्णाङ्क ३५ पृ. २३–२४ पङ्क्तिमा छ ।)

यहाँ भास्कर मल्ल तीर्थस्नान गर्न गइरहेको समयमा वि. सं. १७७० पौषमा विवाहिता रानीतर्फबाट उनको पुत्रजन्म भएको र तीन महीना पनि नपुग्दै राजपुत्रको मृत्यु भएको कुरा लेखिएको छ । देवहर्ष वज्राचार्यको संगूहमा रहेको एउटा टिपौटे कागतमा पनि यस घटनाको वर्णन यसरी गरिएको छ—

**"सम्वत् ८३४ पौषवदि ११ कुन्हु अनुराढा नक्षत्र सुक्रवाल थ्वकुन्हु श्री २ भास्कर मल्ल महाराजाया प्रजाया महाभागेस श्री २ सावजु जात जुव दिं । थ्व नेकुन्हु श्री २ भास्कर मल्ल फलूंफलन लिहा बिज्याक दिं ।···चैत्र शुदि पूनिसि कुन्हु साहेवजु अभाग जुओ दिन जुलो सम्वत् ८३४ ।"**

---

१. यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८३४ (वि. सं १७७०) पौष कृष्ण

| गते | | वार | तिथि | घ. प. | नक्षत्र | घ. प. | योग | घ. प. |
|---|---|---|---|---|---|---|---|---|
| माघ | ३ | शुक्र | एकादशी | २२।१ | अनुराधा | ५२।३६ | गण्ड | ६।२३ |

२. यस दिनको गणना यस [प्रकारको छ—

ने. सं. ८३४ (वि. सं. १७७०) माघ शुक्ल

| गते | | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| माघ | ८ | बुध | प्रतिपदा | २।७ |

३. यस दिनको गणना यस प्रकारको छ—

ने. सं. ८३४ (वि. सं. १७७०) चैत्र शुक्ल

| गते | | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| चैत्र | २२ | शनैश्चर | पूर्णिमा | ७।२६ |

[ने. सं. ८३४ (वि. सं. १७७०) पौष कृष्ण एकादशी अनुराधा नक्षत्र शुक्रवारको दिन प्रजाको ठूलो भाग्यले गर्दा श्री २ भास्कर मल्लको राजकुमारको जन्म भयो । यो खबर सुन्नुभएको दिनमा भास्कर मल्ल फनुफल (?) बाट फर्कनुभयो।…ने. सं. ८३४ (वि. सं. १७७०) चैत्रशुक्ल पूर्णिमाको दिन राजकुमारको मृत्यु भयो ।]

यहाँ दिइएका तिथिमिति, ठ्यासफुले दिएका तिथिमितिसँग ट्वाक्कै मिल्न आएका हुनाले दुइटै ऐतिहासिक सामानको प्रामाणिकतामा पुष्टि भएको छ ।

ठ्यासफुमा भास्करमल्लका बालक छोरा केही पनि रोग नलागीकन अकस्मात् मरेको वर्णन गरिएको छ । डेसिडेरीले यस विषयमा यस्तो सुनेका थिए—

**"भास्कर मल्लका बडा महारानीतर्फबाट पुत्रजन्म भयो । त्यो थाहा पाई उत्तराधिकारीको अब टुङ्गो लाग्यो भन्ने विचार गरेर नेवारहरूले राजा भास्कर मल्ललाई मार्न जाल गरिरहेका थिए। राजाले त्यो सानो बालकलाई मार्न हुकुम दिए। त्यसपछि उनले फेरि अर्को छोरा होला भन्ने डरले बडामहारानीसँग सहवास कहिल्यै गरेनन् ।"**

(यॉन् अकाउन्ट् अफ् तिबेट्को ३१३ पृष्ठबाट)

यताबाट राजा भास्कर मल्लले आफ्ना बालक छोरालाई मार्न लाए भन्ने हल्ला डेसिडेरीले सुनेका रहेछन् भन्ने बुझिनाले रोग नलागीकन बालकको अकस्मात् मृत्यु भयो भन्ने ठ्यासफुको वाक्यले कुनै रहस्यलाई संकेत गर्दछ भन्ने बुझिन्छ । परन्तु निश्चयात्मक अरू कुनै प्रमाण नपाइएसम्म तथ्य घटना के हो बुझ्न सकिंदैन ।

[यस निबन्धमा परेका तिथिमितिको गणना देवीप्रसाद भण्डारीले गरिदिनुभएको हो ।]

# ऐतिहासिक शिरोमणि श्रीबाबुराम आचार्यज्यूसंग प्रार्थना

*—शङ्करमान राजवंशी*

राज्यच्युत भई यताउति लरखरिएका जयप्रकाश मल्लले पछि फेरि मौका पारी कान्तिपुर प्रवेश गरेको विषयमा ऐ. शि. बाबुराम आचार्यज्यूले यस्तो लेख्नुभएको छ—

"कान्तिपुरको राजनैतिक अवस्था पनि दिनपरदिन बिग्रँदै गएको थियो। रानी जयलक्ष्मीका प्रियपात्र भएर गरुडसिंह भँडेल राजदरबारमा हर्ताकर्ता भएका हुनाले राजधानीका वासिन्दाहरूमात्र होइनन् तौढिक पनि दिक्क थिए। यस अवस्थामा कीर्तिपुर इलाकाका जनतालाई हात लिएर

कान्तिपुरको प्रशासनयन्त्र भत्काई त्यहाँको प्रशासन आफ्नो हातमा लिने उद्योगमा जयप्रकाशमल्ल लागे ।.........उस समयमा ललितपुरका ठकुराइभित्रको कीर्तिपुरका वरिपरि घना जंगल रहेको हुनाले त्यहाँ गोप्य तवरसंग सैनिक संकलन हुन सक्तथ्यो । यस कारण त्यो जङ्गल रक्षा गर्ने बहाना गरी राज्यप्रकाश मल्लले एक आज्ञा–पत्र निकालेर (१७ मार्च, १७५०) जङ्गलभित्र बाहिरिया मानिस पस्न नपाउने गराइदिएका हुनाले जयप्रकाश मल्ल त्यहीं सरेर तौढिकको विरूद्ध आक्रमण गर्ने सुरसार गर्न लागे । कीर्तिपुरका निवासी ज्यादा जसो शिल्पकार शाक्य र कृषकडंगोल थिए। शाक्यहरूबाट ता हतियार भिर्ने काम हुँदैनथ्यो, कृषक डंगोलबाट हुन्थ्यो । तर कीर्तिपुरका इलाकामा परेका थानकोट, सतंगोल र बलम्बुतिरका राजकर्मचारी भएका मानिसहरू र कृषक भइरहेका डंगोल पनि हतियार लिएर अघि सर्नसक्तथे । संभवत: यिनीहरूलाई नै सैनिक बनाएर कीर्तिपुरमा गोप्य तवरले संकलन गरी जयप्रकाश मल्लले आफै सेनापति भई कीर्तिपुरबाट रवाना भई विष्णुमती तर्दानतर्दा गरुडसिंह भँडेल भागेर नुवाकोट-तिर लागे र राजदरबारमा खलबली मच्चियो । कान्तिपुरका निवासीहरूले पनि स्वागत गर्दा विना रक्तपातसंग जयप्रकाश मल्लले राजदरबारमा प्रवेश गरे (३० अप्रिल १७५०) ।

[श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी दोस्रो भागका २८८–२८९ पृष्ठ]

जयप्रकाश मल्लले कीर्तिपुरमा आफ्नो किल्ला बनाएका थिए भन्ने विषयमा ऐ. शि. ज्यूले दिनुभएको प्रमाण—

"जयप्रकाश मल्लले भगवती वन (कमल वनका चेला)लाई कीर्तिपुर–मुकामबाट लेखेको पत्र पनि नुवाकोटका धामीसंग रहेछ । यसको प्रतिलिपि यस प्रकारको छ:

श्री ३ पशुपतिर्जयति

स्वस्ति श्री मत्पशुपति चरणकमलेत्यादि श्रीमन्महाराजाधिराजा श्रीश्री जयप्रकाश मल्लदेवानां सदा समरविर्यिनाम् श्रीभगवतिवन गोसाइको नमोनारायण वाचना आगे इहा हमारे कुशल आनन्द है उहा आपका कुशल आनन्द हमेशा चाहितौ वहुत षातिर्जाहै आगे हकीगत सब भलीहै आपका पाश गुदरवानको भेजाहै जो गुदरवाना कहे सोआपने प्रमान मानना कहा जो करना तुमारे चार भाइ वंधुहै और वन पंथ सो लेर आउना बावा गुदर कहै सो जिनीश समेत आउना आपहे सो कमलवन गोशाइका चेले हौ सोमेरा अतीत हौ कौनै वातमो अविश्वास नमानना वहुत क्या लेषए आप सज्ञान हौ मु. कीर्तिपुर

[श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायणशाहको संक्षिप्त जीवनी दोस्रो भागको ३०५ पृष्ठ ]

वि. सं. २०२३ मार्ग पौषमा श्री ५ को सरकार पुरातत्त्व विभागले प. १ नम्बर धैबुङमा रहेको जयमङ्गल पौडेलकी पत्नीको अभिलेखको उतार ल्याउन मलाई फोटोग्राफर सानुराजा

शाक्य र पियन धर्मरत्न वज्राचार्य साथ दिई खटाएको थियो[१] । यस यात्रामा नुवाकोटमा पाइएका अरू ऐतिहासिक सामान पनि खोजी गरी मैले ल्याएको थिएँ । ती सामानमध्ये कतिपय सामान पुरातत्त्व विभागमार्फत ऐ. शि. ज्यूले लिनुभएको थियो । तीमध्ये उहाँले माथि उद्धरण गर्नुभएको पत्र पनि परेको छ । सो पत्रको चित्रप्रतिलिपि पनि ल्याइएको थियो । मैले सो पत्र पुरातत्त्वविभागबाट हालसालै प्रकाशित प्राचीन नेपाल नामक पत्रिकाको दोस्रो अङ्कको १२ पृष्ठमा प्रकाश गरेको पनि छु । सो पत्रको शुद्ध पाठ यस प्रकारको छ–

श्री ३ पशुपतिर्जयति
नारायण

(१) स्वस्तिश्रीमत्पशुपतिचरणकमलेत्यादिश्रीमन्महाराजाधिरा–

(२) जश्रीश्रीजयजयप्रकाशमल्लदेवानां सदासमरविजयिनाम्

(३) श्रीभगवतिवन गोशांईको नमो·········बाचना आगे इ

(४) हा हमारे कुशल आनन्द हैं. उहा आपका कुशल आनन्द हमेशा

(५) चाहि. तौ वहुत षातिर्जमा रहै. आगे हकीगत सब भली है. आ

(५) पका पाश, गुदर बाबाको भेजा है. जो गुदर बाबा कहै सो आ

(७) पने प्रमान मानना, कहा जो करना, तुमारे चार भाई वंधु

(८) हैं. और बन पंथ सो लेर आउना । बाबा गुदर कहै. सो जि

(९) नीश समेत आउना, आप हैं. सो. कमलवन गोशाईका

(१०) चेले हौ. सो मेरा अतीत हौ, कौनै वातमो अविश्वास नमानना

(११) वहुत क्या लेषऐ. आप सज्ञान हौ. मु. कांतिपुर–


यहाँ मुकाम कान्तिपुर स्पष्ट छ । सन्देश नहोस् भन्नानिमित्त चित्रको प्रतिलिपि पनि दइएको छ[२] ।

यस कारण राज्यच्युत भएका जयप्रकाश मल्लले कीर्तिपुरमा किल्ला बनाएका थिए भन्ने कल्पनाको आधारै भासिन्छ । यस कारण यस विषयमा फेरि विचार होस् भनी विद्याप्रेमी ऐ. शि. ज्यू संग सविनय प्रार्थना गर्दछु ।

---

(१.) ऐ. शि. बाबुराम आचार्यज्यूले यो अभिलेखको उतार ल्याउन गराउनुभएको आदेशअनुसार पुरातत्त्वविभागले यो काम गरेको हो ।

२. पुरातत्त्वविभागको सौजन्यबाट यो पत्रको तस्वीर संशोधन–मण्डलले पाएको हो ।



*कान्तिपुरका राजा जयप्रकाश मल्लले भगवतिवन गोसाईलाई लेखेको पत्र*

(क्रमागत)

# श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू

## (ऐतिहासिक टिप्पणीसहित)

—*देवीप्रसाद भण्डारी*

पृथ्वीनारायण शाहले मनकामना, वक्रेश्वर महादेव र सिद्धको पूजाका निमित्त २०० मुरी माटो (५० रोपनी) खेत गूठ राखी वि. सं. १८२० वैशाख १८ गते बुधबारका दिन ताम्रपत्र गरिदिए ।

"श्रीशाके १६८५ वैशाष शुदि १५ रोज ४ स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवले वक्रांका शेराको वह्या खण्डको मुरि २०० लगापातशुद्धा षेत् श्रीमनकामना श्रीवकेश्वर महादेव श्रीसिद्धकन गूठ चह्रांजा. एस् षेतका धानमध्य श्रीमनकामनाकन रोजको ब्याहांन् माना १ अक्षता व्यांजुका मुठि ५ धूप वाति फूलपाति श्रीखण्ड रक्तचन्दन नैवेद्य श्रीवकेश्वरकन व्यांहांन मात्रै माना १ अक्षता धूप दीप वाति नैवेद्य ठुलादशैंमहां रांगो १ वोक्या १ श्रीसिद्धकन वोक्या १ वाह्रं १२ पूर्णिमाका वोक्या १२ चैत्यादशैंमाहां वोक्या १ प्रति वर्ष एवं गूठमध्य काम गर्नु. फिरि रोजको माना ४ धान् परेवाके आहारा गर्नु. यसै गूठमध्य ।। ।। एस् वातका साक्षि युवराज प्रतापसिंह शाहदेव संवत् १८२० शुभम् भूयात् ।"

{मनकामनाको ढोकामाथि टाँसिएको यो ताम्रपत्र इतिहास–प्रकाश १ अङ्कको ४८ पृष्ठमा र पृथ्वीनारायण शाहको उपदेशको ८५४ पृष्ठमा छापिएको छ ।}

"शाके १६८५ संवत् १८२० साल वैशाख शुदि १५ रोज ४ मा श्रीमनकामना, श्रीवकेश्वर, श्रीसिद्धलाई वक्रांशेराको वलाखण्ड मुरी २०० लग्गा यतिशुद्धा गूठ चढाया । रोज नित्य पूजा गर्नू । दशैंमा रांगा, बोका लगी बलि गर्नू । रोज रोज परेवालाई ४ माना धान खुवाउनू । पूर्णिमा प्रति बाह्रै महीनामा १।१ बोका भोग दिनू भनी लालमोहरको दानपत्र गरी गूठी चढाया ।"

(भाषावंशावलीबाट)

यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८२० (शाके १६८५) वैशाख शुक्ल

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| वैशाख | १८ | बुध | पूर्णिमा | ४० |

(पात्रोबाट)

## ऐतिहासिक टिप्पणी—

यो ताम्रपत्र पृथ्वीनारायण शाहले गोरखा भेकका प्रसिद्ध देवता मनकामना, वकेश्वर महादेव र सिद्ध (पीठ)हरूको नित्यपूजा तथा पर्वपर्वमा विशेष बलिपूजाको निमित्त २०० मुरी माटो अर्थात् ५० रोपनी खेतको लगापातसमेत गूठ राखी सो पूजा चलाउन गरिदिएका हुन् । यस ताम्रपत्रमा उल्लेख गरिएका संवत् र तिथि वारको गणना गरी हेर्दा र त्यसै सालको पञ्चाङ्गसंग भिडाई हेर्दा उक्त तिथि वारादि सबै मिल्न आउँछन् । यस ताम्रपत्रमा गूठीको आयस्ताबाट देवदेवीको नित्यपूजा गर्ने र पर्वपर्वमा विशेष पूजा गर्ने तथा प्रतिदिन परेवालाई आहारा खुवाउन ४ मानाका दरले धान छर्ने कुरा परेको छ ।

यो ताम्रपत्र गरिदिनुभन्दा ७ महीना जतिअघि (वि. सं. १८१९ आश्विन २२ गते[1]) मकवानपुरका राजा दिग्बन्धन सेन हरिहरपुरबाट भागेका हुनाले उनलाई पृथ्वीनारायण शाहले पक्रन सकेका थिएनन् । उनलाई नपक्रेसम्म पृथ्वीनारायण शाहलाई त्यस कुरामा चिन्ता छँदै थियो । उसमाथि लगत्तै (वि. सं. १८१९ पौष २७ गते[2]) बङ्गालका नवाब मीरकासिमको ठूलो फौज आई गोरखालीहरूले (वि. सं. १८१९ भाद्र ९ गते[3]) विजय गरेको मकवानपुरमा अकस्मात् आक्रमण गर्‍यो । यस वेला पृथ्वीनारायण शाहले लडाइँ गरी राज्य बढाउन थालेको १९।२० वर्ष भइसकेको थियो । त्यतिका वर्षसम्म लगातार भने जस्तै छिमेकी राजाहरूसंग लडाइँ गरी पृथ्वीनारायण शाहले गोरखा राज्यलाई बढाउँदै आएका थिए । लडाइँका मैदानमा दाउ खेली शत्रु हटाउने विषयमा विशेष अनुभव पृथ्वीनारायण शाहलाई थियो तापनि त्यतिञ्जेलसम्म शक्तिशाली विदेशी फौजसंग मुकाबिला गर्नुपरेको थिएन । छिमेकी सेन, मल्ल, शाह राजाहरूसँग लड्ने सैनिक शक्तिले मात्र बङ्गालका नवाब मीरकासिमको फौजसँग लड्नु गाह्रो थियो । केही गरी ती फौजसँग लड्दा हारियो भने आफ्नो राज्यको एक, दुइ प्रान्त मात्र जाँदैनथ्यो; वर्तमान नेपाल-राज्य नै जाने सम्भावना थियो । यस्तो खतरा थियो तापनि आफूले आर्जेको राज्य थाम्नाका निमित्त दृढतापूर्वक शत्रु हटाउने उद्योगमा पृथ्वीनारायण शाह लागे । आफ्नो बुद्धि र बलले भ्याएसम्मको उपाय उनले गर्न थाले । त्यस वेला मनकामना, वकेश्वर, सिद्धपीठ आदिलाई "यो नवाबको फौजलाई दमन गरी हटाउन सकें र मकवानपुर आदि प्रदेशमा आफ्नो अधिकार स्थिर गराउन सकें भने म नित्य पूजा र प्रत्येक पर्वमा बलि चढाउनाका निमित्त गूठ चढाउनेछु" भन्ने भाकल पृथ्वीनारायण शाहले गरेका हुनन् भन्ने कुरा यताबाट झल्कन आउँछ ।

पृथ्वीनारायण शाह इष्टदेवताहरूको अनुष्ठान पूजापाठ आदि काम आफ्ना मानिसहरूद्वारा गरि नै रहन्थे भन्ने कुराको पुष्टि वि. सं. १८२१ आश्विनमा उनले ज्ञानकर बाँडालाई लेखेको पत्र[4]को

१. पूर्णिमा चौथो वर्षका १४७-४९ पृष्ठ हेर्नुहोस् ।

२. पूर्णिमा चौथो वर्षका ३८२-८५ पृष्ठ हेर्नुहोस् ।

३. पूर्णिमा चौथो वर्षका १३-३३ हेर्नुहोस् ।

४. यो पत्रको सम्पूर्ण भाग अर्को अङ्कमा मितिक्रमले दिइनेछ ।

"उप्रान्त श्रीमनकामना वसुं कि इन्द्रायणीघाट वसु भनी विंति गरि पठाइछस्, तमा केहि कुरा भन्छ भन्या ताहि श्रीमनकामनामा नै बसेर माघसंम पश्चिमको कटक थाम्" यो वाक्यबाट पनि हुन्छ । पृथ्वीनारायण शाहले देवदेवीहरूमा आस्था राखी धार्मिक कृत्यउपर श्रद्धा गरेका, यस्ता उदाहरण अन्त पनि पाइन्छन् भन्ने कुरा पूर्णिमा ११ पूर्णाङ्कका २४–२६ पृष्ठमा परिसकेको छ ।

\+ + +

पृथ्वीनारायण शाहले नेपालखाल्डोदेखि पूर्व पनौतीतिरका प्रदेशमा आक्रमण गर्ने प्रबन्ध मिलाउन आफ्ना भारादार रामकृष्ण कुँवरलाई वि. सं. १८२० आषाढ २२ गते शनैश्चरवारका दिन पत्र लेखे[१] ।

**"पनौतिका भोटेहरूसँगको कुरो गर. साजाकोट जागीरको मोहर गरी पठाएको छ. त्यो मोहोर पनी लेउ. मिझान्याका भाई छोराका वलक पनी झिकी हाम्रो काम पुर्‍यापछि सये तिन सिक्का सुना चुरा घोडा सिरोपाउ वक्सौंला. हाम्रो यताबाट कमाउनेकन पनी बक्सौंला. काम पनि नजीक आयो. ताहा कुरा चाडो गर.**

**इति संवत् १८२० साल आषाढवदि ७ मुकाम नुवाकोट."**

[मिझान्याका=गाउंको थरी अथवा मुखियाका । वलक=चाडपर्वमा सौगातका रूपमा बुझाइने चीजबीज । सये तिन सिक्का=तीन सय रुपियाँ । सुन चुरा=सुनका बाला । सिरोपाउ=शिरदेखि पाउसम्म पहिरने लुगा र गहना । कमाउनेकन=शत्रुपक्षका मानिसलाई हात लिई आफ्ना पक्षमा मिलाउन सक्ने मानिसलाई]

**यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—**

**वि. सं. १८२० आषाढकृष्ण (पूर्णान्तिमानले)**

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| आषाढ | २२ | शनैश्चर | सप्तमी | ४५ |

**(पात्रोबाट)**

## ऐतिहासिक टिप्पणी—

यो पत्र पृथ्वीनारायण शाहले नुवाकोटबाट रामकृष्ण कुँवरलाई लेखेका हुन् । यस पत्रमा उल्लेख गरिएका संवत् र तिथि वारको गणना गर्दा र त्यसै सालको पञ्चाङ्गसँग भिडाई हेर्दा उक्त संवत्का तिथि वार सबै मिल्न आउँछन् । यस पत्रमा रामकृष्ण कुँवरलाई जागीरको लालमोहर पठाइदिएको कुरा र पनौतीका मुख्य मानिस (मिझार)हरूसँग सम्पर्क राखी त्यहाँका मिझारहरूद्वारा अरू मानिसहरूलाई आफ्ना पक्षमा ल्याई त्यतातिरको काम फत्ते भएपछि रामकृष्ण कुंवरलाई तथा आफ्ना पक्षमा सम्मिलित भई काम गरिदिने ती मुख्य मानिसहरूलाई समेत पुरस्कार दिउँला भन्ने कुरा परेको छ ।

---

१. यो पत्र ऐ. शि. बाबुराम आचार्यबाट प्राप्त भएको हो ।

वि. सं. १८१८ ज्येष्ठ ३० गते नेपालखाल्डोदेखि पूर्वतिर चौकोट विजय भएपछि[1] त्यसतर्फको युद्ध बन्द गरी पृथ्वीनारायण शाह दक्षिण (मकवानपुर) तिरको युद्धमा लागेका थिए। वि. सं. १८१९ भाद्र ९ गतेको आक्रमणले मकवानपुर, आश्विन २ गतेको आक्रमणले पूर्व तिमालकोट, आश्विन ९ गते र २० गतेको आक्रमणले सिंधुलीकोट विजय भई गोरखालीहरूको अधिकार जमेको हो[2] । त्यस विजयबाट नेपालखाल्डोको चारैतिरका प्रदेशहरूमा आफ्नो अधिकार राम्रोसँग जमेको हुनाले नेपालखाल्डोलाई घेरा हाल्न पूर्वतिरबाट वरवर बढ्दै आउने विचार पृथ्वीनारायण शाहले गरे। त्यस बेला पूर्वपट्टिबाट खाल्डोतर्फ बढ्दै आउन पहिले पनौती, बनेपा आदि प्रदेश नै विजय गर्नु आवश्यक परेको थियो । त्यस कारण पनौती, बनेपा आदि प्रदेशमा आक्रमण गर्ने योजनो पृथ्वीनारायण शाहले मिलाएका थिए । त्यसै बेला अकस्मात् बङ्गालका नवाब मीरकासिमको ठूलो फौज आई गोरखालीहरूले भरखर विजय गरेको मकवानपुरमा आक्रमण गरिदिय । त्यस विदेशी शक्तिलाई दमन नगरी आफ्नो राज्य बढाउने यस योजनामा पृथ्वीनारायण शाह लाग्न पाएनन् । नवाबको मुसलमानी फौजलाई हराई फर्काए-पछि[3] मात्र पृथ्वीनारायण शाह यसतर्फको काममा लाग्न पाएका थिए । उनको त्यही पूर्व योजना-अनुसार रामकृष्ण कुंवर केही दिन अगाडि पनौतीतिरका मुख्य मानिसहरूलाई हात लिई त्यता-तिरको काम पटाउन त्यस भेकतिर गइरहेका थिए भन्ने कुरा यस पत्रको 'पनौतिका भोटेहरू-संगको कुरो गर'' यस वाक्यबाट व्यक्त हुन्छ ।

पनौतीतिर भोटेहरू नै ठूला ठालुमा गनिएका थिए। उनीहरूको थरी वा मुखियालाई मिझार भन्ने चलन थियो । मिझारकै अधीनमा त्यस ठाउँका मानिसहरू रहेका थिए । त्यस कारण पृथ्वीनारायण शाहले रामकृष्ण कुँवरद्वारा पनौतीका मिझारका भाइ छोराहरूलाई हात लिई आफ्नो काम पटाउनाका लागि उनीहरूलाई "हाम्रो पक्षमा सम्मिलित भई हाम्रो काम सफल गराइदिएमा तिमीहरूले सरकारलाई तिर्नु पर्ने वलक झिकिदिनेछु (माफ गरिदिनेछु ); काम अनुसारको पुरस्कार पनि दिनेछु'' भन्ने कुरा र आफ्नो काम सफल भएपछि रामकृष्ण कुंवरलाई पनि शिरपाउ आदि पुरस्कार दिनेछु भन्ने कुरा यस पत्रमा उल्लेख गरिएको "मिझान्याका भाइ छोराका वलक पनि झिकी हाम्रो काम पुऱ्यापछि सये तिन सिक्का सुनचुरा घोडा सिरपाउ बक्सौंला. हाम्रो यताबाट कमाउनेकन पनी बक्सौंला'' यस वाक्यबाट व्यक्त हुन्छ । यस पत्रको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेशको ९८८–८९ पृष्ठमा गरिएको छ ।

(क्रमश:)

---

१. पूर्णिमा चौथो वर्षका २८–३० पृष्ठ हेर्नुहोस् ।

२. पूर्णिमा चौथो वर्षका ३१–३३ पृष्ठ र १४३–४७ पृष्ठ हेर्नुहोस् ।

३. पूर्णिमा चौथो वर्षका ३८२–८५ पृष्ठ हेर्नुहोस् ।

# आचार्य कौटल्य र श्री ५ पृथ्वीनारायण शाह

*–नयराज पन्त*

मौर्य साम्राज्यको स्थापना सम्राट् चन्द्रगुप्त मौर्यले गरेका हुन् तापनि उनलाई बाटो देखाउने उनका गुरु तथा मन्त्री आचार्य कौटल्य हुन्[1] । कौटल्यको सुप्रसिद्ध ग्रन्थ कौटलीय अर्थशास्त्र पाणिनिको अष्टाध्यायी जस्तै बेजोडको भएर रहेको छ । त्यस ग्रन्थबाट कौटल्य कस्तो विचार गर्थे भन्ने कुरा हामीलाई थाहा हुन्छ ।

नेपाल अधिराज्यको स्थापना अर्थात् नेपालका टुक्रा टुक्रा भएका खण्डको एकीकरणको प्रारम्भ श्री ५ पृथ्वीनारायण शाहले गरेका हुन् । श्री ५ पृथ्वीनारायण शाह कस्तो विचार गर्थे भन्ने कुरा उनको उपदेशबाट हामीलाई थाहा हुन्छ ।

यी दुइ राजनीतिज्ञका विचारको विषयमा तुलना गर्ने यो निबन्ध लेखिन लागिएको छ । तुलना गर्दा साधर्म्य र वैधर्म्यमा राम्रो दृष्टि दिनुपर्ने हुनाले पहिले त्यसै गरिन्छ ।

## साधर्म्य

| *कौटल्य* | *पृथ्वीनारायण* |
|---|---|
| **मौर्य साम्राज्यका संस्थापक** | **नेपाल अधिराज्यका संस्थापक** |
| **भारतमा रजाइँ गर्न आएका विदेशी यवनलाई जिती धपाउने** | **नेपालमा रजाइँ गर्न आएका विदेशी मुसलमान तथा अङ्ग्रेजलाई जिती धपाउने** |

## वैधर्म्य

| *कौटल्य* | *पृथ्वीनारायण* |
|---|---|
| **मन्त्री** | **राजा** |
| **ठूला विद्वान्** | **साधारण पढेगुनेका** |
| **प्रसिद्ध ग्रन्थकार** | **ग्रन्थ[2] छैन** |

यसरी हेर्दा साधर्म्य थोरै र वैधर्म्य धेरै देखिन आएका छन् तापनि एक असाधारण गुण दुवैमा छ ; त्यो हो विदेशी आक्रमणकारीलाई धपाउनु । भारतलाई विदेशीहरूले पददलित गरेको कुरा प्रसिद्ध भएको हुनाले त्यसलाई कोट्याइरहनु पर्दैन । यवन पनि भारतमा रजाइँ

१. पूर्णिमा चौथो वर्षका २२९–३० पृष्ठ हेर्नुहोस् ।

२. श्री ५ पृथ्वीनारायण शाहको उपदेश उनले आफ्नो अन्त्य समयमा बोलेका कुराको सङ्ग्रह हो, ग्रन्थ होइन ।

गर्न आएका थिए । तिनलाई जिती धपाउने कौटल्य भारतीय इतिहासमा अनुपम छन् । नेपालमा विदेशी आक्रमणकारी मुसलमानले लूटमार मच्चाएको कुरा प्रख्यात छ-[1] । नेपालमा रजाइँ गर्न आएका मुसलमान र अङ्ग्रेजलाई जिती धपाउने पृथ्वीनारायण नेपालको इतिहासमा अनुपम छन् ।

एक जना मानिसले लडेर लडाइँ जितिने होइन । राज्यसञ्चालन गर्ने नीतिले लडाइँमा ठूलो असर पार्दछ । कौटल्यको नीति उनको अर्थशास्त्रमा र पृथ्वीनारायणको नीति उनको उपदेशमा पाइने हुनाले तिनको तुलना अब गरिन्छ ।

**एवं द्रव्यद्विपवनं सेतुबन्धमथाकरान् ।**
**रक्षेत् पूर्वकृतान् राजा नवांश्चाभिप्रवर्तयेत् ।।४७।।**

(कौटलीय अर्थशस्त्र २।१)

[राजाले अघिदेखि चलिआएका द्रव्यवन (जिनिस माल हुने वन) हस्तिवन (हात्ती हुने वन) सेतुबन्ध (बाँध) र खानिको रक्षा गर्नुपर्छ । यी कुरा नयाँ नयाँ पनि चलाउँदै जानुपर्छ ।]

यस विषयमा पृथ्वीनारायणले यस्तो बोलेका छन्—

**आपना देसको जिनीस् जरिबुटि देस लै जानु र नगत वैचनु.**

**गह्रो बन्न्या जग्गामा घर भया पनि घर अरु जग्गामा सारि कुलो काटि षेत बनाई अवाद गर्नु.**

**षानी भयाका ठाउमा गाउ भया पनि गाउ अरु जग्गामा सारिकन पनि षानि चलाउनु.**

(पृथ्वीनारायण शाहको उपदेशबाट)

यहाँ हस्तिवनबाहेक अरू कुरामा कौटल्य र पृथ्वीनारायण सहमत छन् । कौटल्यले आफ्ना सूत्रको अलिकता व्याख्या पनि गरेका छन् । यताबाट हस्तिवनको विषयमा पृथ्वीनारायणले किन बोलेनन् भन्ने कुरा खुल्छ—

**द्रव्यवनं दुर्गकर्मणाम् ।।४२।। यानरथयोश्च ।।४३।।**

(कौटलीय अर्थशास्त्र ७।१४)

[द्रव्यवन किल्लाको कामको मूल आधार हो । सवारी र रथको पनि मूल आधार द्रव्यवन हो ।]

**हस्तिवनं हस्तिनाम् ।।४४।।**

(कौटलीय अर्थशास्त्र ७।१४)

---

१. पूर्णिमा ८ पूर्णाङ्कका ६–१३ पृष्ठ हेर्नुहोस् ।

[ हस्तिवन हात्तीहरूको मूल आधार हो । ]

**पुरोयानमकृतमार्गवासतीर्थकर्म बाहूत्सारस्तोयतरणावतरणं स्थान-(स्थल) गमनावतरणं विषमसम्बाधप्रवेशोऽग्निदानशमनमेकाङ्गविजयो भिन्नसन्धानमभिन्नभेदनं व्यसने त्राणमभिघातो विभीषिका त्रासनमौदार्यं ग्रहणं मोक्षणं सालद्वाराट्टालकभञ्जनं कोशवाहनापवाहनमिति हस्तिकर्माणि ।।१५।।**

(कौटलीय अर्थशास्त्र १०।४)

[ अघि सर्नु, बाटो नभएको ठाउँमा बाटो बनाउनु, वास नभएको ठाउँमा वास बनाउनु, घाट (खोला तर्ने ठाउँ) नभएको ठाउँमा घाट बनाउनु, सूँडले हटाउनु, पानीमा तर्नु र ओर्लनु, थलोमा हिँड्नु र ओर्लनु, अडचाङखडचाङमा र घुइँचोमा पस्नु, आगो लगाइदिनु र आगो निभाइदिनु, एकलैले जित्न सक्नु, छयान्नब्यान्न भएकालाई बटुल्नु, बटुलिएकालाई छयान्नब्यान्न पारिदिनु, आपत्तिमा रक्षा गर्नु , मार खुवाउनु, सातो हर्नु, तर्साउनु, बडप्पन देखाउनु, पक्रनु, छुटाउनु, पर्खाल ढोका अटाली भत्काइदिनु, नगदलाई बोक्नु, भगाउनु यी काम हात्तीबाट हुन्छन् । ]

**सेतुबन्धः सस्यानां योनिः ।।३६।। नित्यानुषक्तो हि वर्षगुणलाभः सेतुवापेषु ।।३७।।**

(कौटलीय अर्थशास्त्र ७।१४)

[अनाजको मूल कारण बाँध हो । बाँध भएको ठाउँमा खेती गर्दा वर्षाको गुण सधैं भइरहन्छ' ।]

**खनिः सङ्ग्रामोपकरणानां योनिः ।।४१।।**

(कौटलीय अर्थशास्त्र ७।१४)

[लडाइँका सामानको मूल कारण खानि हो ।]

यसरी कौटल्यले द्रव्यवन, हस्तिवन, सेतुबन्ध, खानि यी चारवटैबाट लडाइँको विषयमा काम लिएका छन् ।

यहाँनिर कौटल्यले द्रव्यवन, दुर्गकर्ममा पनि काम लाग्छ भनेर बोलेका छन् । पृथ्वीनारायणले चाहिं विदेशमा माल निकासी गर्ने प्रसङ्गमा द्रव्यवनको चर्चा गरेका छन् ।

किल्लाको विषयमा कौटल्यको विचार यस प्रकारको छ—

**पक्षे हीनो बन्धुमित्रपक्षं कुर्वीत ।।२७।। दुर्गमविषह्यं वा ।।२८।। दुर्गमित्रप्रतिस्तब्धो हि स्वेषां परेषां च पूज्यो भवति ।।२९।।**

(कौटलीय अर्थशास्त्र ७।१४)

---

१. आफ्नो प्रभाव कम भई शत्रुभन्दा आफू कमजोर हुँदा आफ्नो प्रभाव बढाउने प्रकरणमा कौटल्यले यो कुरा बोलेका छन् ।

[आफ्नो पक्ष कमजोर भयो भने बान्धव तथा इष्टमित्रहरूलाई आफ्नो पक्षमा पार्नू अथवा पक्की किल्ला बनाउनू । किल्ला तथा इष्टमित्रहरूको आड भएपछि आफन्तले पनि पराईले पनि मान गर्छन् ।]

**यो दैवकृतमविषह्यमल्पव्ययारम्भं दुर्गं कारयति सोऽतिसंधत्ते ॥२॥ तत्राऽपि स्थलनदीपर्वतदुर्गाणामुत्तरोत्तरं श्रेयः ॥३॥**

(कौटलीय अर्थशास्त्र ७।१२)

[जसले दैवकृत (प्राकृत), पक्की, धेरै खर्च तथा मिहिनेत नपर्ने किल्ला बनाउँछ, त्यसले अरूलाई छक्याउँछ । समथरमा रहेको किल्लाभन्दा नदीको किल्ला बढिया हुन्छ । नदीको किल्लाभन्दा पर्वतको किल्ला बढिया हुन्छ ।]

किल्लाको विषयमा पृथ्वीनारायणको विचार यस प्रकारको छ—

**यो नेपालको तषत किल्ला हो. यो किल्ला पायो भन्या चारै बादसाहलाई वह्याला लाउनैछ. इस्वरले रचना गरयाको किल्ला रहेछ. स्वधनुपर्ने रहेनछ. सिवपुरि १ फुल्चोक् २ चन्डागिरि ३ महादेउपोर्षार ४ पालु ५ दाप्चा ६ काहुल्या ७ ईनमा पनि किल्ला पकी बनाउनु. किल्लापिछे तोप लमछट् गरि राषीदिनु र जति भन्ज्याँ ई छन्. भन्ज्यांपीछे यक यक फलामे ढोका बनाई ढोकापिछे यक यक तोप लम्छट् गरि राषीदिनु र पपाँच सिपाहि राषीदिनु र यस्व भयापछि चेवा गर्न्या चचि गर्न्या भगन्या नास्न्या ढुकूवा फसादि षुनि यस्ताहरूको पनि केही चल्दैछैन. चारै बादसाही चढाई गरि आयो भन्या पनि कसैको केही चल्न्य रहेनछ.**

(पृथ्वीनारायण शाहको उपदेशबाट)

कौटल्यले *दैवकृतम्* भनेकोलाई पृथ्वीनारायणले *इस्वरले रचना गर्याको* भनी बोलेका छन् । कौटल्यले *अल्पव्ययारम्भम्* भनेकोलाई पृथ्वीनारायणले *स्वधनुपर्ने रहेनछ* भनी बोलेका छन् । यसरी किल्लाको विषयमा दुवै सहमत छन् ।

कौटल्यले खानिबाट लडाइँका सामानको काम लिएको कुरा माथि परेको छ। लडाइँका सामान बनाउन पृथ्वीनारायण दत्तचित्त थिए—

**हजारौ धना हजारौ पथर्काला हजारौ षुडा हजारौ तोप भया इन्द्रको त्रास नपनि डगाइंछ.**

(पृथ्वीनारायण शाहको उपदेशबाट)

यी हतियार बनाउन खानिको आवश्यकता अवश्यमेव पर्थ्यो ।

गोरखामा हात्ती हुँदैनथ्यो । पुरन्दर शाहलाई सेन राजाले पठाइदिएको हात्ती गोरखामा गजबको चीज भएको थियो[१] । नेपालखाल्डोमा पनि हात्ती हुँदैनथ्यो । सेन राजाहरूसँग मिली नेपालखाल्डोका राजाहरू हात्ती खेदा गर्थे[२] । नेपालखाल्डोमा पनि हात्ती गजबको चीज हुन्थ्यो[३] ।

वि. सं १८१९ मा मकवानपुर विजय गरेपछि[४] हात्ती हुने एउटा वनका मालिक पृथ्वीनारायण भए[५] । अन्तिम अवस्थामा चौदण्डी विजयपुर विजय गरेपछि हात्ती हुने केही वन पृथ्वीनारायणका भए । यसो भए तापनि हात्तीबाट पृथ्वीनारायणले लडाइँको काम लिन सकेका थिएनन् । हात्तीको लडाइँको उनलाई कुनै अनुभव पनि थिएन । यसै कारणले हस्तिवनको विषयमा पृथ्वीनारायणले नबोलेको देखिन्छ ।

**न च तत्रारामा विहारार्थाः शालाः स्युः ।।४१।। नटनर्तनगायनवादकवाग्जीवनकुशीलवा वा न कर्मविघ्नं कुर्युः ।।४२।। निराश्रयत्वाद् ग्रामाणां क्षेत्राभिरतत्वाच्च पुरुषाणां कोषविष्टिद्रव्यधान्यरसवृद्धिर्भवतीति ।।४३।।**

(कौटलीय अर्थशास्त्र २।१)

[मुलुकमा विलासका बगैंचा र घरहरू नरहून् । नट (नटुवा=पात्र भई नाच्ने) नर्तन (आफ्नो जीउ हल्लाई नाच्ने) गायन (गवैया) वादक (बाजा बजाउने) वाग्जीवन (कुरा गरी खाने) कुशीलव (कत्थक)हरूले काम नबिगारिदिऊन् । गाउँहरूमा त्यस्ता ठाउँ (विलासका बगैंचा र घर)हरू नभएपछि मानिसहरू खेतीपातीमै लाग्छन्, कोष (नगद) विष्टि (झारा) द्रव्य (जिनिस) धान्य (अनाज) तथा रसको बढिबढाउ हुन्छ ।]

पृथ्वीनारायणले यस विषयमा यस्तो बोलेका छन्—

**चित्रकार भरयाको कोठामा ढोलक सितार रागतान्‌मा भुल्‌नन्. रागतान्‌मा बडो ठुलो मोहो हुन्छ र दवलथ पनि षोलिन्छ. देसको भेद पनि**

१. इतिहास–संशोधन ५१ संख्याका १३–१४ पृष्ठ हेर्नुहोस् ।

२. इतिहास–संशोधनको प्रमाणप्रमेयको १७६ पृ., पूर्णिमा २ अङ्कका ५७–५८ पृष्ठ हेर्नुहोस् ।

३. पूर्णिमा चौथो वर्षका १३४–३५ पृष्ठ हेर्नुहोस् ।

४. पूर्णिमा चौथो वर्षका ३१–३३ पृष्ठ हेर्नुहोस् ।

५. पूर्णिमा २ अङ्कको ५७ पृष्ठ हेर्नुहोस् ।

**तिनैले लै जान्छन् र हरिपले दगा गर्छ. रागको अभ्यास् पनि कसैले नगर्नु.**

(पृथ्वीनारायण शाहको उपदेशबाट)

यहाँनिर कौटल्यले राष्ट्को आय बढाउन नाचगानको बहिष्कार गरेका छन् । पृथ्वीनारायणले आफ्ना भारादारहरूको शौर्य कम हुन नदिन र शत्रुका जासूसलाई पस्न नदिन नाचगानको बहिष्कार गरेका छन् । नाचगानबाट हुने खराबीको दुवैले भिन्न भिन्न ढङ्गले अनुभव गरेका छन् ।

परन्तु विलासको सर्वथा त्याग मनुष्यजीवनमा अत्यन्त दुष्कर कुरो छ । यस कारण कौटल्यले यस्तो बोलेका छन्—

**धर्मार्थाविरोधेन कामं सेवेत ।।६।। न निःसुखः स्यात् ।।७।। समं वा त्रिवर्गमन्योन्यानुबन्धम् ।।८।। एको ह्यत्यासेवितो धर्मार्थकामानामात्मानमितरौ च पीडयति ।।९।।अर्थ एव प्रधान इति कौटल्यः ।।१०।। अर्थमूळौ हि धर्मकामाविति ।।११।।**

(कौटलीय अर्थशास्त्र १।७)

[ धर्म र अर्थमा विरोध नपर्ने गरी काम (विषयसुख)को भोग गर्नू । दुःख नभोग्नू । धर्म अर्थ कामको परस्परमा संबन्ध मिलाई यी तिनलाई बराबर मिलाई राख्नू । धर्म अर्थ काम तीन पदार्थमध्ये एउटामा मात्र ज्यादा लाग्यो भने यसले आफूलाई पनि अरू दुइटालाई पनि बिगारिदिन्छ । कौटल्यको विचार त अर्थ नै मुख्य हो भन्ने छ । किनभने अर्थकै आधारमा धर्म र काम रहेका हुन्छन् । ]

यस विषयमा पृथ्वीनारायणले यस्तो बोलेका छन्—

**मेरो मनसुबा ता दहवोकमा दरबार बनाउला र चारै दिशा थरघरको गुरु प्रोहित भैयाद भारादार मिर उमराउको घर बनाई छुट्टा दरबार बनाउला र ई तिन सहरमा ता दरबारबाट स्वष सयललाई मात्रै जाला भन्या यस्तो अविलाष थियो....**

**अथवा फागुलाई यक् दुई गरी झिकि चाडं बिदा गराईदिनु र देसको भेद पनि पाउदैनन्. आफ्ना स्वषसयलेलाई ता सास्त्रबमोजिमको तिनै सहर नेपालको नेवारहरुको नाच झिकाई हेर्‌या पनि हुन्छ. ईनमा ता दियाको पनि आफ्नै देसमा रहंछ. यस्व भया आफ्नु देस गमन् रहन्छ.**

(पृथ्वीनारायण शाहको उपदेशबाट)

यहाँनिर अपथ्य भए तापनि जिब्रोको स्वादको लागि अलिकता मीठो वस्तु खाए जस्तै विलासलाई अलिकता आश्रय कौटल्य तथा पृथ्वीनारायण शाहले दिएका छन् । अर्थविषयको प्राधान्यमा दुवै सहमत छन् ।

[यो निबन्ध तयार गर्दा नानी दिनेशराज पन्तले मेरो इच्छा र विचारअनुसार काम गरेका छन् । ]

# वि. सं. १८३२ देखि वि. सं. १८५८ सम्मको नेपालको इतिहासमा नयाँ प्रकाश पार्ने केही पत्रहरू

*—दिनेशराज पन्त*

सानो गोर्खा राज्यबाट श्री ५ पृथ्वीनारायण शाहले आफ्नो विजययात्रा शुरू गरी नेपालको एकीकरणको जग बसालेको कुरा इतिहास–प्रसिद्ध छ । त्यस वेला गोर्खा राज्य आर्थिक आदि दृष्टिले अरू राज्यभन्दा कमजोरै थियो । तर स्पष्ट उद्देश्य र निश्चित कार्यपद्धतिले गर्दा साधन सीमित भए तापनि आफ्नो जिन्दगीभरको परिश्रमले पृथ्वीनारायणले सो काम पूरा गरेका थिए । पृथ्वीनारायण शाहको यस उद्योगले नेपालको एकीकरणको जग मात्र बसेको थिएन, सयौं वर्षदेखि अनिश्चित र निष्क्रिय जस्तै जिन्दगी बिताइरहेका नेपालीहरूमा पृथ्वीनारायण शाहले कर्मठता र देशभक्ति जगाइदिएका थिए । पृथ्वीनारायण शाहको जिन्दगीभर भारादारहरूले अधिकार हात लाउन दाउपेच गरेको एउटा उदाहरण पनि पाइएको छैन । यद्यपि पृथ्वीनारायण शाहका भाइहरूले केही दाउपेच गरेका थिए तापनि पृथ्वीनारायण शाहको स्पष्ट नीतिले गर्दा यसले कुनै विशेष असर पारेको थिएन[1] । पृथ्वीनारायण शाहको सहवास पाएका सबैजसा भारादारहरू देशभक्त र कर्मठ बनेका थिए । पृथ्वीनारायण शाहको मृत्युपछि यो अवस्थामा अन्तर आयो । अधिकार हात लाउन भारादारहरूमा दाउपेच हुन थाल्यो । यसपछिको केही समय नेपालको इतिहासमा धमिलो अवस्था रहेको थियो । यो कुरा नेपालको राजनीतिको इतिहासको अध्ययनको प्रसङ्गमा गम्भीरतापूर्वक विचार गर्नुपर्ने विषय छ । तर पृथ्वीनारायण शाहको मृत्युपछि वि. सं. १८४२ सम्ममा घटिरहेका अनेक घटनाबारे विचार गर्ने तात्कालिक प्रामाणिक सामान भने चाहिँदो मात्रामा प्रकाश हुन सकेका छैनन् । हालको खोजीले यी समयका नयाँ प्रकाश पार्ने केही पत्रहरू फेला परेका छन् । ती प्रकाश गर्नु आवश्यक हुँदा यहाँ दिँदैछु ।

कौसी तोशाखाना नेपालका पुराना अड्डाहरूमध्ये पर्छ । कौसी तोशाखानामा पुराना ऐतिहासिक पत्रहरू छन् भन्ने सुनिएकोले त्यहाँ रहेका पत्रहरू हेर्न तथा सार्न पाऊँ भनी अर्थमन्त्रालय कोष तथा ऋणप्रशासन शाखामा मैले दरखास्त दिएँ । सो शाखाले उदारतापूर्वक काम गर्न मलाई अनुमति दियो । कौसी तोशाखानाका हाकिम मेरा मामा गु. पु. श्रीआनन्दराज पण्डितज्यूको

---

१. ऐतिहासिक–पत्रसङ्ग्रह (दोस्रो भाग)का ८६–९० पृष्ठ हेर्नुहोस् ।

विद्याप्रेमले पनि मलाई अध्ययन गर्न सुबिधा भयो । हालै त्यहाँ निकै ऐतिहासिक पत्रहरू पत्ता लागेका हुनाले ती पत्रहरूमध्ये केही पत्र मैले सारेर ल्याएँ । प्रतापसिंह र बहादुर शाहको सम्बन्ध, प्रतापसिंहको मृत्युपछि भएका घटना आदि अनेक विषयमा महत्त्वपूर्ण प्रकाश पार्ने २५ वटा पत्र अहिले यहाँ प्रकाश गरेको छु ।

### *श्री ५ प्रतापसिंह शाहले पाटनका अमालीदारलाई वि. सं. १८३२ मा लेखेको पत्र*

(१ संख्या)

**स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का**

**आगे पाटंका अमालिदारप्रति[1] भित्रयानिबाट श्रीगुह्येश्वरिकन शुकंधराजको फुल् येक् लाष अर्प भयाको छ. तित्रा अंबलमहा[2] जति शुकंदराजको फुल् छ. टिपाई गनाई जति जति हुंछ. लेषासित काठमाडौ दर्बार दुवान्याछेउ ल्याउ. सर्वथा. इति सम्वत् १८३२ आषड शुदि ८ रोज ५[3] शुभं.**

श्री ५ प्रतापसिंह शाहकी भित्रेनी (रानीसाहेब)ले गुह्येश्वरीलाई सुकन्दराजको फूल एक लाख चढाउने भाकल गरेकी थिइन् । त्यसैले प्रतापसिंहले पाटनको इलाकामा जति सुकन्दराजका फूल छन्, ती सबै फूल राजदरबारमा ल्याउनू भनी वि. सं. १८३२ आषाढ २६ गते यो पत्र लेखेका हुन् ।

यताबाट प्रतापसिंहकी भित्रेनीको यस वेला प्रभाव रहेको देखिन्छ ।

### *श्री ५ प्रतापसिंह शाहले पाटनका अमालीदारलाई वि. सं. १८३२ मा लेखेको पत्र*

(२ संख्या)

**स्वस्तिश्रीमन्माँहाँराजाधिराजकस्य रुक्का**

**आगे पाटन्का अमालिदारप्रति पीलास मन्दिरका काजलाई भुस चाहियो र भुषकन मोहोर[4] गरि पठायाको हो. भुषकन मोहोर पनि चाहिन्या होईन. मोहोर पठायौं र पनि पठायौन. मोहोरमा लेष्याको भुस ताकित गरि पठाव. दिन दस् १० वसन्तपुर बसि काज गर्न पर्‍याछ.**

---

१. अमालिदार=बडाहाकिम । २. अंबल=इलाका ।

३. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३२ आषाढ शुक्ल

| | गते | वार | तिथि | घ. प. |
|---|---|---|---|---|
| आषाढ | २६ | बृहस्पति | अष्टमी | २५ । ९ |

४. मोहोर=लालमोहर

**दिन दस् १० को सामल लिकन भुस बोकाई पठाव. श्रावनका दिन १२ जांदा वसंतपुर झारा[1] भै आव. सर्वथा ३. नआया डंड होला. सम्वत् १८३२ श्रावन वदि १० रोज७[2] मुकाम काठमाडौं सुभम्**

वि. सं. १८३२ को शुरूमा वसन्तपुर पीलास मन्दिरको मर्मत गर्न भुस चाहिएको हुनाले पाटनका अमालीदारलाई पत्र लेखी पठाइएको थियो । तर अमालीदारले भुस नपठाएको हुनाले फेरि ताकिती गरी चाँडै भुस पठाइदेउ तथा १० दिनको काम छ, आफ्नो सामल लिईकन श्रावण १२ गते वसन्तपुरमा आइपुग भनी वि. सं. १८३२ श्रावण १० गते श्री ५ प्रतापसिंह्ले यो पत्र पठाएका हुन् ।

यताबाट झाराप्रथाको झलक पाइन्छ ।

*श्री ५ प्रतापसिंह शाहले दलमर्दन शाहहरूलाई*
*वि. सं. १८३२ मा लेखेको पत्र*

(३ संख्या)

**स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का**

**आगे गंगाधर दरोगा[3] लछिमिनारायेन दरोगा मेघु षवास जोरावर षवास दलमर्दन साह धरनि पंथ सर्वजित रानाप्रति. दलमर्दन साहके सुब्बाई मानको हाति १ हात ४ चार्को बक्स्यु. आगे साल[4] बाधिलिनु. सम्वत् १८३२ मिति श्रावन वदि ५ रोज २[5] सुभम्**

---

१. झारा=सरकारतर्फबाट बेदाममा दुनियाँसँग लिइने हारगुहार।

२. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३२ श्रावण कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| श्रावणे | १० | शनैश्चर | दशमी | १८। | ४ |

३. दरोगा=हात्तीसारको हाकिम । ४. साल=सालिन्दा खर्च ।

५. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं १८३२ श्रावण कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घ. | प. |
|---|---|---|---|---|---|
| श्रावण | ५ | सोम | पञ्चमी | ३२ | २८ |

मिलेन ।

वि. सं. १८३२ श्रावण कृष्ण (अमान्तमानले)

| | गते | वार | तिथि | घ. | प. |
|---|---|---|---|---|---|
| भाद्र | २ | मङ्गल | पञ्चमी | ५२ | ५२ |

मिल्यो ।

शाहकालका पत्रहरूमा प्राय: पूर्णान्तिमान पाइन्छ । यहाँ अमान्तमान लेखेको देखिन्छ ।

*( पछिल्तिर )*

**मार्फत् काजी स(रु)पसीह**

वि. सं. १८३२ भाद्र २ गतेको यो पत्रमा प्रतापसिंहले दलमर्दन शाहलाई हात्ती बकस दिएको कुरा परेको छ । कुन प्रसङ्गमा किन बकस दिइएको हो, सो खुलेको छैन ।

यहाँ मार्फत सरूपसिह रहेका हुनाले यस वेला उनी प्रभावशाली भएका देखिन्छन् ।

## *श्री ५ प्रतापसिंह शाहले बहादुर शाहलाई वि. सं. १८३३ मा लेखेका ४ पत्र*

**(४ संख्या)**

**स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्याविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहबहादूर्सम्सेर्जङदेवानां सदा समरविजयिनाम्**

**लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिबिराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीमद्वहादूरसाहदेवेषु सदा समरविजयिषु आसिषपूर्वकपत्रमिदं. इहाँ कुसल. ताहाँ कुसल चाहिये. जेहिते परमानंद होइ. आगे पत्र आयो. अर्थ विदित भयो. इहाँको समाचार भलो छ. उप्रांत तपाइँका जियपर[1] राज्यपर[2] हामिले सोझें गऱ्याको थियो. आफुले असव्य ढुंगामहा[3] पठावनुभयो. तनहुँको निमक्[4] षायाको छ. ज्या गरावनन्. सो गरौंला. परंतु आफुले भलो गऱ्या बांगो गर्नुछैन. हामिले पनि सव्ये ढुंगामहा[5] जाइ बस्नु छ भनी लेषिछस्. ताँहाँबाट कसैले षत[6] पनि तिमिहरुले गऱ्याको कमाइमाफिक् जानि बुझिकन रिस् थाभि सुष आनंदसँग देश पठायाँथ्यु. पठायाको तात्पर्ज आज घा[7]माफिक्को ओषति गरौं. घा निको भयापछि सव्य काज करनि गर्न पस्नं त घर उनको छ. पर उनैको काज आवला. असव्य गर्ना पस्नं त हामि पनि तस्तै बाटो समाउँला भनि पठायाँथ्यु. अस्तिका चिठिमा लेष्याको पनि तसैनिमित्य हो. हामिले पनि तसै गर्नु छ भनि लेषिछस्. त्यो तम्रा काज करनिले जानियला. हामिले ता लेषि चुक्यौं. चित्तमा पनि तस्तै छ. जउन् बाटो देषाउला. सोहि बाटो देषन्याछौं. हामि पनि तेसै ढुंगाका हौं. हामिले गऱ्या केहि हुँदैन. हजुरैका गऱ्या थामिइन्या छ भनि लेषिछस्. ढुंगाको घट्नु बढ्नु त कसैका गऱ्याले केहि हुँदैन. दैवका इछाले हुंछ. आपना आपना नसीबमहा[8] लेष्याको भोग गर्नु पर्छ. एस्को दोभिदा मान्याको केहि छैन. उंप्रांत तनहुँसमेत भै लमजुंसँग भेट गऱ्याछौ. बढिया हो. तस्को फल पर[9] कस्तो लाग्छ. सो आफु जान. बाँकि तनहुँ लमजुं कास्कि पर्वत प्युठाना एति राजासित घा[10] गर्नानिमित्त वंसराज पाँडे गंगाधर्पंथ**

---

१. जियपर=जीउमा । २. राज्यपर=राज्यमा । ३. असव्य ढुंगा=विरोधी राज्य । ४. निमक्=नून । ५. सव्ये ढुंगा=आफ्नो राज्य । ६. षत=चिठी । ७. घा=घाउ । ८. नसीब=भाग्य । ९. पर=पछि । १०. घा=सन्धि ।

विस्वेस्वर पाध्याहरुकन पठायाको छ. गोर्षा आया. विज्ञेषु किमधिकं. इति श्रावण शुदि १० रोज ६[1] मुकाम कांतिपुर शुभं.

(छेउमा)

चारपाटचा बिछयाउना १

मेवा गैरह[2] प्याँग १

पठाइदियाको छ. पुगला.

(५ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहबहादूरसंम्सेर्जङ् देवानाम् सदा समरविजयिनाम्.

लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीमद्बहादूर्साहदेवेषु सदा समरविजयिषु आसिषपूर्वकपत्रमिदं. इहाँ कुसल. ताहाँ कुसल चाहिये. जेहिते परमानंद होइ. आगे पत्र आयो. अर्थ मालूम भयो. इहाँको समाचार भलो छ. उप्रांत बिस्तार हकिगत्[3] अस्ति लेष्याँथ्यु. पुग्यो हो. अघि भैं आयाको पनि अबउप्रांत हुन्या कुरा पत्रीवाला[4] आयो. विधिविस्तार उहि गर्ला. सो सहि. विज्ञेषु किमधिकं. इति अधिक भाद्र सुदि ६ रोज ३[5] मुकाम कांतिपूर शुभम्

(६ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहबहादूरसंम्सेर्जङ् देवानाम् सदा समरविजयिनाम्.

लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीमद्बहादूर्साहदेवेषु सदा समरविजयिषु आसिषपूर्वकपत्रमिदं. इहाँ कुशल.

---

१. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३३ श्रावण शुक्ल

| गते | वार | तिथि | घडी |
|---|---|---|---|
| श्रावण १५ | शुक्र | दशमी | १२ |

(पात्रोबाट)

२. गैरह=आदि । ३. हकिगत्=हालखबर । ४. पत्रीवाला=हलकारा ।

५. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३३ अधिक भाद्र शुक्ल

| गते | वार | तिथि | घडी |
|---|---|---|---|
| भाद्र ८ | मङ्गल | षष्ठी | ३८ |

(पात्रोबाट)

ताहाँ कुशल चाहिये. जेहिते परमानंद होइ. आगे पत्र आयो. अर्थ मालूम भयो. इहाँको समाचार भलो छ. उप्रांत पत्रको उत्तरा[1] विस्तार लेषिछस्. इहाँबाट हामिले त उचितै कुरो लेष्याथीउँ. बुझन्या मानिसले सोझो बुझ्या सोझै हुंछ. बांगो बुझ्या बांगै हुंछ. आपना आपना चित्तमहा बुझ्याको गरिंछ. तैंले तस्तै बुझिकन लेषिस्. उप्रांत विस्या पौडचालले घा गरि थामिन्याछैन भनि लेषिछस्. जुझ[2] र बुझ्[3] दुवै पक्ष हिजैदेषि भै आयाको छ. घा हुन्या दिन्मा कसैले गन्या पनि हुंछ. नहुंन्या दिनमा कसैले गन्या पनि हुँदैन. जुझबुझ् जो पर्ला. सो बेहोरौँला. बाँकि गुरु भाइ क(ा)कालाई धपाइ आफ्नु भलो हुन्या भया गर्नुहवस् भनि लेषिछस्. सव्य गर्न्याकन सव्यै गर्नु पर्छ. असव्य गर्न्याकन असव्यै गर्नु पर्छ. उप्रांत भारि २ दारिम् पठाईदियाको छ. पुगला. किमधिकं. भाद्र शुदि १ रोज ६[4] मुकाम कांतिपुर शुभं.

(७ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेप्रतापसिंहशाहबहादूर्सम्सेर्जङ्‌देवानाम्सदा समरविजयिनाम्

लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीमद्बहादूर्साहदेवेषु सदा समरविजयिषु आसिषपूर्वकपत्रमिदं. इहाँ कुशल. ताहाँ कुशल चाहिये. आगे इहाँको समाचार भलो छ. उप्रांत तिह्वारको भाग चिजबीजसमेत पठाइदियाको छ. पुगला. विज्ञेषु. इति कार्तिक शुदि १५ रोज २ शुभम्

वि. सं. १८३१ माघ १ गते पृथ्वीनारायण शाहको मृत्यु भएपछि उनका जेठा छोरा प्रतापसिंह राजगद्दीमा बसे[6]। प्रतापसिंह आपना बाबु जस्ता विजिगीषु थिएनन् ।

१. उत्तरा=उत्तर । २.=जुझ् लडाइँ । ३. बुझ्=सन्धि ।

४. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३३ भाद्र शुक्ल

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| आश्विन | १ | शुक्र | प्रतिपदा | ५६ |

(पात्रोबाट)

५. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३३ कार्तिक शुक्ल

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| मार्ग | १४ | सोम | पूर्णिमा | २७ |

(पात्रोबाट)

६. त्रिरत्नसौन्दर्यगाथाको १४१ पृष्ठ हेर्नुहोस् ।

उनको तन्त्रमन्त्र आदि राजकाजसँग सम्बन्ध नभएका विषयमा बढ्ता रुचि थियो[१] । तर उनका भाइ बहादुर शाह यसको विपरीत बाबु जस्तै विजिगीषु पुरुष थिए। यसैले यी दुइ दाजुभाइमा मेल हुन सकेन । त्यसैले गर्दा बराबर खटपट हुन लाग्यो । आखिरमा बहादुर शाह बिदेसिए[२] । बहादुर शाह बिदेसिएपछि उनको कुन अवस्था रह्यो भन्ने कुरा राम्ररी बुझ्न सकिएको थिएन। हालै पाइएका यी पत्रहरूले यस विषयमा केही प्रकाश पारेका छन् ।

रणबहादुर शाह र बहादुर शाहको मतभेद भई रणबहादुर शाहले राज्याधिकार आफ्नो हातमा लिएपछि बहादुर शाहलाई गिराउन लेखिएको बहादुर शाहको बिरामसम्बन्धी पत्र प्रकाशित भएको छ[३] । सो पत्र हेर्दा प्रतापसिंह र बहादुर शाहमा ज्यानी दुश्मनी थियो भन्ने भान पर्छ । तर हालै पाइएका यी पत्रहरूले त्यस्तो कुरा थिएन भन्ने देखाउँछ। दुइ दाजुभाइमा मेल नहुँदा चेपेपार धपाइएपछि बहादुर शाह कहिले पाल्पा[४], कहिले तनहुँतिर गई रहन लागे। त्यहाँ रहँदा ती राज्यसँग सम्पर्क राखी आफ्नो राज्यको हित गर्ने कुरातिर उनले दृष्टि दिएका थिए। यस विषयमा बहादुर शाह आफ्ना दाजुलाई बराबर पत्र लेखी पठाउँथे । दाजुको हृदय परिवर्तन गराई पाए फर्कने सुरमा उनी थिए । प्रतापसिंह उनलाई यहाँ पस्नचाहिं नदिने, उनलाई चाहिने चीजबीजहरूचाहिं बराबर पठाइदिने गर्थे भन्ने कुरा यी पत्रले स्पष्ट रूपमा देखाएका छन् ।

वि. सं. १८३३ को शुरूमा बहादुर शाहले तनहुँबाट प्रतापसिंह शाहलाई "हजुरको हामीले सोझै गरेका थियौं, हजुरले हामीलाई निकाल्नुभयो, हामीले तनहुँको नून खाएका छौं, उनीहरूले जे गराउलान्, सो गरौँला, तर हजुरले भलो गर्नुभयो भने हामीले पनि अन्यथा गर्नु हुँदैन, आफ्नै मुलुकमा आएर बस्नु छ" भनी पत्र लेखे । त्यसको जवाफमा वि. सं. १८३३ श्रावण १५ गते प्रतापसिंहले "तिमीहरूले गरेअनुसार ओखती गरिएको हो, तिमीहरूले राम्रो चाल-चलन गर्‍यौ भने यो घर तिमीहरूकै हो, यो कुरा मैले अस्तिको चिठीमा पनि लेखेको थिएँ, तिमीले तनहुँसँग मिलेर लम्जुङका राजासँग भेट गरेछौ, यसको फल कस्तो हुन्छ, पछि थाहा होला, तनहुँ लम्जुङ कास्की पर्वत प्युठानासँग सन्धि गर्न वंशराज पाँडेहरूलाई पठाएको छ, उनीहरू गोर्खा आइपुगे" भनी लेखी चारपाटे बिछ्याउना तथा मेवा आदि चीजबीज पठाइदिएको कुरा परेको छ। (४ संख्या)

यस पत्रको जवाफमा बहादुर शाहले पत्र पठाए। तर बहादुर शाहले के लेखेका थिए,

---

१. गल्लीमा फ्याँकिएका कसिङ्गरका ६४–६५ पृष्ठ हेर्नुहोस् ।

२. एतिहासिक-पत्रसङ्ग्रह (पहिलो भाग) को ३१ पृष्ठ हेर्नुहोस् ।

३. चित्तरञ्जन नेपालीको रणबहादुर शाहका १११–१५ पृष्ठ हेर्नुहोस् ।

४. ऐतिहासिक-पत्रसङ्ग्रह (पहिलो भाग) को २९ पृष्ठ हेर्नुहोस् ।

यो कुरा यस पत्रबाट खुल्दैन । त्यसको जवाफमा प्रतापसिंहले "भन्नुपर्ने कुरा जति हलकाराले मुखैले भन्नेछ" भनी वि. सं. १८३३ भाद्र ८ गते यो पत्र लेखेका हुन् । (५ संख्या)

प्रतापसिंहले पठाएको पत्रको जवाफमा बहादुर शाहले "बिस्या पौडेलले सन्धि गरेर सन्धि हुनेछैन, गुरु भाइ काकालाई धपाई आफ्नो भलो हुन्छ भने गर्नुहोस्" भन्ने गुनासो गरी पत्र पठाए । यो पत्र आएपछि यसको जबाफमा प्रतापसिंहले वि. सं. १८३३ आश्विन १ गते "मैले त ठीकै कुरा लेखेको थिएँ, तैंले जस्तो बुझिस्, ठीकै छ, जसले असल गर्छ, त्यसलाई असलै गर्नुपर्छ, जसले खराप गर्छ, त्यसलाई खरापै गर्नुपर्छ" भनी लेखी पत्रसाथै २ भारी दारिम पठाइदिएको उल्लेख यस पत्रमा परेको छ । (६ संख्या)

प्रतापसिंह शाहले बहादुर शाहलाई "तिहारको भाग चीजबीजसमेत पठाइदिएको छ" भनी वि. सं. १८३३ मार्ग १४ गते यो पत्र लेखेका हुन् (७ संख्या)

यी पत्रबाट अर्को एउटा विचारणीय कुरा प्रकाशमा आएको छ । राजकाजलाई प्रतापसिंह कुन दृष्टिले हेर्थे भन्ने कुरा उनका "दुंगाको घट्नु बढ्नु त कसैका गऱ्याले केहि हुँदैन, दैवका इछाले हुंछ. आफ्ना आफ्ना नसीबमहा लेख्याको भोग गर्नुपर्छ" (४ संख्या) "घा हुन्या दिन्‌मा कसैले गऱ्या पनि हुंछ. नहुन्या दिनमा कसैले गऱ्या पनि हुँदैन" (६ संख्या) यी वाक्यले देखाउँछ । यसरी सबै कुरा पृथ्वीनारायण शाहले पनि दैवकै भरमा छोडिएका भए नेपालको एकीकरणको जग बस्ने थिएन भन्ने स्पष्ट छ । अर्को शब्दमा भन्ने हो भने यताबाट प्रतापसिंह राजनीतिमा सफलताको मूल कारण भएको षाड्गुण्यको प्रयोग गर्न छोडी अकर्मण्यतातिर ढल्केका देखिन्छन् ।

### *श्री ५ प्रतापसिंह शाहले भगवन्तनाथलाई वि. सं. १८३३ मा लेखेको पत्र*

(८ संख्या)

**स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजप्रतापसिंहसाहबहादूर्समसेर्जंङदेवानां सदा समरविजयिनाम्**

**आगे श्रीगोसाइ भगवंतनाथजिके हाम्रो मुलुक्‌भरिको जोगिको मंडलाइ चह्लाँइजें. हाम्रा मुलुक्‌भरिका उमरा[1] द्वाऱ्या अमालिदार सबैले माझिकुह्माल दरर्वं दनुवार नेवारकुह्माल कुसल्या थारु ज्वलाहा पहरि कुसहरि थामि हायु सुनुवार चेपांग एति जातका घरहि[2] एक एक् आना दस्तुर लिनु. साज बिहान षान दिनु. जोगिका षत्‌छित दंडकुंड मोरोअपुतालि[3] महाषतछित जोगिको टिको अम्बलिको एस हिसाबले अमालिदारले तिराइदिनु. बितलपका[4] कुरियामाहा[5] पनि तिराइदिनु. जो छेक्थुन् गर्ला. सो अप्सरिया[6] होला. इति सम्वत् १८३३ साल अगहन**

१. उमरा=भारादार । २. घरहि=घरपीछे । ३. मोरोअपुतालि=अपुतालि खाने हकवाला नहुनेको सम्पत्ति । ४. बितलप=बिर्ता । ५. कुरिया=सोही जग्गामा बसेको मोही । ६. अप्सरिया=विद्रोही ।

**शुदि ८ रोज ४[1] मुकाम कांतिपुर शुभम्**

वि. सं. १८३३ पौष ७ गते श्री ५ प्रतापसिंहले प्रसिद्ध जोगी भगवन्तनाथलाई आफ्नो राज्यभरिका जोगीहरुका नाइके तथा बाहुन, क्षत्री, मगर, गुरुङ, तामाङ आदि बाहेकका अरू केही जातका दुनियाँका प्रत्येक घरबाट १।१ आना वार्षिक दस्तूर उठाउने, जोगीहरू मरे तिनको अपुताली खान पाउने आदि अधिकार दिई यो पत्र लेखिदिएका हुन् । यो रकम द्वारे उमराउमार्फत मिलाइदिने उल्लेख पनि यस पत्रमा भएको छ ।

पश्चिमतिरको षाड्गुण्यप्रयोगमा यी भगवन्तनाथले पृथ्वीनारायण शाहको निकै मदत गरेका थिए । यसो हुँदा पृथ्वीनारायण शाहले यिनको निकै कदर गरेका थिए[2] ।

यस्तै बेहोराको पत्र वि. सं. १८२७ मा श्री ५ पृथ्वीनारायणले पनि भगवन्तनाथलाई लेखिदिएका थिए[3] । यस कारण पछि प्रतापसिंहले पनि यो थामिदिएको देखिन्छ ।

*श्री ५ प्रतापसिंह शाहले बहादुर शाहलाई*
*वि. सं. १८३४ मा लेखेको पत्र*

(९ संख्या)

**स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेप्रतापसिंहसाहबहादूर्सम्सेजंङ्देवानाम् सदा समरविजयिनाम्**

**लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनाराणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीमद्वहादूरसाहदेवेषु सदा समरविजयिषु आसिषपूर्वकपत्रमिदं. इहा कुसल. ताहा कुसल चाहिये. जेहिते परमानंद होइ. आगे इहाको समाचार भलो छ. उप्रांत रनसिं साहलाइ[4] विवाह गर्नाकन कन्या लिन मधेस पठायाँथ्युँ. कन्या पनि ल्याइपुऱ्याया. कंन्या काठमाडौ राषि हामि भादगाउँ गइउँ. भादगाउँबाट बरियाँत[5] आइ वैसाषका दिन ८ जाँदो विवाह गरिउँ. बाँकि श्रीविलासकन पनि बुधसिंग बस्न्या नित्यानंद पंडितकि नातिनि मागिउँ र कन्यालाइ भादगाउँ**

---

१ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३३ मार्ग शुक्ल

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| पौष | ७ | बुध | अष्टमो | ३२ |

(पात्रोबाट)

२. श्री ५ पृथ्वीनारायण शाहको उपदेशका ८५४ पृ., ११८५–९३ पृ. ।

३. श्री ५ पृथ्वीनारायण शाहको उपदेशका १०६९–७१ पृ. ।

४. रणसिंह शाह श्री ५ पृथ्वीनारायण शाहका छोरा हुन् । (श्री ५ रणबहादुर शाहका १२१ पृष्ठ हेर्नुहोस् ।)

५. बरियाँत=जन्ती ।

**राष्युं. बरियात काठमाडौंबाट गयो. वैसाषका दिन ८ जादो कन्यादान हामिले गरिदिइउँ. वैसाषका दिन ११ जाँदो भादगाँउबाट काठमाडौ आइउँ. उप्रांत लासाको पलिसा लामा षस्याछन्.[1] अब एस्लाइ दिन्या हो भन्नु ठिक चिनबाट सिरोपाव आयाको छैन. झिकाछेको टेसु लामा पनि लासा गयाका छन्. पलिसा लामा षस्नाले टेसु लामा गयाका रह्याछन्. लासामहा तेस्तो पर्दा र इहा सितलाको[2] भय पनि हुँदा अलिक दिन बाटो थुनियोथ्यो. अब बाटो सरासर चलिरहेछ. उप्रांत पादरि मिकलांजलो[3] भेट गर्न भनि बाटमहा डाँक राषि[4] दिन ३ महा काठमाडौं आइपुग्या. ३ रात त्राहा बसि भेटघाट गरि लगतै फिरि डाँकैबाट ३ दिनमहा बेतिया गया. बाँकि इहाँको अरु हकिगत पालपालि सुरविर सेन चौतरियाहरूका[5]**

१. षस्याछन् = मरेछन् । २. सितला = बिफर ।

३. कीर्तिपुरको दोस्रो युद्धमा बाण लागी शूरप्रताप शाह घाइते हुँदा उनको ओखती यिनै माइकल एन्जेलोले गरेका थिए भनी जिजेपले लेखेका छन्—

**हिज् ब्रद्अर्, ने॒म्ड् सुरूपरत्न❀ ह्याँड् फ॒लेन् वून्डिड् बाइ याँन् यॉर्ओ, ही वाज् अब्लाइज्ड् टु रेज् द सीज् ए॒ सेक्अन्ड् टाइम्, यॉन्ड् टु रिट्रीट् विद् आर्मि फ्रम् कीर्तिपुर् । द ब्रद्अर् अँफ् द किङ् वाज् आफ्टर्वार्ड्स् क्यूर्ड् अँफ् हिज् वून्ड् बाइ आउर् फादर् माइकल् एन्जेलो, हू इज् यॉट् प्रेज्न्ट् इन् बेत्तिया ।**

(कर्कपेट्रिकको अन् अकाउन्ट् अँफ् द किङ्डम् अँफ् नेपाल [नेपाल अधिराज्यको वर्णन] को ३८२ पृ.बाट)

[उनका (पृथ्वीनारायणका) शूरप्रताप नाउँ भएका भाइ बाण लागी घाइते भए । उनी घेरा हाल्न दोस्रो पटक खटाइएका थिए र कीर्तिपुरबाट आफ्नो फौजको साथमा हट्न बाध्य गरिएका थिए । राजाका ती भाइको घाउको ओखती पछिबाट हाम्रा पादरी माइकेल एन्जेलोले गर्नुभएथ्यो । उहाँ आजकल बेतियामा हुनुहुन्छ । ]

४. डाँक राषि = बीचमा नटुटाई एकनाससँग सवारीको प्रबन्ध गरी ।

५. यी शूरवीर सेन पालपाली राजा मुकुन्द सेनका छोरा तथा महादत्त सेनका भाइ हुन्—

**स्वस्तिश्रीमन्मुकुन्दो स जगति जयति स्मावनीन्द्रोऽवनीन्द्रः।**

**तत्सूनवो नूतनपाण्डवाः क्रमात् पञ्चाभवन् पञ्चजनानुरञ्जनाः।...**

**महादत्तसेनः स तेष्वाद्य एव ।**

**श्रीशूरवीर करवीर एवं चन्द्रादिवीरो ध्वजवीर एते ।**

(शङ्करमान राजवंशीद्वारा सम्पादित वीरपुस्तकालयबाट प्रकाशित सेनवंशावली २८–२९ पृ.बाट)

[पृथ्वीका इन्द्र जस्ता राजा श्रीमुकुन्द सेन ठूला हुनुहुन्छ । उहाँका पञ्चपाण्डव जस्ता दुनियाँलाई खुशी पार्ने महादत्त सेन, शूरवीर सेन, करवीर सेन, चन्द्रवीर सेन, ध्वजवीर सेननामक पाँच छोरा हुनुहुन्छ ।]

(पृथ्वीनारायण शाहको उपदेशका १०८८–८९ पृष्ठबाट)

❀ शुद्ध नाम शूरप्रताप हो ।

**मानिस् हात पठायाथिउं. पुग्यो हो. विज्ञेषु किमधिकं. इति सम्वत् १८३४ साल वैसाष वदि २ रोज ५.* मुकाम कांतिपुर शुभम्**

"रणसिंह शाहको विवाह गर्न मधेसबाट झिकाएको डोला ल्याइपुऱ्याएपछि कन्यालाई काठमाडौं राखी हामी भादगाउँ गयौं, भादगाउँबाट जन्ती आई वैशाख ८ गते विवाह भयो। श्रीविलासको विवाहलाई पनि बुधसिंग (प. १ नं.) बस्ने नित्यानन्द पण्डितकी नातिनी मागेर कन्यालाई भादगाउँ राख्यौं, काठमाडौंबाट जन्ती गयो, वैशाख ८ गते मैले कन्यादान गरें, वैशाख ११ गते हामी भादगाउँबाट फर्‌क्यौं।

लासाका पलिसा लामा मरेछन्, अब फलानालाई पलिसा लामाको पद दिने भन्ने निर्णय चीनबाट आएको छैन, झिकाछेको टेसु लामा पनि पलिसा लामा मरेकाले लासा गएका छन्, लासामा त्यस्तो भएको र यहाँ पनि बिफरको प्रकोप भएको हुनाले केही दिन बाटो बन्द भएको थियो, अहिले त बाटो राम्ररी चलिरहेछ।

पादरी मिकलांजलो (माइकल एञ्जेलो) मसँग भेट गर्न भनी बेतियाबाट ३ दिनमा काठमाडौं आइपुगेका थिए, ३ रात यहाँ बसे, यहाँबाट फर्केको ३ दिनमा बेतिया पुगे।

अरू खबर पाल्पाली चौतरिया सुरवीर सेनहरूका मानिसको हातमा अघि पठाएको थिएँ

यी बेहोरा पारी प्रतापसिंहले वि. सं १८३४ वैशाख १५ गते बहादुर शाहलाई यो पत्र लेखेका हुन्।

### *श्री ५ रणबहादुर शाहले दलमर्दन शाह, बहादुर शाह तथा लक्ष्मीरमण उपाध्यायलाई वि. सं. १८३४ मा लेखेका ११ पत्र*

(१० संख्या)

**स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्म-हाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्जंङ्‌देवानाम् सदा समरविजयिनाम्**

**लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्री-मन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्दलमर्दनसाहदेवेषु तथा श्रीश्रीश्रीमद्बहादूर्साहदेवेषु सदा समर-विजयिषु पूर्वकपत्रमिदं. इहाँ कुसल. ताँहाँ कुसल चाहिये. आगे इहाको समाचार भलो छ. उप्रांत अघिदेषि श्रीबाबाज्यूलाई रगत पर्न्या वेथा थियो. पछि वातको वेथा थपियो. वेथाको दवाउ भयो र मंसिरका दिन ६ जांदो सोमवार बिहान पर्लोग हुनुभयो. जना ८ केटिहरू सति गया. क्रियाकर्म गर्न लाग्यु. क्रिया बस्याका नरु साह सिव साह भोटु पाँडे नीलधोज भवानिदत्त**

---

* यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३४ वैशाख कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| वैशाख | १५ | बृहस्पति | द्वितीया | ५८ । ३९ |

थर्थोकमा इंद्रमनि बस्न्यात जना ६ बस्याका छन्. ताँहाँ पनि जुठो बार्नुहवस्. सुद्धसांति भया-पछि आफुहरूलाई चलावन थरघर[1] भला मानिस आउँछन्. आयापछि ताहा बस्उठ गरि तब पावलाग्नुहोला. थरघर आउंज्यासम्म[2] ताहि राज गर्नुहोला. इति संवत् १८३४ साल अगहन वदि ६ रोज ५[3] शुभम्

(११ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्माहाँराजाधिराजश्रीश्रीश्रीरणबाहाबुरसाहसमसेरजंदेवानाम् सदा समरविजइनाम्

स्वस्तिश्रीगिरिराजेत्यादिश्रीमन्माहाँराजाधिराजकुमारश्रीमद्दलमर्दनसाहश्रीबाहादुरसाहदेवेषु सदा समरविजयिषु···पूर्वकपत्रमिदम्. उप्रांत थरघर लिन पठावनाको सल्ला ऱ्हाहाँ भयेको हो. अगुताइ[4] आवनुभयो तपनि ऱ्हाहाँबाट थरवर आई ज्या[5] पर्सँ बस. उपर विस्तार वाभन् नानि विंति गर्नां. स्वप्रमान विज्ञषु किमधिक. इति मार्गसिर वदि १० रोज २[6] मुकाम कान्तिपुर शुभम्

(१२ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूर्सम्सेर्जङ्देवानां सदा समरविजयिनाम्

स्वस्तिश्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीलक्ष्मीरमण उपाध्याके···पूर्वकपत्रमिदं. इहाँ कुसल. ताहाँ कुसल चाहिये. आगे इहाँको समाचार भलो छ. उप्रांत श्रीबहादूर्साह कांछा चौतरियासँग[7] छुट्टिकन आया भनि सुनियो. आयाछन्. बनेछ. एकलै आया ता बढिया भयो. जाहाँ भेट्छौ.

---

१. थरवर=गोर्खाली राजाका पाँडे, पन्थ, अर्ज्याल, खनाल, राना, बोहरा थर भएका पुस्तैनी ६ थरी भारादार । २. आउंज्यासम्म=आउञ्जेलसम्म ।

३. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३४ मार्ग कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| मार्ग | ९ | बृहस्पति | षष्ठी | ३८ । ७ |

(पात्रोबाट)

४. अगुताइ=हडबडाई । ५. आईज्या=आउञ्ज्याल ।

६. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३४ मार्ग कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| मार्ग | १३ | सोम | दशमी | ४० । ६ |

७. कांछा चौतरिया=दलमर्दन शाह ।

ताहि थाम. फर्कावनुछैन. सुद्धसांतिका दिन भैवाद[१] थरघर सभ आउछं. सब बाटुला भै आवन्. ताहाँ थाम्या भनि संदेह मान्या जाला. बहुतै तरहसँग बुझाइ थाम. बाँकि वैद्यकन आग्या आएछ. वैद्य वल्लभ जैसि जांछन्. पुगनन्. इलाज[२] गराव. मुष पनि बनाइकन वराव. बाँकि कांछा चौतरियालाइ पर्सँ थाम. श्रीबहादूर्साह इहा आयापछि सम्मतले झिकौंला. इति संवत १८३४ साल अगहन वदि ११ रोज ३[३] मुकाम कांतिपूर शुभं

(१३ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्जङ्देवानां सदा समरविजयिनाम्

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूरसाहदेवेषु सदा समरविजयिषु···पूर्वपत्रकमिदं. इहाँ कुसल. ताहाँ कुसल चाहिये. आगे इहाँको समाचार भलो छ. उप्रांत भैवाद थरघर भला मानिस् पठाइ लिन पठाउँला भनि विंति गरी पठायाँथ्यु॑. पाव लागनुभयेछ. बनेछ. सुद्धसांतिसम्म हेटौडामा राज गर्नुहवस्. विधिविस्तार वाभन्नानि विंति गर्नन्. सो प्रमान. सुद्धसांति गरिकन थरघर भला मानिस् लिन पठाउँला र पाव लागनुहो(ला). दुइ दिन ताहाँ थाम्या भनि संदेह मान्नुहोला. संदेह कत्ति नमान्या जावस्. बाँकि वैद्यलाइ पठाइदिन्या भनि आग्या आएछ. वल्लभ वैद्यकन पठाइदियाको छ. औषध गराया जावस्. देहको संचिता[४] आफँले गऱ्या हुंछ. इति संवत् १८३४ अगहन वदि ११ रोज ३[५] मुकाम कांतिपूर शुभम्

(१४ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्जङ् देवानाम् सदा समरविजयिनाम्

स्वस्तिश्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीलक्ष्मीरमण उपाध्याके···पूर्वकपत्रमिदं. इहाँ कुसल. ताँहाँ कुसल चाहिये. पत्र आयो. अर्थ मालूम भयो. आगे इहाको समाचार भलो छ. उप्रांत पाँडे पंथ अर्ज्याल षनाल थरघर भला मानिस् लिकन दलजित साह आउँछन्. सुद्धाइका दिनसम्म

---

१. भैवाद=दाजुभाइ । २. इलाज=ओखती ।

३. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३४ मार्ग कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| मार्ग | १४ | मङ्गल | एकादशी | ४३ । ४० |

४. संचिता=रक्षा ।

५. यस दिनको पञ्चाङ्ग १२ संख्याको पत्रमा हेर्नुहोस् ।

ताही भीमफेदि थाम. बंदोवस्त गरी पाव चलाव(न) लाउ. इ ताहा नपुगंज्यासम्म[१] थाम. सर्वथा. इति संवत् १८३४ साल अगहन वदि १२ रोज ४[२] मुकाम कांतिपूर शुभम्

(१५ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्समसेर्जङ् देवानाम् सदा समरविजयिनाम्

लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूर्साहदेवेषु सदा समरविजयिषु···पूर्वकपत्रमिदं. इहाँ कुसल. ताहाँ कुसल चाहिये. पत्र आयो. अर्थ मालूम भयो. आगे इहाँको समाचार भलो छ. उप्रांत महादेव पाध्याले ल्याय्याका मोहरको सहिमहा दुवै जनाले कुच गरीउँ. एकादसा सपिंडी हजूरबाट होइ आवैन भनि म धावा[३] गरि आयाँ. चौतरीया ब(ा)बालाइ थामि पठायाँ भनि लेष्यागयेछ. भलो. पाव लाग्नुभयेछ. बनेछ. परंतु एकादसा र सपिंडी गर्नाकन तपाइँलाई विसंच छ. तपाइँले गर्‍या वेथा पनि बढला. तसर्थ इहाँ दलजित साहका हातबाट गराउँछौं. तपाइँले ताहि राज गर्न्या. इहाँबाट भैवाद थरघर मानिस् आउनन् र तन्सँग बस्उठ गरी मसलतसँग[४] पाव लाग्नुहोला. ताँहाँसम्म ताही राज गर्नुहवस्. विधिविस्तार वाभन्नानिले विंति गर्‍या हुन्. विशेषु किमधिकं. इति संवत् १८३४ साल अगहन वदि १२ रोज ४[५] शुभम्

*(पछिलितर)*

मोहर बेतियादेषि ओढो[६] आउँदा ११

(१६ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्जङ् देवानाम् सदा समरविजयिनाम्

लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूरसाहदेवेषु सदा समरविजयिषु···पूर्वकपत्रमिदम्. इहाँ कुसल.

---

१. नपुगंज्यासम्म=नपुगुञ्जेलसम्म ।

२. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३४ मार्ग कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| मार्ग | १५ | बुध | द्वादशी | ४८ । | ० |

(पात्रोबाट)

३. धावा=दुःख । ४. मसलत (अरवी. मसालहत)=मेलजूल ।

५. यस दिनको पञ्चाङ्ग १४ संख्याको पत्रमा हेर्नुहोस् ।

६. ओढो=वर ।

ताहाँ कुसल चाहिये. पत्र आयो. अर्थ विदित भयो. आगे इहाँको समाचार भलो छ. उप्रांत एकादसा र सपिंडीको काजकन म धावाधावा गरि आयाँथ्या र एहाँ एस्तो एस्तो पर्न गयो. हामिले निमिषको सोझै चितायाथ्यु. जाहाँ जति तस्तो पऱ्यो त म एतैबाट फर्कनुछु भनि लेष्यागयेछ. तपाईंलाइ बिरामि छ भनि सुंदा तपाईंका हातबाट गऱ्या बेथा बढला भनि इहाँ दलजित साहलाइ अऱ्हाइउं. एकादसा र सपिंडोको काज गर्छन्. बाकि उताउ लि दिल् उदास गर्नु चाहिदैन. यो घर आफ्नै हो. चार दिन् ताहि बसनुहवस्. दलजित साह थरघर भला मानिस् लिकन पाव चलावन आउँछन्. तब पाव लागनुहोला. ताहासम्म बस्नुहवस्. तपाईंलाइ झिकावनामाहा सबै छन्. नझिकावनामहा कोहि छैनन्. संदेह कत्ति पनि नमान्या जावस्. विधिविस्तार बाबन्नानिले बिति गऱ्या हुन्. इति संवत् १८३४ साल अगहन वदि १२ रोज ४[१] शुभम्

(१७ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्म-हाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्जङ् देवानां सदा समरविजयिनाम्

लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्री-मन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूर्साहदेवेषु सदा समरविजयिषु...पूर्वकपत्रमिदम्. इहाँ कुसल. ताहाँ कुसल चाहिये. आगे इहाँको समाचार भलो छ. उप्रांत थामिनुभयेछ. बहुत बनेछ. घर तपाइकै हो. सुद्धसांतिका भोलिबेर आइत्यवारका दिन..पुरोहित थरघर भला मानिस् लिकन दलजित साह पाव चलावन आउछन्. बाकि सुद्धसांतिका दिन गोदान् दक्षिनाकन रुपैया र सरादाम हवैन भनि रुपैया १०० नगत् षसि १ बोक्या ४ मसिनु चावल मुरी १ मुंको दाल पाथि २ मासको दाल पाथि ५ घिउ घडा १ तेल घडा १ चिनि धार्नि ३ तसैमाफिक मरमसाला हाँडा १ रोढि दोलेंचा १ सतरंज १ एति इहाँबाट चऱ्हाइ पठायाको छ. दाषिल होला. बाँकि अरु षर्चकन चावल मुरि १० चित्लाँगबाट गौरिकांतका मानिस्ले पहुंचाउनन्.[२] बाकि इहा एकादसामहा लाग्याको सराजाम फर्दले[३] बुझनुहोला. इति संवत् १८३४ साल अगहन वदि १३ रोज ५[४] मुकाम कांतिपूर शुभं

---

१. यस दिनको पञ्चाङ्ग १४ संख्याको पत्रमा हेर्नुहोम् ।

२. पहुंचाउनन्=पुऱ्याउलान् । ३. फर्द=लगत ।

४. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं १८३४ मार्ग कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| मार्ग | १६ | बृहस्पति | त्रयोदशी | ५३। २० |

(पात्रोबाट)

(१८ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्याविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्जङ् देवानां सदा समरविजयिनाम्

लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूरसा(ह)देवेषु सदा समरविजयिषु ... पूर्वकपत्रमिदं. इहाँ कुसल. ताहा कुसल चाहिये. पत्र आयो. अर्थ मालुम भयो. आगे इहाँको समाचार भलो छ. उप्रांत कांछा चौतरियालाइ लक्ष्मीपूरं थामि आयाथ्या. हाम्रा बिमतै गोडपर्सा आयाछन् र सकत्संग[1] षत् लेषि बाभन् दाज्युका तिलंगा[2] षटाइ थामि पठाइउं. रामकृष्ण कवर लाटा वानियालाइ पनि कोंपनिसमेत्[3] पठाउंछौ भनि लेष्यागयेछ. बहुतै बनेछ. ताहाबाट तपाइ पावलाग्नुहोला र इहा तपाइँसँग बस्उठ् गरी सल्ल(ा)हाले झिकन्या ठहऱ्या पछिबाट झिकौंला. आज र थाम्न्यै हो. सकत् गरि थामि पठावनुहवस्. तपाइलाइ चलावन आदित्यवारका दिन् गरि आउँछन्. विज्ञेषु किमधिकं. इति संवत् १८३४ साल अगहन वदि १४ रोज ६[4] मुकाम कांतिपूर शुभम्

(१९ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्जङ् देवानाम् सदा समरविजयिनाम्

लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूरसाहदेवेषु सदा समरविजयिषु ... पूर्वकपत्रमिदं. इहाँ कुसल. ताहाँ कुसल चाहिये. पत्र आयो. अर्थ मालुम भयो. आगे इहाँको समाचार भलो छ. उप्रांत दलजित साह् थरघर भला मानिस चाडो पठाउन्या भनि लेष्यागयेछ. भलो. भोलि सुद्धसाति हुंछ. पर्सि आदित्यवारको दिन् गरि दलजित्साह श्रीगुरु पुरोहित थरघर भला मानिस् आउँछन्. ताहाँसम्म राज गर्नुभयेछ. बहुतै बनेछ. यो घर आफ्नै हो. इहाँ बनिबनाउ हुन्यैछ. कौनै बातको संदेह नमान्नुहवस्. विज्ञेषु किमधिकं. इति सम्वत् १८३४ साल अगहन वदि १४ रोज ६[5] मुकाम कांतिपुर शुभम्

---

१. सकत्=कडा । २. तिलंगा=सिपाही । ३. कोंपनि=फौज ।

४. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३४ मार्ग कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| मार्ग | १७ | शुक्र | चतुर्दशी | ५८ । ४४ |

(पात्रोबाट)

५. यस दिनको पञ्चाङ्ग १८ संख्याको पत्रमा हेर्नुहोस् ।

(२० संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूर्साहबहादूर्सम्सेर्जङ्‌देवानाम् सदा समरविजयिनाम्.

लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूर्साहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदं. इहां कुसल. ताहां कुसल चाहिये. आगे इहाँको समाचार भलो छ. उप्रांत श्रीमिश्रज्यू श्रीदलजीत शाह प्रभृति सब भारादारको चिठिसमेत श्रीलक्ष्मीरमन उपाध्या आया. बिस्तार बिंति गऱ्या. सुन्यु. बाँकि म तपाइँकै भतिजा हुँ. यो घर तपाईंकै हो. आफ्ना घरमाहा त्यो २ अक्षर लेषन गाह्रो नमानि लेषायेर इहा पावलाग्नुहवस्. बाँकि ईष्ट श्रीईष्टदेवता नबेच्यास् भनि श्रीज्युज्युबाबाको हुकुम् छ. हुकुम् टाऱ्या मेरो धर्म होइन भनि भन्नुहुंछ गरे. यो कुरो योग्यै हो. परतु हिजो श्रीज्युज्युबाबाका हुकुम् बंदा[1] हुनुहुन्थ्यो. आज म पनि राजा हुँ. मेरा हुकुम्ले हिजोको हुकुम् टाऱ्याको दोषन्[2] छंन. आज मेरो हुकुम राषनुहोला. दोहरै हुकुम राषता दोहरै धर्म रहंछ. बिधिविस्तार बाभन्नानि आया, बिंति गर्नन्. बिज्ञेषु किमधिकं. इति संवत् १८३४ साल अगहन सुदि ३ रोज ४[3] शुभं

वि. सं. १८३४ मार्गमा प्रतापसिंहको २६ वर्षको उमेरमा मृत्यु भयो । त्यस वेला प्रतापसिंहका छोरा रणबहादुर शाह अढाइ वर्षका थिए । लक्ष्मीपतिको संग्रहमा रहेको एक अपूर्ण पत्रबाट प्रतापसिंहको काजक्रिया बहादुर शाहले गरेको जस्तो देखिन्छ[4] ।

माथि दिइएका पत्रहरूले यस विषयमा निकै प्रकाश पार्ने हुनाले तिनको विषयमा केही लेख्नुपरेको छ ।

वि. सं॰ १८३४ मार्ग ९ गते श्री ५ रणबहादुरको भाखाबाट दलमर्दन शाह र बहादुर शाहलाई "बुबाज्यू (प्रतापसिंह) लाई पहिले रक्तातिसारको रोग थियो, पछि वात पनि भयो, रोगले च्यप्तै ल्यायो र मंसीर ६ गते सोमवार बिहान उहाँको स्वर्गवास भयो, ८ जना केटीहरू सती गए, क्रियाकर्म गर्न लाग्यौं, नरु शाह शिव शाह भोटु पाँडेहरू क्रिया बसेका छन्, तपाईं-

---

१. बदा=सेवक । २. दोषन्=दोष ।

३. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३४ मार्ग शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| मार्ग | २२ | बुध | तृतीया | १४ । ५० |

(पात्रोबाट)

४. ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग)का ३९–४० पृष्ठ हेर्नुहोस ।

हरूले पनि जूठो बार्नुहोला, चोखिएपछि तपाईंहरूलाई लिन यहाँबाट मानिस आउँछन्, त्यहाँसम्म त्यहीं राज गर्नुहवस्" भनी पत्र लेखियो । (१० संख्या)

त्यसपछि मार्ग १३ गते यहाँबाट दलमर्दन शाह र बहादुर शाहलाई "तपाईंहरूलाई लिन पठाउने सल्लाह भएकै थियो, हडबडाएर आउनुभएछ, यहाँबाट मानिस नआउन्ज्याल पर्सामै बस्नुहोस्" भनी पत्र लेखियो । (११ संख्या)

यसको भोलिपल्ट मार्ग १४ गते यहाँबाट हेटौंडातिरको प्रदेशको बन्दोबस्त गरेर बसेका लक्ष्मीरमण उपाध्यायलाई "बहादुर शाह कान्छा चौतरिया (दलमर्दन शाह)सँग छुट्टिएर आए भन्ने सुनियो, बहादुर शाहलाई जहाँ भेट्छौ, त्यहीं थाम, नफर्काऊ, शुद्धशान्तिसम्म त्यहीं थाम, वैद्यलाई पठाइदिनू भन्ने आज्ञा आएकोले वैद्य वल्लभ जोशीलाई पठाइदिएको छ, औषधि गराउन लाऊ, कान्छा चौतरिया (दलमर्दन शाह)लाई पर्सैं थाम, बहादुर शाह यहाँ आएपछि सल्लाह गरेर झिकाउँला" भनी पत्र लेखियो । (१२ संख्या)

यही दिन यहाँबाट बहादुर शाहलाई "तपाईंलाई लिन मानिस पठाउँला भनी लेखेकै थिएँ, तर तपाईं हेटौंडा पाल्नुभएछ, शुद्धशान्ति नभएसम्म हेटौंडामा बस्नुहोला, त्यसपछि मानिस लिन पठाउँला, वैद्य पठाइदिनू भनेर आज्ञा भएको रहेछ, वैद्य वल्लभ जोशीलाई पठाइदिएको छ" भनी पत्र लेखियो । (१३ संख्या)

लक्ष्मीरमणलाई पठाएको पत्रको जवाफ लक्ष्मीरमणले पठाए । तर लक्ष्मीरमणले के लेखेका थिए, यो कुरा यस पत्रबाट खुल्दैन । यसको जवाफमा यहाँबाट मार्ग १५ गते लक्ष्मीरमणलाई "शुद्धशान्ति भएपछि दलजित् शाह मानिस लिएर नआउञ्जेलसम्म बहादुर शाहलाई भीमफेदीमै थाम" भनी पत्र लेखियो । (१४ संख्या)

बहादुर शाहले "महादेव उपाध्यायले ल्याएको लालमोहरको भरमा हामी दुवै (म र दलमर्दन शाह) आयौं, एकादशाह र सपिण्डी हजूरबाट होओइन भनी म दौडादौड गरी आएँ, चौतरिया बाबा (दलमर्दन शाह) लाई चाहिँ थामी पठाएँ" भनी पत्र लेखे । त्यसको जवाफमा यहाँबाट मार्ग १५ गते "तपाईंलाई आराम नभएकोले तपाईंको हातबाट गर्दा झन् आराम नहोला भनी एकादशाह र सपिण्डीको काम दलजित् शाहलाई गर्न लगायौं, चार दिन त्यहीं बस्नुहोस्, दलजित् शाह मानिस लिएर तपाईंलाई लिन आउँछन्" भनी पत्र लेखियो । (१५ संख्या)

बहादुर शाहले "एकादशाह र सपिण्डीको काम गर्न भनी म दौडादौड गरी आएँ, तर मलाई रोकियो, त्यस कारण म यतैबाट फर्कन्छु" भनी पत्र लेखे । त्यसको जवाफमा यहाँबाट मार्ग १५ गते माथिकै पत्रको जस्तो बेहोरामा अर्को पत्र पठाइयो । (१६ संख्या)

यसको भोलिपल्ट मार्ग १६ गते यहाँबाट बहादुर शाहलाई "तपाईं थामिनुभएछ, असल भयो, शुद्धशान्तिको भोलिपल्ट आदित्यवार तपाईंलाई लिन दलजित् शाहहरू आउँछन्, शुद्धशान्तिको गोदान दक्षिणाको लागि १०० रु., एउटा खसी, ४ वटा बोके, मसिनो चाँवल ४ मुरी, मुङ्को दाल २ पाथी, मासको दाल ५ पाथी, घिउ १ घडा, तेल १ घडा, चिनी ३ धार्नी, मरमसला,

हाँडी १, रोढि दोलैंचा १, सतरंजा १ पठाइदिएको छ, अरू खर्चको लागि चितलांगबाट गौरीकान्तका मानिसले १० मुरी चामल ल्याउँछन्, यहाँ एकादशाहमा लागेको खर्चको विवरण पटाइदिएको छ" भनी पत्र लेखियो । (१७ संख्या)

बहादुर शाहले "कान्छा चौतरिया (दलमर्दन शाह) लाई लक्ष्मीपुरमै राखेर आएको थिएँ, मेरो अनुमतिबेगर पर्सा आएछन्, उनलाई रोक्न सिपाही पठाएँ" भनी पत्र लेखे । यसको जवाफमा यहाँबाट मार्ग १७ गते "तपाईं यहाँ आएपछि सल्लाह गरेर दलमर्दन शाहलाई झिकाउँला, आदित्यवार तपाईंलाई लिन दलजित् शाहहरू आउँछन्" भनी पत्र लेखियो । (१८ संख्या)

बहादुर शाहले "मलाई लिन दलजित् शाहहरूलाई चाँडै पठाउनू" भनी पत्र लेखे । त्यस पत्रको जवाफमा यहाँबाट "भोलि शुद्धशान्ति छ, पर्सि आदित्यबार दलजित् शाहहरू आउँछन्" भनी पत्र लेखियो । (१९ संख्या)

यसपछि दलजित् शाहहरू बहादुर शाहलाई लिन गए, तर उनी आएनन् । यसपछि गजराज मिश्र, दलजित् शाह आदि भारादारहरूले लेखेको चिठी लिएर लक्ष्मीरमण उपाध्याय काठमाडौं आए । त्यसपछि मार्ग २२ गते यहाँबाट बहादुर शाहलाई "म तपाईंकै भतिजा हुँ, यो तपाईंकै घर हो, आफ्नो घरमा कागज लेख्न गाह्रो नमान्नुहोस्, ज्युज्युबाबा (पृथ्वीनारायण)को इष्टदेवता नबेचेस् भन्ने हुकूम छ भन्नुहुन्छ रे, म पनि राजा हुँ, मेरो हुकूम पनि राख्ता डबल धर्म हुन्छ, चाँडै पाल्नुहोस्" भनी पत्र लेखियो । (२० संख्या)

माथिका पत्रहरूमा चिठी ओहरदोहर गर्नेको रूपमा उल्लेख आएका बाभनानीको परिचय पाउन सकिएको छैन ।

बहादुर शाह र दलमर्दन शाहलाई पहिले लिन पठाई पछि बीच बाटोमै रोकिएको कुरा विचारणीय छ । मार्ग १५ गतेभन्दा अघिको पत्रमा दलजित् शाहको उल्लेख नआउनु पनि एक विचारणीय कुरा छ ।

बहादुर शाह प्रभावशाली भएका र उनी यहाँ आइपुगे आफ्नो योजनामा बाधा पर्ला भन्ने संझी एक पक्षले सकभर उनलाई रोक्न खोजेको बुझिन्छ । तर उनलाई राजधानीमा ल्याउने पक्ष पनि भएकोले सर्वातमना रोक्नु पनि संभव थिएन । यसो हुनाले १०,१२ दिन भए पनि उनलाई अलमल्याई राख्ने कोशिश गरिएको थियो भन्ने कुरा यी पत्रबाट बुझिन्छ ।

तर बहादुर शाह यहाँ भित्रिनेबित्तिकै उनको हातमा शक्ति आयो भन्ने कुरा रणबहादुर शाहले दलमर्दन शाह तथा बलभद्र शाहलाई लेखेको पत्रबाट थाहा पाइन्छ ।[1] दलमर्दन र बलभद्र लाई लेखेको पत्रबाट काजक्रिया गर्न म पनि आइपुगिसकेको थिएँ भन्ने प्रचार बहादुर शाहले गर्न लगाएको, व्रजनाथ पौडेललाई देशनिकाला गरेको तथा परशुराम थापालाई कैद गरेको देखिएको हुनाले बहादुर शाहलाई अलमल्याउन यिनीहरूको हात थियो कि भन्ने आभास पर्छ ।

१. ऐतिहासिक–पत्रसङ्ग्रह (पहिलो भाग) का ३९–४२ पृष्ठ हेर्नुहोस् ।

## *श्री ५ रणबहादुर शाहले बहादुर शाहलाई*
## *वि. सं. १८३६ मा लेखेको पत्र*

(२१ संख्या)

**स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहादूरसाहबहादूरसम्सेरजङ्देवानां सदा समरविजयिनाम्**

**लि. स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीश्रीश्रीमद्बहादूरसाहदेवेषु सदा समरविजयिषु सलामपूर्वकपत्रमिदं. आहा कुसल. ताहा कुसल चाहिये. पत्र आयो. अर्थ मालूम भयो. आगे ईहाको समाचार भलो छ. उप्रांत गंगाधर पाध्या मकवानपुर छँदा हाम्रो पक्ष पऱ्याका घस्[1] ढुंगाको सोझो गऱ्याको रहेछ. पछि चाकरि गर्न आउदा श्रीपसुपतिको वास गर्नु सोझो टहल पनि गर्नु भन्नाका आसयले श्री ५ जिव्यूबाबाका पिछा पऱ्याका रह्याछन्. सोहि आसयले चन्द्रदत्त पण्डित चाकरिमाहा छँदै थिया. गंगाधर पाध्याकन बिराम भयेछ र डाकन आयाछन्. जान्छन्. एक षातिरजम्माको[2] मोहर बिन्ति गर्छन्. षातिरजम्मा बक्सन्यै हो भनि लेषनुभयेछ. योग्यै लेषनुभयेछ. भला मानिस छन्. हामिले पनि पिछा लियेको छ. षातिरजम्माको मोहर पनि बक्सौला. आज जाउन्. संच भयापछि आइजाउन. उप्रांत विष्णुसि कार्कि जान लाग्यो. निको[3] मानिस छ. बिन्ति गरि थाम भनि भारादारहरूलाई लेषनुभयाको रहेछ. भारादारहरूले बिन्ति गऱ्या. थामन मोहर पठाऔं. तपाईंबाट पनि थाम्नुहवोस्. उप्रांत शांतिपर्व पूरान अध्याय २२१ भयो. आधा भयेछ. बढिया भयो. सांग्ये कतिन्ज्या हुन्छ. लेषनुहवोस. विज्ञषु किमधिकं. इति संवत् १८३६ साल फाल्गुन वदि ४ रोज ४[4] मोकाम कान्तिपुर राजधानि शुभम्**

प्रतापसिंहको मृत्युको लगत्तै बहादुर शाह काठमाडौं आए। परन्तु देबर बहादुर शाह र भाउजु राजेन्द्रलक्ष्मीमा खटपट हुन लाग्यो । आखिरमा वि. सं. १८३५ भाद्र १९ गते राजेन्द्रलक्ष्मी नजरबन्द भइन्[5] । राजेन्द्रलक्ष्मीका समर्थक सर्वजित् राना काटिए । यसको पर्सिपल्ट भाद्र

१. घस्=यस (?) । २. षातिरजम्मा=आदरसत्कार । ३. निको=असल ।

४. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३६ फाल्गुन कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| फाल्गुन | १५ | बुध | चतुर्थी | ५० । १९ |

(पात्रोबाट)

५. ऐ. शि. बाबुराम आचार्यले विभिन्न वंशावलीको आधारमा तयार गर्नुभएको टिपोट ।

२१ गते बहादुर शाहले राजाको लालमोहर लिई आफू शासक भएको कुरा घोषणा गर्न लगाए[१]।

वि. सं. १८३६ आषाढ १० गते राजेन्द्रलक्ष्मी कैदबाट छुटिन् । बहादुर शाह नजरबन्द भए[२]। यसको केही कालपछि बहादुर शाह बिदेसिए । यसपछि बहादुर शाहको स्थिति कस्तो रह्यो भन्ने कुरा बुझ्न सकिएको छैन । तर माथिको पत्रबाट यस विषयमा केही कुरा खुल्छ ।

वि. सं. १८३६ को हिउँदमा बहादुर शाहले "गङ्गाधर उपाध्यायले मकवानपुरमा रहँदा हाम्रो सोझो गरेका रहेछन्, पछि यहाँ आई बुबा पृथ्वीनारायणको पीछा परेका रहेछन्, चन्द्रदत्त पण्डित पनि पीछामा परेका थिए, गङ्गाधर उपाध्याय बिरामी भएछन् र चन्द्रदत्त पण्डितलाई डाक्न आएछन्, खातिरजामाको लालमोहर माग्छन्, दिनुपर्‍यो, विष्णुसिंह कार्की पनि जान लाग्यो, थाम्नुपर्‍यो" भनी लेखे । यसको जवाफमा वि. सं. १८३६ फाल्गुन १५ गते यहाँबाट "चन्द्रदत्त पण्डित अहिले घर जाऊन्, गङ्गाधर उपाध्यायलाई निको भएपछि चन्द्रदत्त पण्डित आऊन्, विष्णुसिंह कार्कीलाई थाम्न लालमोहर पठाएको छ, तपाईंले पनि थाम्नुहोस्, तपाईंले लगाएको शान्तिपर्व पुराण २२१ अध्याय सिद्धिएछ, सांगे कहिले हुन्छ, लेख्नुहोला" भनी बहादुर शाहलाई लेखी गयो ।

यताबाट बिदेसिए पनि पत्रव्यवहारद्वारा राजदरबारसँग बहादुर शाहको संबन्ध कायम रहेको देखिन्छ ।

राजनीतिको विषय परेको महाभारत शान्तिपर्व बहादुर शाह सुन्दा रहेछन् भन्ने कुरा पनि यताबाट बुझिन्छ ।

## *श्री ५ रणबहादुर शाहले बहादुर शाहलाई वि. सं. १८३७ मा लेखेको पत्र*

(२२ सङ्ख्या)

**स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायेनईत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीश्रीश्रीमाहांराजेरणबहाद्रुसाहबहादुरसंसेरदेवेषु सदा समरविजेषु**

**स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायेनईत्यादिविविधविरुदावलिविराजमानमान्नोतश्रीमन्महाराज(ा)धिराजकुमारश्रीबहाद्रु साहिके सलाम्. आगे माहिला काकालाई जति कुरा कागतमा लेष्याको चुकलि हाल्न आउन्या मानिससित जोरिदिउला. पछे नवरिरि[३] जस्ताको तस्तो गरि**

१. पूर्णिमा १० अङ्कको ४७ पृष्ठ हेर्नुहोस् ।

२. ऐ. शि. बाबुराम आचार्यले विभिन्न वंशावलीको आधारमा तयार गर्नुभएको टिपोट ।

३. पछे नवरिरि=पक्ष नलिई ।

सुनिदिउला. सम्वत १८३७ साल आषाड शुदि १० रोज ४[1] मुकाम कांतिपुर शुभम्

बहादुर शाहले बदमासी गरे भनी कसैंले उजूर गरे । त्यसको जबाफमा बहादुर शाहले मैले केही बिराएको छैनँ भनी आफूलाई निर्दोष बताए । त्यसमा राजदरबारबाट बहादुर शाहलाई आफ्नो निर्दोषताको प्रमाण पेश गर्न मौका दिई वि. सं. १८३७ आषाढ ३१ गते लेखिएको पत्र यो हो ।

## *श्री ५ रणबहादुर शाहले भिर्कोटका राजा हरिकृष्ण खानलाई वि. सं. १८४६ मा लेखेको पत्र*

(२३ संख्या)

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेरणबहाद्रूरसाहबहाद्रूरसमसेर्जंङ् देवानां सदा समरविजयिनाम्

स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमत्महाराजाश्रीश्रीश्रीहरिकृष्ण षानके आजसम्म ईन्द्रभुपाल षानकन भिर्कोटको रजाइँ थामिबक्स्याको थीयो. आफ्ना पुर्षाले गऱ्याको धर्म नराषि आफालन पसता र ऊनले हाम्रा हुकुम्मा नचलदा ईन्द्रभुपाल षानकन षोसि तिमिलाई भिर्कोटको रजाइँ थामिबक्स्यौं. तिमिले तिम्रा सन्तानले गोरषाको ढुंगाको सोझो गरन्ज्याल् हाम्रा हुकुम्मा चलन्ज्याल् तिमिलाई तिम्रा संन्तानलाई हामिले हाम्रा सन्तानले नषोसनु गरि ताम्वापत्र वक्स्यौं. आपना षातिर्जामासँग गादिमा बसि गोर्षाका ढुंगाको सोझो गरि रजाइंको भोग्य गर. ईति सम्वत १८४९ साल पौष वदि ९ रोज ६[2] मुकाम कांन्तिपुर राजधानि शुभम्

---

२. यस दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८३७ आषाढ शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| आषाढ | ३१ | मङ्गल | दशमी | ३७ । १० |

पत्रमा रोज ४ लेखिएको छ । तर गणना गर्दा दशमीको दिन मङ्गलवार पर्छ, बुधवार पर्दैन । यस कारण यहाँ रोज ३ लेख्नुपर्नेमा भूलले ४ हुन गए जस्तो देखिन्छ ।

२. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८४९ पौष कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी |
|---|---|---|---|---|
| मार्ग | २६ | शुक्र | अष्टमी | ९ |

(पात्रोबाट)

अष्टमीको घडी ९ उप्रान्त नवमीमा यो पत्र लेखिएको देखिन्छ ।

आफ्नो आश्रयमा आएका राज्यहरूलाई थामी उनीहरूसँग राम्रो व्यवहार गर्ने नीति बहादुर शाहको थियो । यसै नीतिअनुसार वि. सं. १८४३ पौषमा नेपाल सरकारले आफ्नो आश्रित राज्य भिर्कोटलाई जाहारीनामक प्रदेश थपिदिएको थियो[1] ।

वि. सं. १८४९ मार्ग २६ गते नेपाल सरकारले इन्द्रभूपाल खानलाई झिकी हरिकृष्ण खानलाई भिर्कोटको राजापदमा राखी यो पत्र लेखिदिएको हो । इन्द्रभूपाल खान नेपालसरकारको अनुकूल नरहेका हुनाले विद्रोह हुने सम्भावना देखेर उनलाई झिकी हरिकृष्ण खानलाई भिर्कोटको राजगद्दीमा राखिदिएको देखिन्छ । परन्तु यस विषयका अरू सामान नपाइएका हुनाले यसभित्र के के घटना घटे, अहिले यस विषयमा केही बोल्न सकिदैंन ।

## *श्री ५ गीर्वाणयुद्धविक्रम शाहले गढवालका राजा प्रद्युम्न शाहलाई वि. सं. १८५८ मा लेखेको पत्र*

(२४ संख्या)

**स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजेगीर्वाणयुद्ध विक्रमसाहबहादुरसमसेरजंङ् देवानाम् सदा समरविजयिनाम्**

**आगे गढका[2] राजा श्रीप्रद्युम्न साहदेवके अघी ऊनंचास सालमा हाम्रो लस्कर जाई गढको तषत[3] श्रीअलकनन्दावारको देस लंगुरगढसमेत अंबल[4] गर्दा राजा श्रीप्रद्युम्न साहदेव श्राई हाम्रा भारादारसँग श्रीअलकनन्दाको तिर देवालयमा बसी गन्याको धर्म्म थाम्नाकन केसरको पंजा बीन्ति गर्न राजा श्रीप्रद्युम्न साहदेवको अंस[5] भं श्रीबुबाज्युका हजुरमा धरणीधर षंडौरी आऊन्दा बिन्ती सुनी गढका राजा श्रीप्रद्युम्न साहदेवका सन्तानले मनसा वाचा कर्मणा हाम्रा सन्तान ढूंगामा सोझो चिताबन्ज्यालसंमलाई राजा श्रीप्रद्युम्न साहदेवकन अभय गरी श्रीबुबाज्युका बाहुलीको केसरको पंजा बक्सनुभयाको (थियो). सतावँन्न सालमा पनि धरणीधर षँडौरी आई हाम्रा हजुर बिन्ती गर्दा मामुली रिक्ताबन्देज थाँमि हामीले पनि अघी बक्स्याका अभय केसरपन्जाको तामापत्र गरी बक्स्यौं. सम्वत् १८५८ साल वैसाष सुदि ३ रोज ५[6] शुभं.**

---

१. पूर्णिमा ६ पूर्णाङ्कको ५३ पृष्ठ हेर्नुहोस् ।

२. गढ=गढवाल । ३. तषत=राज्य । ४. अंबल=विजय । ५. अंस=दूत ।

६. यस दिनको पञ्चाङ्ग यस प्रकारको छ—

वि. सं. १८५८ वैशाख शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| वैशाख | ६ | बृहस्पति | तृतीया | १३ । | २१ |

(पात्रोबाट)

वि. सं. १८४७ चैत्र ११ गते कुमाउँ विजय गरेपछि[1] पनि नेपालीहरू पश्चिमतिर अघि बढ्दै गए । वि. सं. १८४९ मा नेपालीहरूले अलकनन्दासम्मको गढवाली राज्य दखल गरे । त्यसपछि गढवालले वर्षको ९ हजार तिर्ने गरी नेपालसँग आश्रित सन्धि गऱ्यो । वि. सं. १८५१ फाल्गुनमा गढवाली दूत धरणीधर खंडौरी गढवाली राजा प्रद्युम्न शाहलाई अभयपञ्जा दिलाउने तथा गढवालले बर्सेनि बुझाउने गरेको ९ हजार अबदेखि बुझाउन नपर्ने गराउन काठमाडौं आए । गढवाल नेपालको आश्रयमा राम्ररी नै बसिरहेको देखेर नेपालसरकारले ९ हजारबाट घटाएर ३ हजार मात्र बर्सेनि बुझाउनुपर्ने गरिदियो । यसपछि वि. सं. १८५२ चैत्र २६ गते गढवाली दूत धरणीधर खँडौरी चौ. बम शाहसँग गढवालतिर गए[2] । वि. सं. १८५७ मा फेरि धरणीधर खँडौरी काठमाडौं आए । उनी आएपछि वि. सं. १८५८ वैशाख ६ गते नेपाल सरकारबाट प्रद्युम्न शाहको नाममा यो ताम्रपत्र गरिदिइएको हो ।

पहिलो अभयपञ्जाको पत्र रणबहादुर शाहले गरिदिएका हुन् । यस वेला उनले राज्यत्याग गरेको तथा उनी काशीतिर गइरहेका हुँदा नयाँ राजा गीर्वाणयुद्धबाट पनि अभयपञ्जा थाम्नु आवश्यक हुँदा फेरि यो पत्र भएको देखिन्छ ।

## *श्री ५ गीर्वाणयुद्धविक्रम शाहले जिरी आदि प्रदेशका गोठालाहरूलाई वि. सं. १८५८ मा लेखेको पत्र*

(२५ संख्या)

**स्वस्तिश्रीमन्महाराजाधिराजकस्य रुक्का**

**आगे जिरि बिमदी तिन्मुदी छेतर्पा जुगु एकाङ् फापलुका मिझार भागिसिंग्या हर्क्या गंगाधन्या धंराज्या छाकी अतीवल्या पुराँन्धन्या बाँध्या रघुपत्या नेनधन्या गोठाला पर्सुराम षडका जसराम षडका अटल बस्न्यात् पतिमन कार्किप्रति हिजो श्रीज्यूज्यूबाज्याले त्यो गोठ जमाऊन्दा गोठलाई राष्याका तिषुवा षेत षरक अमाली छप्यालीले जबद गर्दा फिन्याद[3] गर्न आयौ. गोठको अम्बल[4] काटी हामीले कसैलाई बक्स्याको छैन. हिजोको थिति थाँमि हाम्रा गोठलाई राष्यौं. गोठका जगामा थुमले[5] र छप्यालीले मिचन गया गोठका प्रजाले र गोठालाले थुम्का जगा मिचन गया दोहरो निसाफ् बुझी जसको अध्यॉली ठहर्ला. पाच सय रुपैया गुन्‌गार[6]**

---

१. पूर्णिमा ५ पूर्णाङ्कको ६० पृष्ठ हेर्नुहोस् ।

२. पूर्णिमा चौथो वर्षका ३४–३५ पृष्ठ हेर्नुहोस् ।

३. फिन्याद=उजूर । ४. अम्बल=अधिकार । ५. थुम=जिल्लाका विभागका अनेक गाउँ वा मौजाहरूको समूह । ६. गुन्‌गार=दण्ड ।

लिगुंला. इति सम्वत १८५८ साल मिती पौष सुदि ५ रोज ६[1] शुभम्

श्री ५ पृथ्वीनारायण शाहले पूर्वतिरका जिरी आदि प्रदेशमा गोठ स्थापना गर्न लगाई त्यसको लागि केही खेत राखिदिएका थिए । पछि त्यो खेतमा त्यस प्रदेशका अमालीहरूले जबरदस्ती गर्दा त्यहांका गोठालाहरूले सरकारमा बिन्ती चढाए । त्यसमा सरकारबाट त्यो जग्गा हामीले खोसमोस गरेका छैनौं, त्यो जग्गा गोठको हो, तिमीहरू आफुसआफुसमा मिली रहू भनेर वि. सं. १८५८ पौष २७ गते लेखिदिइएको पत्र यो हो ।

पशुपालन पनि आम्दानीको स्रोतमा पर्छ । पृथ्वीनारायण शाहले यस कुरामा पनि दृष्टि दिएका थिए भन्ने कुरा यस पत्रबाट बुझिन्छ ।

आचार्य कौटल्यले पनि गोपालनको विषयमा विस्तारपूर्वक विचार गरेका छन्[2] ।

[यस निबन्धमा छापिएका २५ वटा पत्रहरूमध्ये २३,२४ संख्याका दुइटा पत्रको उतार नकलबाट र बाँकी २३ वटा पत्रको उतार सकलबाट लिइएको हो ।

यस निबन्धमा परेका गणना श्रीदेवीप्रसाद भण्डारीले गरिदिनुभएको हो ।]

(क्रमागत)

# वीर भक्ति थापा

—*महेशराज पन्त*

काजी नयनसिह थापा काँगडामा आइपुगेपछि काँगडाको किल्लाभन्दा पूर्वपट्टिको टेहरा किल्लामा घेरा हाल्न हाम्रा सर्दार भक्ति थापा खटाइए । नयसिह थापाचाहि अमरसिह थापासँग मिली काँगडाको किल्ला घेर्न लागे[3] ।

१. यस दिनको गणना यस प्रकारको छ—

वि. सं. १८५८ पौष शुक्ल

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| पौष | २७ | शुक्र | पञ्चमी | ४९ । | ४७ |

(पात्रोबाट)

२. कौटलीय अर्थशास्त्र २ अधिकरण २९ अध्याय हेर्नुहोस् ।

३. तल आउने चिठी हेर्नुहोस् ।

भक्ति थापा टेहरा घेर्न गएको यही वेलामा हन्डुरका भगुवा राजा रामशरणले हन्डुरमा दोस्रो बाजि हमला गरे । यसपछि शत्रुलाई धपाउनाको लागि काँगडाबाट पल्टन लिई सुब्बा हस्तदल शाह, काजी जसपाउ थापा सर्दार अङ्गद घले हन्डुरमा आए । उनीहरूले रामशरणलाई धपाई हन्डुरमा नेपालको अधिकार कायम राखे[१] ।

आफ्नो मातहतको ९ कम्पनी फौज लिई भक्ति थापा टेहरा घेर्न गए । अरू ३ कम्पनी फौज आफ्नै तर्फबाट थपी १२ कम्पनी फौज तुल्याएर टेहरा किल्लाको सिह्रानमा ६ वटा ठाना हाली मजबूतीसँग घेरा दिई भक्ति थापा टेहरामा बसिरहेका थिए । यसै वेला वनवजीरको मातहतमा काँगडाको सैन्य भक्ति थापासँग लड्न आयो । भक्ति थापाको सैन्यले शत्रुसैन्यलाई परास्त गरी शत्रुपक्षका सेनापति वनवजीरलाई समेत मारिदियो ।

यसरी आफूले टेहरामा विजय गरेको कुरा वि. सं. १८६३ असोज १६ गते लेखी भक्ति थापाले श्री ५ महाराजाधिराजको हजुरमा पठाए । भक्ति थापाले पठाएको सो अर्जी १ महीना ४ दिन पछि कार्तिक २० गते काठमाडौंमा आइपुग्यो ।

---

**१. सिहनाथ कम्पनी १ र गढकुमाउमा बस्याका कम्पनी १२ समेतली सर्दार भक्ति थापा टिहिरामा घेरा दिन गया ।**

**त्यही वेलामा राजा रामशरणले १०।८ हजार लश्कर ली हन्डुरमा चढी रस्ता बन्द गर्दा काँगडाबाट सुब्बा हस्तदल शाहि काजी जसपाउ थापा सर्दार अंगद घलेले ९।१० कम्पनी ली हन्डुरमा आई रामशरणसित जोरिंदा लडाइं भयो र हंडुर साफ गरी वैरी काटी रस्ता खोली कम्पनी फौज लिएर काजी जसपाउ थापा कांगडैमा फर्क्या । सुब्बा हस्तदल शाहि र सर्दार अङ्गद नेपाल गया । सुब्बा हस्तदल शाहि सल्ल्यान आइपुग्दा तिमी फेरि फर्की डोटी जाई बस भन्न्या हुकूमको लालमोहर आउंदा फर्की डोटीमा आई बस्याका थिया ।**

**(भाषावंशावलीबाट)**

संसारचन्द काँगडाको किल्लामा बस्न गए । काँगडाको किल्लाभन्दा पूर्वपट्टिको टेहरा किल्लामा भक्ति थापा घेर्न जाँदा हन्डुरका भगुवा राजा रामशरणले हन्डुरमा हमला गरे भनी पूर्णिमाको चौथो वर्षको ३९० पृ. मा मैले लेखेको थिएँ ।

तर श्री ५ गीर्वाणले भक्ति थापालाई वि. सं. १८६३ कार्तिक २५ गते लेखेको चिठी (सो चिठी तल आउँदैछ) बाट नयनसिंह थापा काँगडा पुगेपछि भक्ति थापालाई टेहरा घेर्ने भारा सुम्पी अमरसिंह थापा र नयनसिंह थापा काँगडाको किल्ला घेर्न गए भनी लेखिएकोले भक्ति थापा वि. सं. १८६३ मा मात्र टेहराको किल्ला घेर्न गएका देखिन्छन् ।

नयनसिंह थापा काँगडातिर हिंड्दा हन्डुरका भगुवा राजा रामशरणले हन्डुर फेरि कब्जा गरेका थिए भन्ने वाक्य पूर्णिमा चौथो वर्षको ३९३ पृ. मा मैले लेखेको थिएँ । त्यहाँ परेको फेरि पदलाई झिकी सो वाक्य पढ्न पाठकहरूसँग अनुरोध छ ।

यसपछि भक्ति थापालाई स्याबार्स दिई कार्तिक २५ गते चिठी लेखी काठमाडौंबाट पठाइयो। सो चिठीमा अबउप्रान्त पनि काजी अमरसिंह थापाको र काजी नयनसिंह थापाको सल्लाह-बमोजिम भक्ति थापालाई काम गर्ने निर्देश दिइएको थियो।

तलको चिठीबाट माथि लेखिएका कुरा थाहा पाइन्छन्—

*(श्री ५ गीर्वाणको प्रशस्ति)*

**स्वस्ति श्रीसर्वोपमायोग्य श्रीसर्दार भक्ति थापाके आशिषपूर्वकपत्रमिदं.**

**ज्यांहा कुशल तांहां कुशल चाहिय. आगे ज्यांहाको समाचार भलो छ.**

**आश्विनवदि ३ का दिन लेष्याको अर्जि कार्तिकवदि ७ का दिन[2] आईपुग्यो. भारादार सबै कोटकांगडा घेर्न गया. मलाई टेहरा घेर्न छाडि गयाथ्या. टेहरा किल्लाका सिह्लानमा ६ ठाना हालि वस्याको थिञां. वैरि आइलागदा लडांइ भयो. जित्यौं भनि विंति गरि पठाइछस्. विस्तार मालुम् भयो.**

**उप्रान्त कांगडाको काज आंटि तिमि सब भारा कंपनि पांचलाई विदा गर्दा काजिका सल्लाह-बमोजिम हाम्रो वन्न्या सप्रन्या काज गर्नु भनि अऱ्हाइ काजि अमरसिंह थापा काजि नयनसिंह थापालाई घाकटकको[3] मुष्तेयारी[4] वक्सी पठायाको हो. हुकुमैबमोजिम २ काजिका सल्लाह-माफिक टेहरामा वति सन्सारचन्द वैह्लाइ[5] वनवजिर अरु भाराफौजसमेत आइलाग्याका वैरिसंग कटक[6] गरि वनवजिरसमेत ढेरै व(वै)रि काटि लडाइँ फत्य गरि जस् पाइछस्. बढिया गरिछस्. षुसि भञौं. अव पनि २ काजिकै सल्लाहबमोजिम हाम्रो वन्न्या सप्रन्या काम गर. हाम्रा काजमा जो जस्तो मिहिनत गरौला. तसैमाफिक मान जागिर ईनाम वक्सौंला.**

**बाँकि भारादारले येस् मुलुकको काम लाउंदा ९ कम्पनि थिया. १२ कम्पनि तुल्याई जोरिई-रह्याछु. गढका तेसरिले यो सरजाम जोऱ्याको होईन. काम देषि षामिदले पालना गर्नुहोला भनि तुल्यायाको हो भनि विंति गरि पठायाको अर्थकन वढिया हो. हाम्रो वन्न्या सप्रन्या काज गर्लास् भनि पत्याइ येताबाट विदा गरि पठायाको हो. तांहा भारादारले पनि येक जगाको अषतेयारि दि तलाई टेहरामा राष्याछन्. तैले पनि आफनु नावैं राषि काम गरिछस्. तेरो गऱ्याको सेवकाइं[7] बुझि विवेकैसित पालना गरौंला. षातिर्जामासित[8] रहि आफ्ना साथका मानिसलाई सुमना[9] राषि काज गर.**

---

१. असोज १६ गते। २. कार्तिक २० गते।

३. घाकटक=सन्धिविग्रह। ४. मुष्तेयारी=अधिकारप्राप्त प्रतिनिधित्व। ५. सन्सारचन्द वैह्लाइ=संसारचन्दलाई दमन गरी ? ६. कटक=लडाइँ।

७. सेवकाइ=सेवा। ८. षातिर्जामा=विश्वास। ९. सुमना=राजीखुशी।

**ईति संवत् १८६३ साल मिति कार्तिक वदि १३ रोज ७ मोकाम कांतिपुर सुभं**[१]

(हिमवत्संस्कृति ३ अङ्कको १६ पृष्ठमा छापिएको यस चिठीको सकल भक्ति थापाका सन्तान डा. आनन्दबहादुर थापासँग छ। उहाँको सौजन्यले सकलबाट भिडाई शुद्ध पाठ यहाँ दिइएको छ।)

नेपाली सैन्यले काँगडाको किल्लामा घेरा हालेकोले किल्लाभित्र रसद पुग्न पाएन । त्यसमाथि नेपाली सैन्यले बाहिरपट्टिबाट किल्लाभित्र हमला पनि गर्ने गरेको थियो । यसले गर्दा संसारचन्दलाई किल्लाभित्र टिक्न मुश्किल पर्न गयो। यसैले किल्लाबाट राति सुटुक्क भाग्ने विचार संसारचन्दले गरे[३] ।

---

१. वि. सं. १८६३ कातिक कृष्ण

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| कार्तिक | २५ | शनि | त्रयोदशी | ३२ । ३८ |

(पात्रोबाट)

२. नयनसिंह थापा मरेपछि टेहराको लडाइँ भयो भनी भाषावंशावलीमा यसरी लेखिएको छ—

**...शाके १७२८ (वि. सं. १८६३) मा नयनसिंह थापा पनि खस्या ।**

**तहाँपछि किल्लामा झोकिई सप्रन्याछैन. यसैलाई रसद बन्द गऱ्या मात्रै किल्ला सर होला भन्या सल्लाह ठहऱ्यो. किल्लाको दक्षिणपट्टि गणेशघाटीमा सर्दार गन्धर्वसिंहसमेत रणभीम रामदल र डोटीका तीन कंपनी र रणशार्दूलकंपनी ली बस्या. पश्चिम सुमेरुपुरमा नयाँ गोरख नयाँ श्रीनाथसमेत २०।२२ कंपनी र ढाक्या सर्दार सुबेदार जमादार हुद्दा सिपाही गरी ४।५ हजार फौज ली काजी बडा अम्बरसिंह थापा काजी जसपाउ थापा सर्दार रणजित् कवर बस्याका थिया. सर्दार भक्ति थापा किल्लादेखि पूर्वपट्टि टिहिरा सुफलमा बस्याका थिया.**

**काँगडाबाट वेनवजीरले २।४ हजार लश्कर ली डाँक हान्न आया र सरदार भक्ति थापा वहिराई सोहरा लाउँदा भारी लडाइँ भई गोर्खाको जित भयो। काँगडाको वनवजिरसमेत ८०।१०० जवान खेत रह्या । घायलको ठेगाना भएन। गोर्खाका १५।२० जवान खेत रह्या । ३०।३५ घायल भया ।**

**३. करि सलाम काजी उट धाये ।। शीघ्र महापश्चिमैं आये ।।**
**नैनसिंह काजी जवं पौछे पश्चिम जाइ ।**
**महात्रास तिनकौं भयो भजे लोक अकुलाइ ।।**
**भजे लोक अकुलाय सब धाये वाला ।।**
**दुरे सौर उद्यांन वनमैं वेहाला ।।......**
**लयो कांगडा घेरि नहि देर लागी ।।......**
**कहीं भाजने घाट नहि वाट राषी ।।......**
**जितै औ तितै रस्त सब बंद कोनी ।। भयो अंन भय त्राशही संघ लीनी ।।**
**जबै हार संसारचन्दाकुलायो ।। चहुं वोर तैं राह ज्योंकटक धायो ।।**

काँगडा कब्जा गर्न अझ नसकिएकोले अब कुन प्रकारले काँगडासँग लडे आफूलाई फाइदा होला भनी नेपाली भारादारहरूले यसै वेला सल्लाह गरे । अहिले हमलाको गति नबढाई यस्तै छाँटले लड्दै जाने राय धेरै जनाको थियो । नयनसिंह थापाको विचार भने जोडतोडसँग हमला गरी झट्टै किल्ला कब्जा गरिहाल्ने थियो । यसरी दुइ थरी मत आएकोले त्यसको असर लडाइँमा पनि पर्न गयो ।

यसपछि काँगडाको किल्ला कब्जा गर्न भनी आफ्ना मातहतको फौज मात्र लिई नयनसिंह थापा अगाडि बढे । यसरी अगाडि बढ्दा नयनसिंह थापाले केही कालसम्म त साफल्य हासिल गरे । यस्तैमा शत्रुपक्षबाट छोडिएको गोली लागी नयनसिंह थापा घाइते भई पछारिए । यसको ३ दिनपछि उनले प्राण पनि छोडे ।

(क्रमशः)

---

कह्यो वीर है कोय तो धीर धारो ।। निकस बाहरें सस्त्र सौं ही सभारो ।।
सुनी दीन हीं छीन सब ही नै बानी ।। गही मौन इहकौं नही नैन मानो ।।
भयो चित्त निर्स्वास ही आस छाडी ।। जहां औ तहांसौ लषे फौज बाढी ।।
षलंगा तिलंगा षडे ठौरठौरें ।। रह्यो वीर नहि कोय आवै जो सो हरें ।।
जबें वात संसारचन्दा विचारी ।। करी भाजनेकै निसानै तयारी ।।

(गीर्बाणयुद्धप्रकाशबाट)

[ (महाराजलाई) सलाम गरी काजी [नयनसिंह थापा] उठ्नुभयो; महापश्चिममा धाएर चाँडै आइपुग्नुभयो; नयनसिंह काजी पश्चिममा आइपुग्नुभएपछि तिनीहरूलाई [संसारचन्दहरूलाई] खूप डर भयो, आत्तिएर तिनीहरूले भागाभाग गरे । बेहाल भएका तिनीहरू आत्तिएर भागीकन टाढाटाढा बगैंचा बनहरूमा पुगे ।

काँगडा घेर्न बेर लागेन । भाग्ने बाटोघाटो कहीं राखिएन । जतातत्तै सबै बाटा बन्द गरिए । (तिनीहरूलाई) अन्नको सकस पर्‍यो । चारैतिरबाट हमला गरिएकोले संसारचन्दले हार्‍यो र ऊ आत्तियो । कोही वीर धीर छ भने बाहिर निस्क र हतियार लेऊ भनी (काजीले) भन्नुभयो । दिक्क भएका र दुब्लाएका तिनीहरूले यो कुरा सुने, (तिनीहरू) चूप लागेर बसे । आस मारी (तिनीहरूले) लामो सास फेरे । जतातत्तैबाट फौज बढेर आएको देखियो । ठाउँठाउँमा खलङ्गा बने, त्यहाँ तिलङ्गा राखिए । ती खलङ्गा कब्जा गर्न सक्ने बहादुर कोही थिएन । यो कुरा विचार गरी संसारचन्दले राति भाग्ने बन्दोबस्त मिलाउन थाल्यो । ]

१. इते वीर काजीनें सब ही वुलाये ।। अमरसिंह कौं आदि दै सर्व आये ।।
सबै मंत्र मंत्रीन मिल मंत्र कीन्यो ।। भये वहोत ही दिवस गढ नाहि लीन्यो ।।
माहाराज या वातसैं नाहि राजी ।। चदो आफ हि साफ कहि वीर काजी ।।
सबै मित्र मित्रादि मिल मंत्र भाषैं ।। परे भारमें कौंन ही तोफ आगें ।।

| | |
|---|---|
| लडें ताहिसों धाय जो सौं हि आवें ।। | विना दाव पाषाण सिर को तुडावें ।। |
| सुनि सर्व मंत्रिनकी इज जवानी ।। | चढ्यो आफ निहसंक नही संक मानी ।। |
| लई आपनी कंपनी संगमांही ।। | रहे देषते सर्व भारा तहां ही ।। |
| चल्यो सिंह ज्यौं नैनहोसिंह काजी ।। | रहे सर्व पाछे फतेमाहि साजी ।। |
| चल्यो वीर वेताल विक्राल होई ।। | सक्यो संग मैं लागि ताके न कोई ।। |
| चहूं वोरसौं मेघ ज्यौं धाय आयो ।। | किलादार नैं जाय सवको चेतायो ।। |
| उठे जागते सोवते रात डाके ।। | चहूं वोरसौं घोर ही सार वरषे ।। |
| लगी तोफ जेती किलामै छुटाई ।। | धसे मार ही मार करते सिफाई ।। |
| कही मोरचा मोरिकैं तोर डारे ।। | परी लोथ पै लोथ ही वहुत सारे ।। |
| धरें पैर आगे परें नाहि पाछे ।। | निमक्के हलाली तिलंगा ही आछे ।। |
| लडी षूव पलटन् पलट शत्रु दीन्यो ।। | रहे देष भारा निजा राहि लीन्यो ।। |
| किलासौं छुटैं तोप ही कोपसे ती ।। | परें वज्र ज्यौं इन्द्रके रोषसे ती ।। |
| मनो इन्द्र गोपालको जुद्ध लाग्यो ।। | चढ्यो वीर नेपाल कट्टोच भाग्यो ।। |
| महासिंह ज्यौं नैनसिंह गाजैं ।। | चल्यो भाग कट्टौच ज्यौं मृग्गसा जैं ।। |
| दयो भीतरै वाड ताकौं किलाके ।। | दये सिघ्र ही द्वार मानो सिलाके ।। |
| फिरें झूमते घूमते वीर वांके ।। | षुलें काहुसौं नाहि जो पाट तांके ।। |
| चले आप ही वीर नहि फौज जागी ।। | अगसमात गोली तहां आन लागी ।। |
| पड्यो मत्त मातंग ज्यो भूमराजें ।। | महासिंह ज्यौं नैनहोसिंह गाजैं ।। |
| ... ... ... ... ... .. | उतै शत्रुकी फोज सव ही पलानी ।। |
| किला होंन षाली लग्यो कांगडाई ।। | इते जाय किनहूं हकीकत सुनाई ।। |
| भयो घायलैं कायलैं वहुत काजी ।। | भये दुष्ट षलुलोक सुनतैं हि राजी ।। |
| इहै वात साची किनूहूं नै मानी ।। | किनूहूं कपट छुद्रताकी पैछानी ।। |
| तवैं सिघ्रता दूत देषंन पठायो ।। | घरी ऐकमैं सांच ही षवर लायो ।। |
| भये दुष्ट तव चेत सवकौं सुधाई ।। | किला भीतरैं फौज पुनि पल्टन आई ।। |
| लगे वाजने गाजने जो नकारा ।। | पिले धाइकैं फेर ही सर्व भारा ।। |
| उठ्यो फेर काजी हजो कोपसे ती ।। | षुल्यो घाव वह जो लग्यो तोफसे ती ।। |
| सवै पंच मिल वांहसौं थाम लीने ।। | ... ... ... .. ... ... |
| लयो षेत फिर वीर डेरामें आये ।। | सवें ठौर ही ठौर ठाणा वैठाये ।। |
| लगे वैद पै वैद नही कुछ वसाई ।। | दये तीसरैं दिवस ही प्रान आई ।। |

(गीर्वाणयुद्धप्रकाशबाट)

[यता वीर काजीले [नयनसिंह थापाले] अमरसिंह आदि सबैलाई बोलाउनुभयो । सबै जना आउनुभयो । सबै भारादारहरूले मिलेर सल्लाह गर्नुभयो । धेरै दिन बितिसके; गढ लिन सकिएन; यो कुराले गर्दा महाराज प्रसन्न भइबक्सदैन; चढाइ गर भनी वीर काजीले [नयनसिंह थापाले] स्पष्टसँग भन्नुभयो ।

सबै साथीभाइ मिलेर सल्लाह गरौं; कुनचाहिं भारादार तोपको अगाडि परोस्; त्यहाँबाट (कान्तिपुरबाट) धाएर जो आएको छ, त्यसैले लडोस्; दाउ नपरेको वेलामा ढुङ्गाले टाउको कसले फुटाओस् भन्ने सबै भारादारहरूले गरेको कुरा सुनेर उहाँ [नयनसिंह थापा] निःशङ्क भई अगाडि बढ्नुभयो । (उहाँले) आफ्नो कम्पनी सँगै लग्नुभयो । सबै जना भारादारहरू त्यहाँ हेरेर बस्नुभयो । सिंह जस्ता नयनसिंह काजी हिंड्नुभयो । विजयमा मात्र साझेदार बन्ने सबै जना पछाडि रहे । विकराल वेताल भएर वीर [नयनसिंह थापा] हिंड्नुभयो । उहाँको सँगै जान कसैले सकेन ।

चारैतिरबाट बादल जस्तो भएर (नयनसिंह थापाको) फौज धाएर आयो । (शत्रुको) किल्लेदारले गएर सबैलाई खबर दियो । उठेको वेलामा सुतेको वेलामा पनि राति डाक हानी चारैतिरबाट डरलाग्दा भएर (नेपाली सिपाहीहरू) बर्सेर आए । लगेका तोप जति किल्लामै छुटेका थिए । काटमार गर्दै सिपाहीहरू अगाडि बढे । (सिपाहीहरूले) मोर्चाका मोर्चा तोडे । लाशमाथि लाश थुप्रिए । नूनको सोझो गर्ने तिलङ्गाहरूले अगाडि खुट्टा राखेपछि पछाडि हटाएनन् । पल्टनले खूप लडेर शत्रुलाई पल्टाइदियो । भारदारहरूले हेरिरहे, (पल्टन) आफ्नो बाटो लाग्यो । इन्द्रको रिसले गर्दा वज्र परे झैं गरी रिसले गर्दा किल्लाबाट तोप छुटे । इन्द्र र कृष्णजीको लडाइँ भए जस्तो भयो । नेपालका वीरले [नयनसिंह थापाले] चढाइ गर्नुभयो । कट्टोच [काँगडा] भाग्यो । जब ठूला सिंह जस्ता नयनसिंहले गाँज्नुभयो; तब मृग भागे जस्तो गरेर कट्टोच भाग्यो । (नयनसिंह) त्यहाँको किल्लाको भित्रतिर बढ्नुभयो; चाँडै त्यहाँका ढोका ढुङ्गाका जस्ता भए । बहादुर र राम्रा [नयनसिंह] झुमी घुमी हिंड्न लाग्नुभयो । कतैबाट त्यहाँको खापा खुलेन । वीर [नयनसिंह] एक्लै हिंड्नुभयो; फौज हिंडेन । उहाँलाई अकस्मात् गोली लाग्यो । ठूलो सिंहले गाँजेको मता हात्ती जस्ता नयनसिंह भूइँमा पछारिनुभयो ।

उतापट्टि शत्रुको सबै फौज भाग्यो । काँगडाको किल्ला खाली हुन लाग्यो । यताबाट गएर कसैले काजी ज्यादै घाइते भए भनी सुनाइदियो । यो सुन्नेबित्तिकै दुष्टहरू खुशी भए ।

कसैले यो कुरा साँचो ठानेनन्, कसैले क्षुद्रताको चिह्न कपट सम्झे । अनि मान्छेलाई हेर्न पठाइयो । (त्यस मान्छेले) एकै घडीमा साँचो खबर ल्यायो । तब ती दुष्टहरूको मनमा सुद्धी आयो । फौज किल्लाभित्र फेरि फर्केर आयो ।

नगरा बाजा बज्न लागे । फेरि सबै भारादारहरूले धाएर पेल्नुभयो । निन्दा गरेको रिसले काजी फेरि उठ्नुभयो । तोपले भएको घाउ (बाट रगत) बग्न थाल्यो । सबै पञ्च मिलेर बाहुलीमा समाते । वीर [नयनसिंह] डेरामा आउनुभयो । ठाउँठाउँमा ठाना राखिए । धेरै वैद्यहरूले औषधि गरे; केही लागेन । तेस्रै दिन प्राण गयो । ]

( श्री ५ गीर्वाणको प्रशस्ति )

आगे काजी उजिरसिं थापा मातवरसिं थापाका महतारिसमेतके

काजि नयनसिं थापाले हाम्रा काजमा कोटकांगडाका लडाजिमा जिउ दियाको रिझ… विर्ता वितलप मरवट फिक्धार सर्वकर अकर सर्वकलम् मारि मेटि बक्स्यौं. आफ्ना षातिरजामासंग विर्ता वितलप मरवट् फिक्धार जानि सुषभोग्य गर……इति सम्वत् १८६३ साल मिति

(कौसी तोशाखानामा रहेको अप्रकाशित सकल पत्रबाट)

स्वाम्यर्थाय हि जीवनं भवति तद् भ्रातर्व्रज त्वं युधी-
त्याज्ञप्तो रणसंमुखे नयनसिंथापा यदीयोऽनुजः ।
स्वप्राणानजहाद्रिपून् भुजबलादाक्रम्य काङ्डाह्वये
कोटे क्लिष्टपथे प्रवेशसमये मन्त्री स यस्यास्त्यसौ ॥२०॥

जस्का भाइ नयनसिंह थापाले पनि काङ्डाकोटमा प्रभुका निमित्त लडाजिमा प्राण दिया.

(थापाथली वाग्वतीपुलको वि. सं. १८६८ को स्तम्भाभिलेखबाट)

[हामीले जिउनु मालिककै लागि हो, हे भाइ ! तिमी लडाइँमा जाऊ भनी अह्राइएका जसका भाइ नयनसिंह थापाले जान गाह्रो किल्लाकाँगडामा शत्रुहरूलाई बलले मिच्तै पस्ताखेरि त्यही लडाइँमा प्राण दिए । त्यस्ता मन्त्री यहाँ राजाका छन् । ]

(पूर्णिमा ९ पूर्णाङ्कको ६२ पृ. बाट)

किल्लाकांगडामा झोकिन जांदा लडाजिमा सन्मुख गोलि लागि परेछ. काजी नयेनसिंह थापा लडाजिमा पऱ्यापछि हाम्रो लस्कर हट्दै आयेछ.

(श्री ५ राजेन्द्रविक्रम शाहले ज. रणवीरसिंह थापा, ज. मातवरसिंह थापा, काजीत्रिविक्रमसिंह थापा, क. क. शेरजङ्गबहादुर थापाहरूलाई लेखिदिएको जितापत्रबाट । इतिहास–प्रकाश १ अङ्कको ४२ पृ. बाट)

अरू भारी लश्कर ली काजी अम्बरसिंह थापा काजी जसपाउ थापा सुमेरुपुरको बाटो मालकाँगडा हान्न चढ्या । जालन्धरको बाटो गरी गयाका काजी नयनसिंह थापा अघि बढी झौकिकन भगवान्पुरको बाटो गरी चढाइ गरी मालकाँगडा हान्न जाँदा ठूलो लडाइँ भयो । गोर्खाका लश्कर ३।४ सय खेत रह्या । काजी नयनसिंह थापालाई गोलीको घा लाग्दा कटक बिग्रेर गोर्खाको लश्कर हटी खलङ्गैमा आई बस्या । १७ दिनपछि शाके १७२८ (वि. सं. १८६३) मा काजी नयनसिंह थापा पनि खस्या ।

(भाषावंशावलीबाट)

(क्रमागत)

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको

# रत्नदीप

**सम्पादक तथा अनुवादक–रामजी तेवारी**

१६ *प्रक्रम*–राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) ल्याउने रीति

**नखाहताब्दो निजभूगुणांशैर्हीनः समार्काशकलिप्तिकोनः ।**
**शराङ्गहीनो विपरीतगत्या चक्राद् विशुद्धो भवतीन्दुपातः ।।१०।।**

**अन्वय**–नखाहताब्दः, निजभूगुणांशैः, हीनः (कार्यः), समार्कांशकलिप्तिकोनः (कार्यः), शराङ्गहीनः, (कार्यः), विपरीतगत्या, इन्दुपातः, भवति, (सः), चक्रात्, विशुद्धः (कार्यः) ।।१०।।

**पदार्थ**–नखाहताब्दः=बीसले गुनिएको वर्षगण । निजभूगुणांशैः=आफ्नो ३१ भागले । हीनः=घटेको । कार्यः=गर्नू । समार्कांशकलिप्तिकोनः=वर्षगणको बाह्रौं भागरूपी कला घटेको । कार्यः=गर्नू । शराङ्गहीनः=६५ अंश घटेको । कार्यः=गर्नू । विपरीतगत्या=वक्र गतिले

---

अमरसिंह थापा र जसपाउ थापा सुमेरुपुरको बाटो तथा नयनसिंह थापाचाहिं जालन्धरको बाटो मालकाँगडा कब्जा गर्न गए; मालकाँगडाको यस लडाइँमा घाइते भएका नयनसिंह थापाको १७ दिनपछि मृत्यु भयो भन्ने कुरा भाषावंशावलीको माथि उद्धरण गरिएको अंशबाट बुझिन्छ ।

भारादारहरूमा एक मत नभएकोले नयनसिंह थापा आफ्नो मातहतको फौज लिई काँगडाको किल्ला कब्जा गर्न जाँदा घाइते भए; घाइते भएको तेस्रो दिनमा उनको देहान्त भयो भन्ने कुरा गीर्वाणयुद्धप्रकाशको माथि उद्धरण गरिएको अंशबाट हामी बुझ्छौं ।

गीर्वाणयुद्धप्रकाश तात्कालिक भएकोले त्यसलाई प्रामाणिक मानी माथिको बयान लेखिएको हो ।

(उल्टो हिसाबले)। इन्दुपातः=राहु । भवति=हुन्छ । सः=त्यो राहु । चक्रात्=३६० अंशबाट । विशुद्धः=घटेको । कार्यः=गर्नू ॥१०॥

**भावार्थ**–वर्षगणलाई २० ले गुन्नू, गुणनफल अंशरूप हुन्छ । गुणनफललाई ३१ ले भाग लिई अंशादि लब्धि लिनू । गुणनफलबाट लब्धि घटाउनू, शेष अंशादि प्रथमफल हुन्छ ।

वर्षगणलाई १२ ले भाग लिनू, कलादि लब्धि आउँछ । प्रथमफलबाट यो कलादि लब्धि घटाउनू, शेष अंशादि द्वितीयफल हुन्छ ।

द्वितीयफलबाट ६५ अंश घटाउनू, शेष वक्रगतिले (उल्टो हिसाबले) राहु आउँछ । शेष (वक्रगतिले आएको राहु)लाई चक्र (३६०) अंशबाट घटाउनू, यो शेष राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) हुन्छ ॥१०॥

## उदाहरण

वि. सं. १८७१ को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) ल्याउँदा ।

यस वर्षको वर्षगण १७ हो । (१ प्रक्रमको उदाहरण हेर्नुहोस्) । वर्षगण १७ लाई २० ले गुन्दा गुणनफल ३४० अंश आउँछ । गुणनफल ३४० अंशलाई ३१ ले भाग लिंदा लब्धि १० अंश ५८ कला ३ विकला ५२ प्रतिविकला १६ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि १०।५८।३।५२।१६ लाई गुणनफल ३४० अंशबाट घटाउँदा शेष ३२९ अंश १ कला ५६ विकला ७ प्रतिविकला ४४ प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष ३२९।१।५६।७।४४ प्रथमफल हुन्छ ।

वर्षगण १७ लाई १२ ले भाग लिंदा लब्धि १ कला २५ विकला आउँछ । कलादि यो लब्धि १।२५ लाई अंशादि प्रथमफल ३२९।१।५६।७।४४ बाट घटाउँदा शेष ३२९ अंश ० कला ३१ विकला ७ प्रतिविकला ४४ प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष ३२९।०।३१।७।४४ द्वितीयफल हुन्छ ।

अंशादि द्वितीयफल ३२९।०।३१।७।४४ बाट ६५ अंश घटाउँदा शेष २६४ अंश ० कला ३१ विकला ७ प्रतिविकला ४४ प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष २६४।०।३१।७।४४ वक्रगतिले (उल्टो हिसाबले) राहु हुन्छ । वक्रगतिले आएको राहु २६४।०।३१।७।४४ लाई ३६० अंशबाट घटाउँदा शेष ९५ अंश ५९ कला २८ विकला ५२ प्रतिविकला १६ प्रतिप्रतिविकला आउँछ । यस कारण वि. सं. १८७१ को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) ९५ अंश ५९ कला २८ विकला ५२ प्रतिविकला १६ प्रतिप्रतिविकला हुन्छ ।

अं. । क. । वि. । प्र. । प्र. प्र. वि

१७ वर्षगण

×२०

३४० अंश

३१) ३४० अंश ( १० । ५८ । ३ । ५२ । १६

३१

३०

×६०

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.

१८०० ३४० । ० । ० । ० । ०

१५५ १० । ५८ । ३ । ५२ । १६

२५० ३२९ । १ । ५६ । ७ । ४४ प्रथमफल

क. । वि. २४८ ० । १ । २५ । ० । ०

१२) १७ वर्षगण (१ । २५ २ ३२९ । ० । ३१ । ७ । ४४ द्वितीयफल

१२

५

×६०

१) ५

×५

२५

×६० ६५ । ० । ० । ० । ०

१२० २६४ : ० । ३१ । ७ । ४४ । वक्रगतिले (उल्टो हिसाबले) राहु

९३

२७

×६०

१६२०

१५५

७०

६२

८

×६०

४८०

३१

१७०

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

३६० । ० । ० । ० । ०

२६४ । ० । ३१ । ७ । ४४ । वक्रगतिले (उल्टो हिसाबले) राहु ।

९५ । ५९ । २८ । ५२ । १६ । वि. सं. १८७१ को राहुको ध्रुव (मेषसङ्क्रान्ति-कालको राहु) ।

## १४ प्रश्नमाला

तल दिइएका वर्षका राहुका ध्रुव (मेषसङ्क्रान्तिकालका राहु) ल्याऊ ।

(१) वि. सं. २०२३ (७) वि. सं. १८६० (१३) वि. सं. १९६०
(२) वि. सं. २०२२ (८) वि. सं. १८६१ (१४) वि. सं. १९६१
(३) वि. सं. २०२१ (९) वि. सं. १८६७ (१५) वि. सं. १९७०
(४) वि. स. २०२० (१०) वि. सं. १८६८ (१६) वि. सं. १९७१
(५) वि. सं. २०१९ (११) वि. सं. १८६९ (१७) वि. सं. १८५४
(६) वि. सं. २०१८ (१२) वि. सं. १८७० (१८) वि. सं. १८५५

## उत्तर

| | अं. | क. | वि. | प्र. | प्र.प्र.वि. | | अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| [१] | ३४ | १६ | १ | ७ | ४४ | [१०] | १५४ | ३ | ६ | ७ | ४४ |
| [२] | ५३ | ३७ | १३ | ३२ | ५४ | [११] | १३४ | ४१ | ५३ | ४२ | ३५ |
| [३] | ७२ | ५८ | २५ | ५८ | ४ | [१२] | ११५ | २० | ४१ | १७ | २५ |
| [४] | ९२ | १९ | ३८ | २३ | १४ | [१३] | १७३ | ३२ | ३ | ३२ | ५४ |
| [५] | १११ | ४० | ५० | ४८ | २३ | [१४] | १५४ | १० | ५१ | ७ | ४४ |
| [६] | १३१ | २ | ३ | १३ | ३३ | [१५] | ३३९ | ५९ | ५९ | २१ | १८ |
| [७] | ३०८ | ५२ | ४५ | २९ | २ | [१६] | ३२० | ३८ | ४६ | ५६ | ८ |
| [८] | २८९ | ३१ | ३३ | ३ | ५२ | [१७] | ६५ | ० | ० | ० | ० |
| [९] | १७३ | २४ | १८ | ३२ | ५४ | [१८] | ४५ | ३८ | ४७ | ३४ | ५० |

२० ***प्रक्रम***–वि. सं. १८५४ भन्दा अगाडिका वर्षका राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) ल्याउने उदाहरण

### *१ उदाहरण*

विक्रमसंवत् १८५३ को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) ल्याउँदा ।

विक्रमसंवत् १८५३ को वर्षगण ऋण १ हो (३ प्रक्रमको १ उदाहरण हेर्नुहोस्) वर्षगण ऋण १ लाई २० ले गुन्दा गुणनफल ऋण २० अंश आउँछ । गुणनफल ऋण २० अंशलाई ३१ ले भाग लिंदा लब्धि ऋण ० अंश ३८ कला ४२ विकला ३४ प्रतिविकला ५० प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ऋण ०।३८।४२।३४।५० लाई गुणनफल ऋण २० अंशबाट घटाउँदा शेष ऋण १९ अंश २१ कला १७ विकला २५ प्रतिविकला १० प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष ऋण १९।२१।१७।२५।१० प्रथमफल हुन्छ ।

वर्षगण ऋण १ लाई १२ ले भाग लिंदा लब्धि ऋण ० कला ५ विकला आउँछ । कलादि यो लब्धि ऋण ०।५ लाई अंशादि प्रथमफल ऋण १९।२१।१७।२५।१० बाट घटाउँदा शेष

ऋण १९ अंश २१ कला १२ विकला २५ प्रतिविकला १० प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष ऋण १९।२१।१२।२५।१० द्वितीयफल हुन्छ ।

अंशादि द्वितीयफल ऋण १९।२१।१२।२५।१० बाट ६५ अंश घटाउँदा (अंशादि ऋण १९।२१।१२।२५।१० मा ऋण ६५ अंश जोड्दा) शेष ऋण ८४ अंश २१ कला १२ विकला २५ प्रतिविकला १० प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष ८४।२१।१२।२५।१० लाई ३६० अंशबाट घटाउँदा शेष २७५ अंश ३८ कला ४७ विकला ३४ प्रतिविकला ५० प्रतिप्रति-विकला आउँछ । अंशादि यो शेष २७५।३८।४७।३४।५० वक्रगतिले (उल्टो हिसाबले) राहु हुन्छ । वक्रगतिले आएको राहु २७५।३८।४७।३४।५० लाई ३६० अंशबाट घटाउँदा शेष ८४ अंश २१ कला १२ विकला २५ प्रतिविकला १० प्रतिप्रतिविकला आउँछ । यस कारण विक्रमसंवत् १८५३ को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) ८४ अंश २१ कला १२ विकला २५ प्रतिविकला १० प्रतिप्रतिविकला हुन्छ ।

अं. । क. । वि. । प्र. । प्र. प्र. वि.

२०
×(−१) वर्षगण
—२० अंश

३१)−२० अंश(−० । ३८ । ४२ । ३४ । ५०
×६०
१२००
९३
२७०
२४८
२२
×६०
१३२०
१३२
८०
६२
१८
×६०
१०८०
९३
१५०
१२४
२६

२६
×६०
१५६०
१५५
१०

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.

−२० । ० । ० । ० । ०
− ० । ३८ । ४२ । ३४ । ५०
−१९ । २१ । १७ । २५ । १० । प्रथमफल
− ० । ० । ५ । ० । ०
−१९ । २१ । १२ । २५ । १० । द्वितीयफल
−६५ । ० । ० । ० । ०
−८४ । २१ । १२ । २५ । १०

क. । वि.
१२)−१ वर्षगण(−० । ५
×६०
१)१
×५
५

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.
३६० । ० । ० । ० । ०
− ८४ । २१ । १२ । २५ । १०
२७५ । ३८ । ४७ । ३४ । ५० । वक्रगतिले (उल्टो हिसाबले) राहु ।

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.
३६० । ० । ० । ० । ०
२७५ । ३८ । ४७ । ३४ । ५० वक्रगतिले (उल्टो हिसाबले) राहु ।
८४ । २१ । १२ । २५ । १० । वि. सं. १८५३ को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु)।

ऋणात्मकलाई धनात्मक बनाउन ३६० अंशबाट घटाई आएको शेषलाई फेरि ऋणात्मक बनाउन ३६० अंशबाट घटाउँदा उत्ति नै आउने हुनाले यहाँ ३६० अंशबाट घटाइरहनुपर्दो रहेनछ भन्ने देखिन आउँछ ।

## २ उदाहरण

वि. सं. १७३८ को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) ल्याउँदा ।

वि. सं. १७३८ को वर्षगण ऋण ११६ हो (३ प्रक्रमको २ उदाहरण हेर्नुहोस्) । वर्षगण ऋण ११६ लाई २० ले गुन्दा गुणनफल ऋण २३२० अंश आउँछ । गुणनफल ऋण २३२० अंशलाई ३१ ले भाग लिँदा लब्धि ऋण ७४ अंश ५० कला १९ विकला २१ प्रतिविकला १७ प्रतिप्रतिविकला आउँछ । अंशादि यो लब्धि ऋण ७४।५०।१९।२१।१७ लाई गुणनफल ऋण २३२० अंशबाट घटाउँदा शेष ऋण २२४५ अंश ९ कला ४० विकला ३८ प्रतिविकला ४३ प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष ऋण २२४५।९।४०।३८।४३ प्रथमफल हुन्छ ।

वर्षगण ऋण ११६ लाई १२ ले भाग लिंदा लब्धि ऋण ९ कला ४० विकला आउँछ । कलादि यो ऋण ९।४० लाई अंशादि प्रथमफल ऋण २२४५।९।४०।३८।४३ बाट घटाउँदा शेष

ऋण २२४५ अंश ० कला ० विकला ३८ प्रतिविकला ४३ प्रतिप्रतिविकला आउँछ । अंशादि यो शेष ऋण २२४५।०।०।३८।४३ द्वितीयफल हुन्छ ।

अंशादि द्वितीयफल ऋण २२४५।०।०।३८।४३ बाट ६५ अंश घटाउँदा (अंशादि ऋण २२४५।०।०।३८।४३ मा ऋण ६५ अंश जोड्दा) शेष ऋण २३१० अंश ० कला ० विकला ३८ प्रतिविकला ४३ प्रतिप्रतिविकला आउँछ । २३१० अंशलाई ३६० ले तष्ट गर्दा १५० शेष रहन्छ । यस कारण वि. सं. १७३८ को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) १५० अंश ० कला ० विकला ३८ प्रतिविकला ४३ प्रतिप्रतिविकला हुन्छ ।

−११६ वर्षगण
×२०
−२३२० अंश

अं. । क. । वि. । प्र. । प्र.प्र.वि

३१)−२३२० अंश(−७४ । ५० । १९ । २१ । १७
२१७
१५०
१२४
२६
×६०
१५६०
१५५
१०
×६०
६००
३१
२९०
२७९
११
×६०
६६०
६२
४०
३१
९
×६०
५४०

५४०
३१
२३०
२१७
१३

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.      क. । वि.

-२३२० । ० । ० । ० । ०      १२)-११६ वर्षगण(-९ । ४०
- ७४ । ५० । १९ । २१ । १७      १०८

-२२४५ । ९ । ४० । ३८ । ४३ । प्रथमफल      ८
० । ९ । ४० । ० । ०      ×६०

-२२४५ । ० । ० । ३८ । ४३ । द्वितीयफल      १) ८
- ६५ । ० । ० । ० । ०      ×५

-२३१० । ० । ० । ३८ । ४३      ४०

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.
१५० । ० । ० । ३८ । ४३ । वि. सं. १७३८ की राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु)

३६०)२३१०(६
२१६०
१५०

## १५ प्रश्नमाला

तल दिइएका वर्षका राहुका ध्रुव (मेषसङ्क्रान्तिकालका राहु) ल्याऊ ।

(१) विक्रमसंवत् १८११
(२) बिक्रमसंवत् १८१०
(३) विक्रमसंवत् १७४०
(४) विक्रमसंवत् १७३९
(५) विक्रमसंवत् १७३१
(६) विक्रमसंवत् १७३२
(७) विक्रमसंवत् १६१६
(८) विक्रमसंवत् १६१५
(९) विक्रमसंवत् १५३८
(१०) विक्रमसंवत् १५३७
(११) विक्रमसंवत् १४४४
(१२) विक्रमसंवत् १४४३
(१३) विक्रमसंवत् १३५२
(१४) विक्रमसंवत् १३५३
(१५) विक्रमसंवत् १
(१६) विक्रमसंवत् ०

## उत्तर

| | अं. | क. | वि. | प्र. | प्र.प्र.वि |
|---|---|---|---|---|---|
| [१] | १७७ | ११ | ५४ | १ | ५६ |
| [२] | १९६ | ३३ | ६ | २७ | ६ |
| [३] | १११ | १७ | ३५ | ४८ | २३ |
| [४] | १३० | ३८ | ४८ | १३ | ३३ |
| [५] | २८५ | २८ | २७ | ३४ | ५० |
| [६] | २६६ | ७ | १५ | ९ | ४० |
| [७] | ३५१ | ७ | १५ | ४८ | २३ |
| [८] | १० | २८ | २८ | १३ | ३३ |

| | अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|---|
| [९] | ६० | ४१ | २४ | ३० | ५८ |
| [१०] | ८० | २ | ३६ | ५६ | ८ |
| [११] | ७९ | ५४ | ५१ | ५६ | ८ |
| [१२] | ९९ | १६ | ४ | २१ | १८ |
| [१३] | ६० | २५ | ५४ | ३० | ५८ |
| [१४] | ४१ | ४ | ४२ | ५ | ४८ |
| [१५] | २८६ | ५६ | ३३ | ३ | ५२ |
| [१६] | ३०६ | १७ | ४५ | २९ | २ |

२१ प्रक्रम—विक्रमसंवत् २०२२ को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) अंशादि ५३।३७।१३।३२।५४ र विक्रमसंवत् २०२३ को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) अंशादि ३४।१६।१।७।४४ छन् । यी उदाहरणबाट १ वर्षमा राहुको ध्रुवमा अंशादि १९।२१।१२।२५।१० घट्दो रहेछ भन्ने देखिन्छ । यस कारण अंशादि १९।२१।१२।२५।१० लाई १,२,३ इत्यादिले गुन्दा तथा विक्रमसंवत् ० को अंशादि राहुको ध्रुव[1]-लाई क्षेपक नाम दिंदा तलको सारणी बन्न आउँछ ।

## ४ सारणी

क्षपक [ वि. सं. ० को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु ।]

अं. । क. । वि. । प्र. । प्र.प्र.वि.
३०६ । १७ । ४५ । ३९ । ०

| वर्षको | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| १ | १९ | २१ | १२ | २५ | १० |
| २ | ३८ | ४२ | २४ | ५० | २० |
| ३ | ५८ | ३ | ३७ | १५ | ३० |
| ४ | ७७ | २४ | ४९ | ४० | ४० |
| ५ | ९६ | ४६ | २ | ५ | ५० |
| ६ | ११६ | ७ | १४ | ३१ | ० |
| ७ | १३५ | २८ | २६ | ५६ | १० |
| ८ | १५४ | ४९ | ३९ | २१ | २० |
| ९ | १७४ | १० | ५१ | ४६ | ३० |
| १० | १९३ | ३२ | ४ | ११ | ४० |
| २० | २७ | ४ | ८ | २३ | २० |
| ३० | २२० | ३६ | १२ | ३५ | ० |

१. विक्रमसंवत् १८५४ को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) ६५ अंश हुन्छ भनी लक्ष्मीपतिले बोलेका छन् । १ वर्षको राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु)को गति अंशादि १९।२१।१२।२५।१० हुन्छ। यस कारण राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु)को वार्षिक गतिलाई १८५४ ले गुनी आएको गुणनफललाई ६५ अंशमा जोड्दा विक्रमसंवत् ० को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) आउँछ ।

१९।२१।१२।२५।१० लाई १८५४ ले गुन्दा गुणनफल अंशादि २४१।१७।४५।३९।० आउँछ। गुणनफल अंशादि २४१।१७।४५।३९।० लाई ६५ अंशमा जोड्दा अंशादि ३०६।१७।४५।३९।० आउँछ । अंशादि ३०६।१७।४५।३९।० विक्रमसंवत् ० को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) हुन्छ ।

| वर्षको | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| ४० | ५४ | ८ | १६ | ४६ | ४० |
| ५० | २४७ | ४० | २० | ५८ | २० |
| ६० | ८१ | १२ | २५ | १० | ० |
| ७० | २७४ | ४४ | २९ | २१ | ४० |
| ८० | १०८ | १६ | ३३ | ३३ | २० |
| ९० | ३०१ | ४८ | ३७ | ४५ | ० |
| १०० | १३५ | २० | ४१ | ५६ | ४० |
| २०० | २७० | ४१ | २३ | ५३ | २० |
| ३०० | ४६ | २ | ५ | ५० | ० |
| ४०० | १८१ | २२ | ४७ | ४६ | ४० |
| ५०० | ३१६ | ४३ | २९ | ४३ | २० |
| ६०० | ९२ | ४ | ११ | ४० | ० |
| ७०० | २२७ | २४ | ५३ | ३६ | ४० |
| ८०० | २ | ४५ | ३५ | ३३ | २० |
| ९०० | १३८ | ६ | १७ | ३० | ० |
| १००० | २७३ | २६ | ५९ | २६ | ४० |
| २००० | १८६ | ५३ | ५८ | ५३ | २० |
| ३००० | १०० | २० | ५८ | २० | ० |
| ४००० | १३ | ४७ | ५७ | ४६ | ४० |
| ५००० | २८७ | १४ | ५७ | १३ | २० |
| ६००० | २०० | ४१ | ५६ | ४० | ० |
| ७००० | ११४ | ८ | ५६ | ६ | ४० |
| ८००० | २७ | ३५ | ५५ | ३३ | २० |
| ९००० | ३०१ | २ | ५५ | ० | ० |
| १०००० | २१४ | २९ | ५४ | २६ | ४० |

२२ *प्रक्रम*–४ सारणीबाट इष्ट विक्रमसंवत्को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) ल्याउने रीति ।

इष्ट विक्रमसंवत्को सहस्रस्थानीको अंशादि, शतस्थानीको अंशादि, दशस्थानीको अंशादि, एकस्थानीको अंशादिसमेत जोड्नू । योगफलमा अंश ३६० भन्दा बढ्ता भए ३६० ले तष्ट गर्नू (३६० ले भाग लिई शेष मात्र लिनू) । अंशादि योगफललाई क्षेपकबाट घटाउनू । शेष इष्ट विक्रमसंवत्को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) हुन्छ ।

जस्तै—

विक्रमसंवत् १८७१ को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) ल्याउँदा ।

| | अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|---|
| १००० वर्षको अंशादि | २७३ | २६ | ५९ | २६ | ४० |
| ८०० वर्षको अंशादि | २ | ४५ | ३५ | ३३ | २० |
| ७० वर्षको अंशादि | २७४ | ४४ | २९ | २१ | ४० |
| १ वर्षको अंशादि | १९ | २१ | १२ | २५ | १० |
| | ५७० | १८ | १६ | ४६ | ५० |

३६०)५७०(१
३६०
२१०

| अं. | क. | वि. | प्र. | प्र.प्र.वि. |
|---|---|---|---|---|
| २१० | १८ | १६ | ४६ | ५० |

| | अं. | क. | वि. | प्र. | प्र. |
|---|---|---|---|---|---|
| क्षेपक [वि. सं. ० को राहुका ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) ] | ३०६ | १७ | ४५ | ३९ | ० |
| १८७१ वर्षको राहुको गति | २१० | १८ | १६ | ४६ | ५० |
| वि. सं. १८७१ को राहुको ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) | ९५ | ५९ | २८ | ५२ | १० |

## १६ प्रश्नमाला

२२ प्रक्रमको रीतबाट तल दिइएका वर्षका राहुका ध्रुव (मेषसङ्क्रान्तिकालको राहु) ल्याऊ–

(१) वि. सं. २०२३
(२) वि. सं. २०२२
(३) वि. सं. २०२१
(४) वि. सं. २०२०
(५) वि. सं. २०१९
(६) वि. सं. २०१८
(७) वि. सं. १८६०
(८) वि. सं. १८६१
(९) वि. सं. १८६७
(१०) वि. सं. १८६८
(११) वि. सं. १८६९
(१२) वि. सं. १८७०
(१३) वि. सं. १९६०
(१४) वि. सं. १९६१
(१५) वि. सं. १९७०
(१६) वि. सं. १९७१
(१७) वि. सं. १८५४
(१८) वि. सं. १८५५
(१९) वि. सं. १८११
(२०) वि. सं. १८१०
(२१) वि. सं. १७४०
(२२) वि. सं. १७३९
(२३) वि. सं. १७३१
(२४) वि. सं. १७३२
(२५) वि. सं. १६१६
(२६) वि. सं. १६१५
(२७) वि. सं. १५३८
(२८) वि. सं. १५३७
(२९) वि. सं. १४४४
(३०) वि. सं. १४४३
(३१) वि. सं. १३५२
(३२) वि. सं. १३५३
(३३) वि. सं. १
(३४) वि. सं. ०

# उत्तर

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| [१] | ३४ | १६ | १ | ६ | ५० |
| [२] | ५३ | ३७ | १३ | ३२ | ० |
| [३] | ७२ | ५८ | २५ | ५७ | १० |
| [४] | ९२ | १९ | ३८ | २२ | २० |
| [५] | १११ | ४० | ५० | ४७ | ३० |
| [६] | १३१ | २ | ३ | १२ | ४० |
| [७] | ३०८ | ५२ | ४५ | २९ | ० |
| [८] | २८९ | ३१ | ३३ | ३ | ५० |
| [९] | १७३ | २४ | १८ | ३२ | ५० |
| [१०] | १५४ | ३ | ६ | ७ | ४० |
| [११] | १३४ | ४१ | ५३ | ४२ | ३० |
| [१२] | ११५ | २० | ४१ | १७ | २० |
| [१३] | १७३ | ३२ | ३ | ३२ | २० |
| [१४] | १५४ | १० | ५१ | ७ | १० |
| [१५] | ३३९ | ५९ | ५९ | २० | ४० |
| [१६] | ३२० | ३८ | ४६ | ५५ | ३० |
| [१७] | ६५ | ० | ० | ० | ० |
| [१८] | ४५ | ३८ | ४७ | ३४ | ५० |
| [१९] | १७७ | ११ | ५४ | २ | १० |
| [२०] | १९६ | ३३ | ६ | २७ | २० |
| [२१] | १११ | १७ | ३५ | ४९ | ० |
| [२२] | १३० | ३८ | ४८ | १४ | १० |
| [२३] | २८५ | २८ | २७ | ३५ | ३० |
| [२४] | २६६ | ७ | १५ | १० | २० |
| [२५] | ३५१ | ७ | १५ | ४९ | ४० |
| [२६] | १० | २८ | २८ | १४ | ५० |
| [२७] | ६० | ४१ | २४ | ३२ | ४० |
| [२८] | ८० | २ | ३६ | ५७ | ५० |
| [२९] | ७९ | ५४ | ५१ | ५८ | २० |
| [३०] | ९९ | १६ | ४ | २३ | ३० |
| [३१] | ६० | २५ | ५४ | ३३ | ४० |

| | अंश | कला | विकला | प्रतिविकला | प्रतिप्रतिविकला |
|---|---|---|---|---|---|
| [३२] | ४१ | ४ | ४२ | ८ | ३० |
| [३३] | १८६ | ५६ | ३३ | १४ | ५० |
| [३४] | ३०६ | १७ | ४५ | ३९ | ० |

यहाँ सूत्र (१९,२० प्रक्रमको रीत) बाट आएका उत्तर र ४ सारणी (२१,२२ प्रक्रमको रीत) बाट आएका उत्तरमा अलिकता फरक छ (पूर्णिमा १४ अङ्कको १८७ पृष्ठ हेर्नुहोस्)।

(क्रमशः)

(क्रमागत)

# त्रिकोणमिति (ज्योत्पत्ति)

## पहिलो अध्याय

—नयराज पन्त

### पूर्णज्याको सारणी बनाउने रीति

५७ प्रक्रम—

चापका दुवै प्रान्तमा गई वृत्तबाहिर नजाने रेखालाई त्यस चापको पूर्णज्या भन्दछन् भनी माथि ६ प्रक्रममा लेखिएको छ। यस कुरालाई लिई अब हामी पूर्णज्याको विषयमा विचार गर्छौं।

प्रथम पदमा

पू च चापको पूर्णज्या=पू च रेखा

द्वितीय पदमा

पू उ चा चापको पूर्णज्या=पू चा रे खा


तृतीय पदमा

पू उ प चि चापको पूर्णज्या=पू चि रे खा

चतुर्थ पदमा

पू उ प द ची चापको पूर्णज्या=पू ची रे खा

हुन्छन्।




[३५ चित्र]

**पू उ प** चापको (१८० अंशको) पूर्णज्या **पू प** व्यास हुन्छ । यताबाट १८० अंशसम्म पूर्णज्या बढ्दै जाने र त्यसपछि घट्दै जाने स्पष्ट हुन्छ ।

तृतीय पदमा रहेको **पू उ प चि** चापको पूर्णज्या **पू चि** रेखा छ । सो **पू चि** रेखा नै ३६०°–**पू उ प चि** चाप=**पू द चि** चापको पूर्णज्या बनेको छ । यसै गरी चतुर्थ पदमा रहेको **पू उ प द ची** चापको पूर्णज्या **पू ची** रेखा छ । सो **पू ची** रेखा नै ३६०°-**पू उ प द ची** चाप=**पू ची** चापको पूर्णज्या बनेको छ ।

यताबाट १८० अंशसम्म पूर्णज्या बढ्दै गई १८१ अंश र १७९ अंशको पूर्णज्या उही हुँदो रहेछ भन्ने स्पष्ट देखिन्छ । यस कारण पूर्णज्याको सारणी बनाउँदा १८० अंशसम्मका चापको सारणी बनाउनु आवश्यक छ । माथि हामीले २२५,२२५ कला फरक पारी ज्याका सारणी दिएका छौं । यस कारण $\frac{१८०^\circ}{२२५'}$, $\frac{१८० \times ६०'}{२२५'}$ =४८ वटा पूर्णज्या गनी सारणी बनाउनु आवश्यक हुन आयो ।

इष्ट चापको पूर्णज्याको आधा त्यस चापको आधा चापको ज्या हुन्छ भनी १० प्रक्रममा लेखिएको छ । यताबाट इष्ट चापको ज्यालाई २ ले गुनिदियो भने सो चापको पूर्णज्या हुन्छ भन्ने सिद्ध हुन्छ ।

**हन्याद् द्वाभ्यां शिञ्जिनीं चापजातां**
**पूर्णज्या स्याद् द्विघ्नतच्चापसिद्धा ॥५५[१]॥**

[इष्ट चापको ज्यालाई २ ले गुनिदियो भने सो चापको २ गुना चापको पूर्णज्या हुन्छ ।]

**उदाहरण**—७° ३०' को पूर्णज्या ल्याऊ ।

३° ४५' को ज्या=२२४·८५५९५८२८९३०२ [ ७ सारणीबाट ]

∴ ७° ३०' को पूर्णज्या=२ (३° ४५' को ज्या)

=२×२२४·८५५९५८२८९३०२

=४४९·७११९१६५७८६०४

## ४० प्रश्नमाला

तलका चापका पूर्णज्या ल्याऊ—

| | | |
|---|---|---|
| (१) १५ अं. | (२) २२ अं. ३० क. | (३) ३० अं. |
| (४) ३७ अं. ३० क. | (५) ४५ अं. | (६) ५२ अं. ३० क. |
| (७) ६० अं. | (८) ६७ अं. ३० क. | (९) ७५ अं. |
| (१०) ८२ अं. ३० क. | (११) ९० अं. | (१२) ९७ अं. ३० क. |
| (१३) १०५ अं. | (१४) ११२ अं. ३० क. | (१५) १२० अं. |
| (१६) १२७ अं. ३० क. | (१७) १३५ अं. | (१८) १४२ अं. ३० क. |
| (१९) १५० अं. | (२०) १५७ अं. ३० क. | (२१) १६५ अं. |
| (२२) १७२ अं. ३० क. | (२३) १८० अं. | |

## उत्तर

[१] ८९७· ४९८०९७७०४७२०

[२] १३४१· ४४१०५४१८२०१६

[३] १७७९· ६३९७५४१२८२२८

[४] २२१०· २१७७६३४२३४२८

[५] २६३१· ३३१२८०९४१७४०

[६] ३०४१· १७७०३३६५०१७६

[७] ३४३८

[८] ३८२०· १००९२२२४५५२०

[९] ४१८५· ८४३५८५८६५८८४

[१०] ४५३३· ६६१८२४६२७६००

[११] ४८६२· ०६६२२७४३४९३६

[१२] ५१६९· ६५०५१६२२५६०४

[१३] ५४५५· ०९७५६७८४०९१६

[१४] ५७१७· १८५०५४१९५४२८

[१५] ५९५४· ७९०६७६४१८७८४

[१६] ६१६६. ८९६९७०७८०९०८

[१७] ६३५२· ५९५६६५५४५६३६

[१८] ६५११· ०९१५७०४०७६२०

[१९] ६६४१· ७०५९८१५६३१६४

[२०] ६७४३· ८७९५८८०५१०२८

[२१] ६८१७· १७४८६६८०७६२४

[२२] ६८६१· २७७९५६१९१३६४

[२३] ६८७६

५८ प्रक्रम—

५७ प्रक्रमको रीतअनुसार २४ वटा पूर्णज्या आए । हामीलाई ४८ वटा पूर्णज्या चाहिएका छन् । बाँकी २४ वटा पूर्णज्याको गणना गर्न—

$$\text{इष्ट चापको आधा चापको ज्या} = \sqrt{\frac{\text{त्रि} \times \text{उत्क्रमज्या}}{२}} \quad \text{...[१८ प्रक्रम]}$$

$$\text{वा, २. इष्ट चापको आधाको ज्या} = २.\sqrt{\frac{\text{त्रि} \times \text{उत्क्रमज्या}}{२}}$$

$$= \sqrt{\frac{४\ \text{त्रि} \times \text{उत्क्रमज्या}}{२}}$$

$$= \sqrt{२\ \text{त्रि} \times \text{उत्क्रमज्या}}$$

इष्ट चापको आधा चापको ज्यालाई २ ले गुनिदियो भने इष्टचापको पूर्णज्या हुन्छ । [५७ प्रक्रम]

$$\therefore \text{इष्ट चापको पूर्णज्या} = \sqrt{२ \times \text{त्रि} \times \text{उत्क्रमज्या}}$$

पू० फ० १०.

## त्रिज्यानिघ्न्या व्यस्तमौर्व्या द्विनिघ्न्या
## मूलं सिद्धयेत् पूर्णजीवाप्रमाणम् ।।५६।।

[ इष्ट चापको उत्क्रमज्यालाई त्रिज्या र २ ले गुनी मूल लिनू; आएको मूल इष्ट चापको पूर्णज्या हुन्छ । ]

यहाँ पूर्णज्या ल्याउन उत्क्रमज्याको आवश्यकता पर्ने भयो । माथि ४१ प्रक्रममा हामीले उत्क्रमज्या ल्याई ९ सारणी बनाएका थियौं । त्यहाँ ९० अंशसम्मका मात्र उत्क्रमज्या ल्याइएका थिए तथा ती आसन्न पूर्णाङ्कको रूपमा दिइएका थिए । अब यहाँ सूक्ष्म गणना गर्न ४८ वटै सूक्ष्म उत्क्रमज्या ल्याई दिइन्छन् । माथि २९ प्रक्रमको ७ सारणीमा दशमलवको १२ स्थानसम्म २४ वटा सूक्ष्म ज्या दिइएका छन् । तिनबाट ३९–४० प्रक्रमका रीतअनुसार सूक्ष्म कोटिज्या ल्याउन सकिन्छ । ती कोटिज्यालाई पहिलो पाउमा (९० अंशसम्मको) उत्क्रमज्या ल्याउन ५०–५२ प्रक्रमका रीतअनुसार त्रिज्याबाट घटाउनुपर्छ तथा त्यसभन्दा माथि द्वितीय पाउमा (१८० अंशसम्मको) उत्क्रमज्या ल्याउन त्रिज्यामा जोड्नुपर्छ ।

**१ उदाहरण–** ७ अंश ३० कलाको उत्क्रमज्या ल्याऊ—

७° ३०′ को उत्क्रमज्या =त्रि–७° ३०′ को कोटिज्या

=त्रि–(९०°–७°३०′) को ज्या

=त्रि–८२° ३०′ को ज्या

=३४३८–३४०८·५८७४३३४०३८१२

=२९·४१२५६६५९६१८८

**२ उदाहरण–** १७२° ३०′ को उत्क्रमज्या ल्याऊ–

यहाँ अभीष्ट चाप द्वितीय पदमा रहेको छ ।

यस कारण, १७२° ३०′ को उत्क्रमज्या

=त्रि+१७२° ३०′ को कोटिज्या

=त्रि+(१७२° ३०′–९०°)को ज्या

=त्रि+८२° ३०′ को ज्या

=३४३८+३४०८·५८७४३३४०३८१२

=६८४६·५८७४३३४०३८१२

यही रीतबाट गणना गरी तलको सारणी बनाइएको हो ।

# १० सारणी

त्रिज्या=३४३८

| चाप अं।क | उत्क्रमज्या | पूर्णाङ्क | चाप अं।क | उत्क्रमज्या | पूर्णाङ्क |
|---|---|---|---|---|---|
| ३।४५ | ७· ३६१०२१९०४३१८ | ७ | ९३।४५ | ३६६२·८५५९५८२८९३०२ | ३६६३ |
| ७।३० | २९· ४१२५६६५९६१८८ | २९ | ९७।३० | ३८८६·७४९०४८८५२३६० | ३८८७ |
| ११।१५ | ६६· ०६०२०५९७४४८६ | ६६ | १०१।१५ | ४१०८·७२०५२७०९१००८ | ४१०९ |
| १५।०० | ११७· १४७००९२१८४१८ | ११७ | १०५।०० | ४३२७·८१९८७७०६४११४ | ४३२८ |
| १८।४५ | १८२· ४५४२१४७९६१९० | १८२ | १०८।४५ | ४५४३·१०८८८१७११७१४ | ४५४३ |
| २२।३० | २६१· ७०२१६७२२७१८२ | २६२ | ११२।३० | ४७५३·६६५६४०४७०८७० | ४७५४ |
| २६।१५ | ३५४· ५५१५१४६०९५४६ | ३५५ | ११६।१५ | ४९५८·५८८५१६८२५०८८ | ४९५९ |
| ३०।०० | ४६०· ६०४६६१७९०६०८ | ४६१ | १२०।०० | ५१५७ | ५१५७ |
| ३३।४५ | ५७९· ४०७४७२९०२२८६ | ५७९ | १२३।४५ | ५३४८·०५०४६११२२७६० | ५३४८ |
| ३७।३० | ७१०· ४५१२१६०७९५४२ | ७१० | १२७।३० | ५५३०·९२१७९२९३२९४२ | ५५३१ |
| ४१।१५ | ८५३· १७४७४१८८७१९८ | ८५३ | १३१।१५ | ५७०४·८३०९१२३१३८०० | ५७०५ |
| ४५।०० | १००६· ९६६८८६२८२५३२ | १००७ | १३५।०० | ५८६९·०३३११३७१७४६८ | ५८६९ |
| ४८।४५ | ११७१· १६९०८७६८६२०० | ११७१ | १३८।४५ | ६०२२·८२५२५८११२८०२ | ६०२३ |
| ५२।३० | १३४५· ०७८२०७०६७०५८ | १३४५ | १४२।३० | ६१६५·५४८७८३९२०४५८ | ६१६६ |
| ५६।१५ | १५२७· ९४९५३८८७७२४० | १५२८ | १४६।१५ | ६२९६·५९२५२७०९७७१४ | ६२९७ |
| ६०।०० | १७१९ | १७१९ | १५०।०० | ६४१५·३९५३३८२०९३९२ | ६४१५ |
| ६३।४५ | १९१७· ४११४८३१७४९१२ | १९१७ | १५३।४५ | ६५२१·४४८४८५३९०४५४ | ६५२१ |
| ६७।३० | २१२२· ३३४३५९५२९१३० | २१२२ | १५७।३० | ६६१४·२९७८३२७७२८१८ | ६६१४ |
| ७१।१५ | २३३२· ८९१११८२८८२८६ | २३३३ | १६१।१५ | ६६९३·५४५७८५२०३८१० | ६६९४ |
| ७५।०० | २५४८· १८०१२२९३५८८६ | २५४८ | १६५।०० | ६७५८·८५२९९०७८१५८२ | ६७५९ |
| ७८।४५ | २७६७· २७९४७२९०८९९२ | २७६७ | १६८।४५ | ६८०९·९३९७९४०२५५१४ | ६८१० |
| ८२।३० | २९८९· २५०९५११४७६४० | २९८९ | १७२।३० | ६८४६·५८७४३३४०३८१२ | ६८४७ |
| ८६।१५ | ३२१३· १४४०४१७१०६९८ | ३२१३ | १७६।१५ | ६८६८·६३८९७८०९५६८२ | ६८६९ |
| ९०।०० | ३४३८ | ३४३८ | १८०।०० | ६८७६ | ६८७६ |

(मेरो साथ रही मेरो इच्छा र विचारअनुसार यस निबन्धलाई तयार गरिदिएकोमा नानी मङ्गलदास प्रधानाङ्ग धन्यवादका पात्र छन् ।

पुनश्च–नानी गौतमवज्र वज्राचार्य, महेशराज पन्त र दिनेशराज पन्तले दोहऱ्याउने काममा सहायता गरिदिएकाले सबैलाई यथोचित धन्यवाद छ ।)

# शङ्खमूल सिकबहीको अभिलेख

२०२५।४।१२।७ को गोरखापत्रमा 'ललितपुर शङ्खमूल सिकबहीमा लिच्छविकालको अभिलेख-सहित उमामहेश्वरको मूर्ति पुरातत्त्वविभागद्वारा पत्ता लाइएको छ' भन्ने समाचार छापिएको देखेपछि त्यही दिन हामीहरू (धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, दिनेशराज पन्त) सो अभिलेख पढ्न त्यहाँ गयौं । शङ्खमूल सिकबहीमा बाटैमा भने जस्तै सो मूर्ति रहेको हुनाले सो पत्ता लाउन हामीलाई गाह्रो भएन । अनि हामीले सो अभिलेखको प्रतिलिपि लियौं । चार घण्टा जतिमा अभिलेखको धेरैजसो भाग पढ्यौं । उठानका ३ पङ्क्तिमा ठाउँ-ठाउँमा अलि सिमेन्ट लागेको हुनाले त्यस दिन ती तीन पङ्क्तिका केही अक्षर ठम्याउन सकेनौं । यसको एक हप्तापछि अर्को शनैश्चरवारको दिन रामजी तेवारीसहित हामीहरू फेरि त्यहाँ गयौं । आधा घण्टा जति लाई अभिलेख सफा पारेपछि उठानका तीन पङ्क्तिका पढ्न बाँकी अक्षर पनि पढ्यौं । यसरी छेउमा फुटेको अलिकता भागबाहेक सो अभिलेखको अरू पूरा भाग पढिएको छ । हामीले पढेको पाठ पूर्णिमाका पाठकको सामुन्ने राख्नु उचित लागेकोले यहाँ प्रकाशित गर्दैछौं ।

## मूल पाठ

**१. ॐ बहिर्द्देशाद्दक्षिणस्यां राजपुत्त्रवज्त्ररथनाम्नो... ... ...**

**२. आसीत्तद्गोत्त्रजेनैकेन च याश्च वाग्वत्या मणिमत्याश्च संधिदेशे...**

**३. मातरः स्थापिता आसन् मृन्मया(मृण्मय्य)स्ताः कालक्रमेण चिरन्तनत-यातिविशीर्ण्णभग्नपतितपाणिपादा जाता इत्थम्भूताश्च ता अवलोक्य...**

**४. नेन च पश्चात्परमधार्म्मिकेन(ण) बभ्रुवर्म्मनाम्नासामेव मातॄणाम्प्रति-संस्कारक्रिया चिन्तितासीदसम्भाव्यैव ताङ् क्रियां स कालधर्म्मव[श]...**

**५. फलो[प]भुक्तये दिवन्नीतवां(स)तदधुना तद्भ्रातुष्पुत्रस्य नित्यधर्म्मा-भिरतचेतस्कस्य परमभागवतस्य देशवर्म्मनाम्नो मात्रा पतिव्रतया...**

**६. धर्म्मिष्ठया देशभट्टारिकया तस्यैव कालगतस्य बभ्रुवर्म्मणः स्वर्ग्गान-न्त्याय मातापित्रोर्भर्त्तुश्चात्मनश्च पुण्याभिवृद्धये पुनरन्यथा**

**७. देव्यो मातरस्ताः शैल्य(:) कारिता इति संवद्वर्षशत ४९५**

## अनुवाद

"ॐ। देशबाट बाहिर दक्षिणतिर राजपुत्र वज्ररथको··· ··· ···हुनुहुन्थ्यो । उहाँकै गोतिया एक जनाले वाग्वती र मणिमतीको दोभानको ठाउँमा जुन मातृका (देवी) स्थापना गरिएका थिए; माटाका ती मूर्तिहरू कालक्रमले पुराना भएका हुनाले ज्यादै जीर्ण भए र तिनका हात-खुट्टा भाँचिए । यसरी बिग्रेका ती मूर्ति देखेपछि ठूला धर्मात्मा बभ्रुवर्माले यी मातृकाहरूको जीर्णोद्धार गर्ने विचार गर्नुभएको थियो । (तर) यो काम पूरा गर्न नपाउँदैमा कालगतिले··· फल भोग्नाको लागि उहाँ स्वर्ग जानुभयो ।

त्यस कारण अहिले उहाँकै भतिजा, सधैं धर्ममा मन लाउने, परमभागवत देशवर्माकी आमा पतिव्रता धर्मात्मा देशभट्टारिकाले स्वर्गवासी उहाँ बभ्रुवर्माको अनन्तकालसम्म स्वर्गमा वास होस् भनी तथा आमा, बाबु, पति र आफ्नो समेत पुण्य बढोस् भनी फेरि अर्कै किसिमले ढुङ्गे ती मातृका देवीहरू बनाइएका छन् ।

संवत् ४९५ "

यस अभिलेखले त्यस वेलाको धार्मिक इतिहासमा केही प्रकाश पारेको छ तापनि त्यस वेलाको राजनीतिको इतिहासमा उल्लेखनीय प्रकाश पार्न सकेको छैन । घुमाउरो किसिमले मात्र त्यस वेलाको राजनीतिको सङ्केत यताबाट पाइन्छ । संवत् ४७९ देखि ५१२ सम्म नै शासनको बागडोर भौमगुप्तको हातमा रहेको कुरा अरू अभिलेखबाट सिद्ध भइसकेको हुनाले[1] यस वेला पनि शासनको बागडोर उनकै हातमा थियो भनी भन्नु गाह्रो छैन । यस वेला गद्दीमा कुनचाहिं लिच्छवि राजा थिए; यो कुराचाहिं भन्न गाह्रो छ । यो अभिलेख राख्नेले यो कुराको उल्लेख यहाँ गरेको छैन । यो अभिलेख राख्न लाउने परिवार भौमगुप्तको शासनदेखि अप्रसन्न रहेको आभास यताबाट पाइन्छ । त्यसो नभएको भए त्यस वेलाका शासकको चर्चा यहाँ गरिने थियो । जे होस्, यस अभिलेखमा त्यस वेलाका गद्दीनशीन राजा वा अरू शासकको चर्चा परेको छैन भन्ने कुरा यस अभिलेखबाट स्पष्ट बुझिन्छ ।

अब पुरातत्त्वविभागले प्रचार गराएको समाचारतिर दृष्टि दिनुपरेको छ । सो समाचारमा यस्तो लेखिएको थियो—

"पूर्वलिच्छवी अक्षर सात पंक्तिमा कुंदिएको छ जस्मा "भटारक वभूवर्मन्" "देशवर्मन्" नामसमेत अंकित छन् ।

सो अंकित भएको नाम कसको हो भन्ने कुरा अनुसन्धानको विषय बन्न गएको···छ."

(वि. सं. २०२५।४।१२।७ को गोरखापत्रबाट)

यसको दुइ दिनपछि श्रावण १४ गते सोमवारको गोरखापत्रको सामयिक चर्चामा यसबारे अझ खुलाएर यस्तो लेखिएको छ—

"···प्राप्त मूर्तिमा भट्टारक वभूवर्मन्, देशवर्मन्को नामको उल्लेखका साथै संवत् ४९५ समेत अंकित भएकाले एउटा नयाँ खोजीको विषय वस्तु हुन गएको छ । संवत् ४९५ कुन संवत्

---


१. 'पूर्णिमा' चौथो वर्षको ३३२ पृष्ठ हेर्नुहोस् ।

हो र त्यस समयमा वभूवर्मन् तथा देशवर्मन् कहाँका राजा थिए । नेपालको इतिहासमा पनि यिनको कहीं उल्लेख भएको छ अथवा छैन यी सबै कुराको जिज्ञासालाई नयाँ प्राप्त यस मूर्तिले उब्जाएको छ ।"


यसरी पुरातत्त्वविभागले 'भट्टारक वभूवर्मन् देशवर्मन्' भनी समाचार छपाएको र त्यसकै आधारमा वभूवर्मन् देशवर्मन् कहाँका राजा थिए भन्ने प्रश्न गोरखापत्रले उठाएको छ। यताबाट मूल अभिलेख जम्मै राम्ररी पढ्दै नपढी हाँसोउठ्तो ढङ्गले हाहामा दगुर्ने नराम्रो पद्धतितिर हाम्रा अधिकारीहरू लम्केका देखिन्छन् ।

'भट्टारक' शब्दले गद्दीनशीन राजालाई कहने हुनाले पुरातत्त्वविभागले समाचार छपाए जस्तै 'भट्टारक वभूवर्मन् देशवर्मन्' को उल्लेख मूल अभिलेखमा भएको भए यी राजा को हुन् भन्ने प्रश्न उठाउनु आवश्यक थियो । तर मूल अभिलेखमा यस्तो उल्लेख परेकै छैन । "बभ्रुवर्मा भन्नेले मातृका देवताको जीर्णोद्धार गर्ने विचार गरेका थिए, तर उनको मृत्यु भएको हुनाले बभ्रुवर्माका भतिजा देशवर्माकी आमा देशभट्टारिकाले ती मातृका देवताको जीर्णोद्धार गरिन्" भन्ने कुरा अभिलेखबाट स्पष्ट बुझिन्छ ।

यताबाट पुरातत्त्वविभागका अधिकारीहरूले यो अभिलेख सम्पूर्ण पढ्न सकेका थिएनन्; अलि अलि पढेको पाठ पनि अशुद्ध पढिएको थियो भन्ने स्पष्ट छ । किनभने 'वभूवर्मन्' भनी पढिएको यो नाम नै अशुद्ध छ । मूलमा 'बभ्रुवर्मा' भन्ने पाठ स्पष्ट बुझिन्छ । 'वभूवर्मा' को त कुनै अर्थ हुँदैन । यस्तो पाठ पढ्नुभन्दा पहिले 'वभू' शब्दको के अर्थ हुन्छ भन्ने कुरा पुरातत्त्वविभागका अधिकारीहरूले विचार गर्नुपर्ने थियो । अर्को कुरा लिच्छविलिपि राम्ररी पढ्ने शक्ति पनि पुरातत्त्वविभागका अधिकारीहरूमा रहेनछ भन्ने यताबाट थाहा पाइन्छ । अभिलेखमा 'बभ्रुवर्मा' को उल्लेख दुइ ठाउँमा परेको छ । 'भू' र 'भ्रु' अक्षरमा निकै अन्तर छ । तर पुरातत्त्वविभागका, लिपिविशेषज्ञले 'भ्रु' र 'भू' मा कति अन्तर छ भन्ने कुरा छुट्याउन सकेका रहेनछन् । यही अभिलेख नै अलि गढेर जम्मै पढिएको भए 'भू' र 'भ्रु' को टुङ्गो लाग्थ्यो । यस अभिलेखको तेस्रो पङ्क्तिमा 'इत्थम्भूताश्च' भन्ने पदमा दीर्घ 'भू' परेको छ । यताबाट 'भू' निश्चित हुने हुनाले 'वभूवर्मन्' भनी पढिएको पाठ अशुद्ध छ भन्ने सिद्ध हुन्छ । पाठकलाई विचार गर्न सजिलो होस् भनी यस अभिलेखमा उल्लिखित 'भ्रु' र 'भू' दुइ अक्षरका प्रतिलिपि यहाँ दिइन्छन्—



भ्रु



भू

फेरि पुरातत्त्वविभागका अधिकारीहरूले 'देशवर्म्मनाम्नो मात्रा···देशभट्टारिकया' भन्ने वाक्यमा रहेको 'भट्टारिका' पदलाई 'भट्टारक' मात्र पढी सो पदलाई बभ्रुवर्मासंग जोडी बभ्रुवर्मालाई 'भट्टारक' (गद्दीनशीन राजा) बनाइदिएका हुनाले पुरातत्त्वविभागका अधिकारीहरू कुन योग्यताका

रहेछन् भन्ने कुरा यताबाट छर्लङ्ग भएको छ । यस्तै योग्यताका भरमा अण्डबण्ड गरी अभिलेख पढिने हो भने हाम्रो देशको सच्चा इतिहास कहिले पनि तयार हुनेछैन[1] । यस्तो कामले नेपालको इतिहासको खोजीमा लागेका विदेशी विद्वान्हरूको सामुन्ने खालि हाम्रो उपहास मात्र गराउनेछ ।

यो अभिलेख कुँदिएको मूर्ति ह्वाट्ट हेर्दा 'उमामहेश्वर' को मूर्ति हो भन्ने देखिन्छ । तर अभिलेखमायसलाई 'मातृ-देवी' भन्ने संज्ञा दिइएको छ । यस कारण यस मूर्तिलाई सोझै 'शिवमूर्ति' भन्ने संज्ञा दिनु उचित छैन । यस विषयमा अलि बढी अध्ययनको आवश्यकता छ ।

---

१. 'हाम्रो वक्तव्य' मा यस विषयमा बढी विचार गरिएको छ ।

# हाम्रो वक्तव्य

'पूर्णिमा'ले चौथो वर्ष पार गरी पाचौं वर्षमा प्रवेश गरेको छ । यसरी 'पूर्णिमा'को आयु लामो हुँदै आएकोमा हामीलाई खुशी लाग्नु स्वाभाविक छ । किनभने यसलाई हामीले जसरी हुर्काएका छौं; शायद त्यस किसिमको उदाहरण हाम्रो देशमा कमै पाइएला जस्तो हामीलाई लाग्छ ।

नेपालको इतिहासको शोध र खोजको क्षेत्रमा गत चार वर्षमा 'संशोधनमण्डल' ले जे जति काम गरेको छ; हाम्रो गच्छे हेरी सो सन्तोषप्रद नै छ भन्न सकिन्छ । किनभने साधन र शक्तिसम्पन्न पुरातत्त्वविभाग आदिले नेपालको इतिहासको खोज र शोधको क्षेत्रमा गरेको कामको तुलनामा एकदम सीमित साधन र शक्तिशून्य भईकन पनि संशोधनमण्डलले जे जति खोज र शोध गर्न सकेको छ; सो अवश्य पनि उल्लेखनीय छ । विज्ञ पाठकहरू यो कुरा स्वयं छुटचाउन सक्नुहुन्छ तापनि यस विषयको अलिकता चर्चा गर्नु प्रसङ्गमिल्दो देखिन्छ ।

हालै पुरातत्त्वविभागबाट 'प्राचीन नेपाल' नामक त्रैमासिक पत्रिका प्रकाशित भएको छ । अहिलेसम्म यसका तीन अङ्क प्रकाशित भएका छन् । पत्रिकाको उद्देश्य "नेपालको प्राचीन इतिहास तथा संस्कृतिको संदर्भमा···विभागद्वारा सञ्चालित तथा कार्यान्वित गंभीर अनुसन्धान तथा खोजका प्राप्त परिणाम र पुरातत्त्वका आफ्नै ढंगका अनेक वैज्ञानिक पक्षको सही जानकारी दिनु यस प्रकाशनको मूलभूत उद्देश्य हुनेछ" (पहिलो अङ्कको क पृष्ठ) भनी लेखिएको छ । तर पत्रिकाको तह भने उद्देश्यअनुसार हुन सकेको छैन । सुन्दर फलकचित्र परेका हुनाले सजधज त हाम्रोभन्दा माथिल्लो तहको छ । तर ऐतिहासिक खोज र शोधको दृष्टिले भने पत्रिकाको तह माथि उठ्न सकेको छैन । सामान्य कुरामा पनि भद्दा भूलहरू गरिएका छन् । जस्तै—

'प्राचीन नेपाल'को पहिलो अङ्कमा पशुपति वज्रधरको लिच्छविकालको अभिलेखको फलकचित्र छापिएको छ । तर त्यसबाट लाभको सट्टा भ्रम मात्र पैदा गरिएको छ । वीरपुस्तकालयमा पशुपति वज्रधरको सो अभिलेखका दुइटा प्रतिलिपि छन् । तीमध्ये एउटामा सेतो मसीले अक्षर भरिएका छन् । सो प्रतिमा 'महाराजाधिराजश्रीशिवदेवः' भन्ने अशुद्ध पाठ भरिएको छ । यस्तै अरू पनि अशुद्ध पाठ त्यसमा परेका छन् । तर यस कुराको विचारै नगरी सोही कृत्रिम प्रतिको फलकचित्र बनाई पुरात्त्वविभागले छपाएको छ । यसमा 'शिवदेव' भन्ने पाठ स्पष्ट देखिने हुनाले पशुपति वज्रधरको सो अभिलेख शिवदेवकै हो भन्ने भ्रम यसले पारिदिएको छ । तर संवत् १०३ को यो अभिलेख शिवदेवको होइन, नरेन्द्रदेवको हो भन्ने कुराको टुङ्गो पहिले नै लागिसकेको थियो । किनभने ठीक यही बेहोराको अर्को अभिलेख पाटन यागबहालमा पनि छ । यसको सफा प्रतिलिपि वीरपुस्तकालयमा पनि छ । त्यसमा 'नरेन्द्रदेव' भन्ने पाठ स्पष्ट देखिन्छ । यस कारण पशुपति वज्रधरको अभिलेख पनि नरेन्द्रदेवकै हो भन्ने निश्चित छ । यस कुराको टुङ्गोलाई वि. सं. २०१३ मै रेनिइरो नोलीद्वारा ती अभिलेख फेरि छापिएका थिए । (हालै

'पूर्णिमा' १४ पूर्णाङ्कमा हामीले पनि ती अभिलेख छपाएका छौं ।) तर यस कुराको विचारै नगरी कृत्रिम प्रतिलिपि छपाई पुरातत्वविभागले एकातिर लिच्छविकालको इतिहासमा भ्रम फैलाइदिएको छ; अर्कोतिर पैसाको अपव्यय गरेको छ । पुरातत्त्वविभागका अधिकारीहरूको परिभाषामा 'गम्भीर अनुसन्धान' शायद यस्तैलाई भनिने हो कि ?

'प्राचीन नेपाल'को सो पहिलो अङ्कमा शमसुद्दीनको आक्रमणको वर्णन परेको वि. सं. १४२९ को स्वयम्भूको अभिलेखको पनि फलकचित्र छापिएको छ । त्यसको परिचयमा "प्रस्तरमा अंकित राजदेवका अभिलेखको प्रतिरूप" भनी लेखिएको छ। तर यस वेला (वि. सं. १४२९ मा) राजदेवको मृत्यु भएको १२ वर्ष जति भइसकेको थियो । सो अभिलेखमै पनि राजदेवको मृत्युको उल्लेख परेको छ तथा राजदेवका छोरा अर्जुनदेव र स्थितिमल्लको संयुक्त शासनकालमा यो अभिलेख राखिएको हो भन्ने स्पष्ट लेखिएको छ । प्रमाणार्थ सो अभिलेखको अलिकता अंश यहाँ उद्धृत गरिन्छ—

"...ख्यातः श्रीजयराजदेवनृपतिः तेनैव राज्ञीकृते
तस्मिन्नेव विराजति स्म विमलः स्तूपो मुनेः केतनः...
कालेन कियता धीमान्स राजा त्रिदिवङ्गतः ।
एवं यवनदग्धस्तु स स्तूपोपि यथा स्थितः ।।
श्रीजयार्जुनदेवेन सूनुना तस्य भूभृतः ।
सम्पाल्यमाने नेपाले वीरनारायणेन तु ।।
श्रीजयस्थितमल्लेन क्षत्ररत्नाकरेन्दुना ।
पालिते तत्र कालेन बुद्धपुण्योदयेन च ।।
आदायाज्ञां द्वयो राज्ञोरिन्द्रोपेन्द्रसमानयोः ।
सज्जीकृतं शुभोद्दिष्टं राजहर्षेण धीमता ।।
पुनर्निर्मीयते स्तूपं धर्मधातुसमुद्भवम् ।"

[प्रसिद्ध राजा श्रीजयराजदेवले राज्य गरिरहनुभएको वेलामा त्यहाँ शाक्यमुनि (बुद्ध)को वासस्थान भएको स्तूप सुहाइरहेको थियो ।

केही कालपछि बुद्धिमान् उहाँ राजा (राजदेव) स्वर्ग जानुभयो । यस्तो अवस्था परेको हुनाले मुसलमानले डढाएको त्यो स्तूप पनि त्यसै रह्यो ।

उहाँ राजा (राजदेव) का छोरा, वीरमा श्रेष्ठ श्रीजयार्जुनदेवले नेपालमा राज्य गरिरहनुभएको वेलामा, क्षत्रियकुलमा पैदा भएका श्रीजयस्थितिमल्लले पनि बुद्धको पुण्यको प्रतापले त्यही समयमा शासन गरिरहनुभएको वेलामा ।

१. यो अभिलेख श्रीकाशीप्रसाद जायसवालले र हामीले पनि छपाएका छौं ।

इन्द्र र उपेन्द्र जस्ता दुवै राजाको (राजा जयार्जुनदेव र उपराज जयस्थितिमल्लको) आज्ञा लिई बुद्धिमान् राजहर्षले शुभ दिने बुद्धको यो स्तूप तयार गरी फेरि बनाएका हुन् ।]

तर पुरातत्त्वविभागका अधिकारीहरूले यो अभिलेखमा एक ठाउँमा 'राजदेव' को उल्लेख भएको देख्नेबित्तिकै एकचोटिसम्म पनि जम्मै नपढी 'राजदेवको अभिलेख' भनी परिचय दिएका छन् । यसबाट पुरातत्त्वविभागका अधिकारीहरू कुन योग्यताका रहेछन् भन्ने कुरा स्पष्ट भएको छ ।

यसै गरी 'प्राचीन नेपाल' को पहिलो अङ्कमा प्रकाशित श्रीसूर्यविक्रम ज्ञवालीको 'नेपाली संस्कृतिको ऐतिहासिक आधार' भन्ने निबन्धमा पनि भद्दा ऐतिहासिक भूल गरिएका छन् । त्यसको पनि यहाँ चर्चा गर्नुपरेको छ । यता लिच्छविहरूको शासन चलिरहेको वेलामा उता कर्णाली-प्रदेशमा अशोकचल्लका पुर्खाहरूको शासन चलिरहेको थियो भन्ने कुरा तानतुन पारी देखाउने चेष्टा ज्ञवालीजीले गर्नुभएको छ । जस्तै—

"पृथ्वी मल्लले दुल्लुका स्तम्भ लेखमा आफ्नो जो वंशावली अंकित गराएका छन्, त्यसमा उनी भन्दा अघि हुने ३९ राजाहरूको नाम प्राप्त भएको छ, सम्भवतः एक दुइ नाम अझ प्राप्त हुन बाँकी छ । यिनको दसौं पुर्खा अशोकचल्लको १२७० ई. को एउटा लेख पाइएको छ[1] । अशोकचल्लका ज्ञात २७ पुर्खाको राज्यकाल प्रत्येकको सरदर २० वर्षको राज्यकाल माने ५४० वर्ष हुन्छ । १२७० ई. बाट ५४० घटाएपछि हामी ७३० ई. नेर पुग्छौं । यताबाट अष्टम शताब्दीका मध्य भागमा कर्णालीका प्रदेशमा यो वंशको शासन आरम्भ भएका कुराको अनुमान हुन्छ ।

...काठमाण्डूका शिलालेखहरूका अध्ययनबाट पनि सप्तम तथा अष्टम शताब्दी लिच्छवीहरूको गौरवकाल भएका कुराको अनुमान हुन्छ ।" (२ पृष्ठ)

---

१. पृथ्वीमल्लको दसौं पुस्ताका अशोकचल्ल भनी ज्ञवालीज्यूले यहाँ लेख्नुभएको छ । तर यो अशुद्ध हो । अशोकचल्लको समय ई. सं. १२७० (वि. सं. १३२७) तिर भनी उहाँले नै लेख्नुभएको छ । पृथ्वीमल्लको पालाको शकसंवत् १२६० (वि. सं. १३९५) को अभिलेख पाइएको छ । (इतिहास-प्रकाश २।१ को ४५ पृ. ) । यसरी अशोकचल्ल र पृथ्वीमल्लको समयमा ६८ वर्ष जतिसिवाय अन्तर छैन । ६८ वर्षमा दश पुस्ता कसरी जान्छ, सो ज्ञवालीजीले विचार गर्नुपर्ने थियो । उहाँले उल्लेख गर्नुभएको सरदर-नियम अनुसार प्रत्येकको २० वर्षको राज्यकाल मानेर हिसाब गर्ने हो भने अशोकचल्ल र पृथ्वीमल्लमा दुइ शय वर्षजतिको अन्तर पर्नुपर्ने थियो । तर यसो नभई यी दुइमा ६८ वर्ष जतिको मात्र अन्तर हुनाले उहाँको लेखाइ सर्वात्मना अशुद्ध छ भन्ने स्पष्ट छ ।

अशोकचल्ल र पृथ्वीमल्ल एउटै वंशका नभई दुइ भिन्न वंशका हुनाले ठीक पुस्ता भन्नु अलि गाह्रो छ । पृथ्वीमल्लको स्तम्भलेखको वर्णन हेर्दा यी दुइमा पाँच पुस्ता जतिको अन्तर देखिन्छ ।

तर पृथ्वीमल्लको दुल्लुको जुन स्तम्भलेखको आधारमा उहाँले यस्तो लेख्नुभएको हो, सोही स्तम्भलेखले उहाँलाई यसो गर्न अनुमति दिंदैन । वास्तवमा पृथ्वीमल्लको सो स्तम्भलेखको भाव ज्ञवालीजीलाई चढेको रहेनछ भन्ने यताबाट बुझिन्छ । पृथ्वीमल्लको दुल्लुको स्तम्भलेखमा अशोक-चल्लभन्दा माथिका २७ पुर्खाको चर्चा परेको छैन ।

जुम्ला भेकमा राज्य कायम गर्ने नागराजले चलाएको राजवंश उनका दश पुस्तापछिका राजा प्रतापमल्ल निःसन्तान हुँदा टुट्यो । त्यसपछि गेलावंशका पुण्यमल्ल त्यस राज्यको सिंहासनमा राखिए । पुण्यमल्लका छोरा पृथ्वीमल्ल हुन् । यसैले पृथ्वीमल्लले त्यस स्तम्भलेखमा उठानमा आदिपालदेखि पुण्यमल्लसम्मको आफ्नो वंशको वर्णन गराएका छन्; अनि तल्लो भागमा नागराजदेखिको वंशको वर्णन गराएका छन् । यसरी सो स्तम्भलेखमा दुइ राजवंशको वर्णन परेको छ । यो कुरा सो स्तम्भलेखबाट स्पष्ट बुझिन्छ ।

पृथ्वीमल्लको यो स्तम्भलेख योगी नरहरिनाथद्वारा तथा जिशेप टुचीद्वारा भिन्नाभिन्नै प्रकाशित भएको छ । नागराजको वंशका वर्णन भएको भाग 'पूर्णिमा' ६ पूर्णाङ्कका १५–१६ पृष्ठमा हामीले पनि छपाएका छौं । मूलसंग भिडाई पाठ शुद्ध पारी माथिल्लो भाग पनि हामी पछि छपाउनेछौं । अहिलेलाई पाठकलाई विचार गर्न सजिलो होस् भनी केही अंश यहाँ दिदैंछौं—

"आदित्यवंशेभवदादिपालो नृपस्ततोस्यामरपालभूपः ।
सुतस्तदीयो जयपालभूपस्तत्सूनुरासीद्विजयादिपालः ॥१॥"

[सूर्यवंशमा आदिपाल राजा हुनुभयो । अनि उहाँका छोरा अमरपाल राजा हुनुभयो । अनि उहाँका छोरा जयपाल राजा हुनुभयो । उहाँका छोरा विजयपाल हुनुभयो ।]

यसै गरी यो वंशको वर्णन गर्दै गई अन्त्यमा यस्तो लेखिएको छ—

"पुण्यमल्लाह्वयः श्रीमान्नृपस्तस्मादजायत ।
साध्वी शकुनमालाख्या सद्वंश्या तन्महिष्यभूत् ॥१०॥"

[उहाँबाट राजा श्रीपुण्यमल्ल जन्मनुभयो । उहाँकी महारानी पतिव्रता, असल कुलमा जन्मेकी शकुनमाला हुनुभयो ।]

यसरी आदिपालदेखि शुरू गरी आफ्ना बाबु पुण्यमल्ल र आमा शकुनमालासम्मको वर्णन गरिसकेपछि पृथ्वीमल्लले नागराजको वंशको वर्णन यसरी गराएका छन्—

"अथ खारिप्रदेशस्थो यो जावेश्वरतामगात् ।
तेन श्रीनागराजेन सेंजापुर्यां स्थितिः कृता ॥१२॥
तस्माच्चापस्तस्माच्चापिल्ल (:) क्राशिचल्ल इति तस्मात् ।
तस्मात्क्राधिचल्ल(:) क्राचल्लस्तत इति क्रमाद्भूपाः ॥१३॥
क्राचल्लजो भूभृदशोकचल्लो दिग्भित्तिषु क्षान्तिलतां ततान ।"

[ अनि खारिप्रदेशका जुन नागराज जावेश्वर (जुम्ला भेकका) राजा हुनुभयो; उहाँ नागराजले सिंजा सहरमा स्थिति बसाल्नुभयो ॥१२॥ उहाँ (नागराज) बाट चाप हुनुभयो । उहाँ (चाप) बाट चापिल्ल हुनुभयो । उहाँ (चापिल्ल) बाट क्राशिचल्ल हुनुभयो । उहाँ (क्राशिचल्ल) बाट क्राधिचल्ल हुनुभयो । उहाँ (क्राधिचल्ल) बाट क्राचल्ल हुनुभयो । यति राजाहरू क्रमैले हुनुभयो ॥१३॥ क्राचल्लका छोरा अशोकचल्लले दिशाको छेउछेउसम्म सहनशीलता फैलाउनुभयो ।]

यसै गरी नागराजको वंशको वर्णन गर्दै गई अन्त्यमा प्रतापमल्ल निःसन्तान भएको र अनि अर्को राजवंशका पुण्यमल्ल त्यहाँको गद्दीमा राखिएको वर्णन यसरी गरिएको छ—

**"काल्याणमल्लिः प्रथते स्म भूमौ प्रतापमल्लाह्वयभृत् क्षितीशः ॥१६॥**

**स स्वयं नागराजस्य नैवाशेषयदन्वयं ।**

**अथ गेलान्वयः पुण्यमल्लस्तत्राभ्यषिच्यत ॥१७॥**

**ततः शकुनमालायाः खण्डमालाभिधा सुता ।**

**सुतश्च पृथ्वीमल्लाख्यो जातौ तत्र क्रमादिमौ ॥१८॥"**

[ कल्याणमल्लका छोरा प्रसिद्ध राजा प्रतापमल्ल हुनुभयो ॥१६॥ उहाँ प्रतापमल्लले आफैले नागराजको वंशलाई बाँकी पार्नुभएन (अर्थात् उहाँबाट कोही सन्तान भएनन् ।) अनि गेलावंशका पुण्यमल्ल त्यहाँ अभिषेक गरिनुभयो ॥१७॥ शकुनमालाबाट उहाँ पुण्यमल्लका क्रमैले खण्डमाला भन्ने छोरी र छोरा पृथ्वीमल्ल जन्मनुभयो ॥१८॥ ]

यसरी पृथ्वीमल्लको स्तम्भलेखमा दुइ राजवंशको वर्णन गरिएको छ भन्ने कुरा स्पष्ट बुझिन्छ । त्यहाँ अशोकचल्लको वंशमा उनीभन्दा ६ पुस्ता माथिसम्मको मात्र वर्णन परेको छ भन्ने पनि स्पष्ट छ । तर 'अशोकचल्लभन्दा माथिका २७ पुर्खा ज्ञात हुन्छ' भनी लेखी तथा 'अष्टम शताब्दीमा यो वंशको शासनको आरम्भ भएको कुराको अनुमान हुन्छ' भनी तानतुन पारी लेखी ज्ञवालीजीले महान् ऐतिहासिक भूल गर्नुभएको छ । कुनै टिप्पणी नदिई पुरातत्त्वविभागले आफ्नो पत्रिकामा यस कुरालाई अग्रस्थान दिएको हुनाले पुरातत्त्वविभागले पनि यसमा स्वीकृति दिएको छ । तर मूल प्रमाणको राम्ररी अध्ययन नै नगरी मनगढन्त अनुमानको आधारमा लेख्ने यस्तो प्रवृत्तिले शुद्ध इतिहास कसरी तयार हुन्छ, यो चिन्ताको विषय बनेको छ । यस्ता लेखले नेपालको इतिहासमा रहेका गाँठा फुकाल्नुसट्टा झन् अल्झाई मात्र दिएको छ भन्ने स्पष्ट छ ।

हालैका केही उदाहरणबाट पुरातत्त्वविभागमा लिच्छविकालका अभिलेख ठीक ठीकसंग पढ्न सक्ने योग्यता भएका अधिकारीहरू रहेनछन् भन्ने देखिएको छ । यस कुराको पनि अलिकता चर्चा यहाँ गर्नुपरेको छ ।

केही दिन पहिले बूढानीलकण्ठभेकमा लिच्छविकालका दुइ अभिलेख पुरातत्त्वविभागका अधिकारीहरूले पत्ता लाएका थिए। तर पुरातत्त्वविभागका अधिकारीहरूले ती अभिलेख राम्ररी पढ्न सकेनन्। अभिलेख पाइएको छ भन्ने कुरा थाहा पाएपछि हामी त्यहाँ गयौं र ती दुइ अभिलेख तथा त्यहींको अर्को सानो अभिलेखको समेत पाठ पढी पूर्णिमा १५ पूर्णाङ्कमा छपायौं। अहिले पाटन शङ्खमूल सिकबहीमा पुरातत्त्वविभागले लिच्छविकालको अर्को अभिलेख भेट्टाएको छ। तर सो अभिलेख पनि पुरातत्त्वविभागका अधिकारीहरूले राम्ररी पढ्न सकेनन्। यस विषयमा माथिको निबन्धमा खुलाएर लेखिसकेका छौं।

पुरातत्त्वविभाग नेपालको इतिहासको खोज र शोधको क्षेत्रमा कुन किसिमको काम गर्दैछ भन्ने कुराको झलक माथि उल्लिखित केही उदाहरणबाटै पाइन्छ। यस्तो कुरा अकस्मात् भएको होइन। जुन किसिमको शिक्षा र प्रवृत्ति भएका अधिकारीहरू पुरातत्त्वविभागमा छन्; तिनबाट यसभन्दा माथिल्लो तहको खोज र शोध होला भनी आशा लिन सकिंदैन। लिच्छविकालका अभिलेख पढ्ने कुरालाई नै लिऔं। लिच्छविकालका अभिलेख ठीकठीकसंग पढ्न माथिल्लो कक्षाको संस्कृतभाषाको ज्ञान, लिच्छविलिपिमा राम्रो दखल, तात्कालिक इतिहासको उपस्थिति, अभिलेख पढ्ने अभ्यास आदिको आवश्यकता रहन्छ। यसको लागि तदनुकूल शिक्षाको आवश्यकता छ।

## चौथो वर्षको आय–व्ययको विवरण

**आम्दानी–** ५२३४।७४

| | | |
|---|---|---|
| ग्राहकबाट अहिले उठेको | १३२४।१० | |
| फुटकर बिक्रीबाट | ३९७।७५ | |
| प्रत्येक रचयिताबाट महीनाको १५ रु. को दरले उठाउने नियमअनुसार अहिले उठेको | ५२५। | |
| त्रिभुवनविश्वविद्यालयबाट श्रीगुरु पं. नयराज पन्तले पाउनुभए जति संशोधनमण्डललाई दिने उहाँको निर्णयअनुसार उहाँबाट प्राप्त भएको[1] | | २९८७।८९ |

१. त्रिभुवन-विश्वविद्यालयबाट प्रतिमहीना आउने रु. २२५। मध्येमा ३ दिनको गयल कट्टी गरी वर्षभरमा आएको रु. २६७८।२३, अतिरिक्त कक्षामा पढाएबापत आएको रु. ३०९।६६ समेत वि. सं २०२४ मा श्रीगुरु पं. नयराज पन्तले त्रिभुवन-विश्वविद्यालयबाट पाउनुभएको जम्मा रु. २९८७।८९

उहाँले र उहाँका दुइ छोरा महेशराज दिनेशराजले महीनाको १५ रु. को दरले बुझाउनुपर्ने एक वर्षको रु. ५४०। र गणितसम्बन्धी लेखका लागिको रु. पनि यसैबाट मिलाइएको छ।

**खर्च–** ५९५५।४७

| | | |
|---|---|---|
| १३ | पूर्णाङ्कमा | १२९८।७५ |
| १४ | पूर्णाङ्कमा | १३८१।५० |
| १५ | पूर्णाङ्कमा | १५६९।५० |
| १६ | पूर्णाङ्कमा | १५६३।३६ |
| | डाँकखर्च | ३२।२७ |
| | अरू | ११०। ९ |

यस पालिको आम्दानीले नपुग खर्च पहिलेको बचतबाट मिलाइएको छ ।

\+ + +

**सूचना**–यो अङ्क पनि ठीक समयमा प्रेसबाट निस्कन सकेन । अहिले भाद्रमा मात्र यो अङ्क निस्क्यो । ११ पूर्णाङ्कदेखि नै 'पूर्णिमा' अलि अलि ढीलो गरी निस्केको हुनाले यसो भएको हो ।

# शुद्धिपत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|
| ४ | २ | अध्रिकारण | अधिकरण |
| ४ | १९ | अधिसरा | अधिसरा |
| १२ | ५ | गोसाइँकुण्डात्राय | गोसाइँकुण्डयात्रा |
| २० | ९ | योजनो | योजना |
| २० | ११ | गरिदिय | गरिदियो |
| २१ | १७ | वधर्म्य | वैधर्म्य |
| २२ | १० | अर्थशस्त्र | अर्थशास्त्र |
| २२ | १३ | बालेका | बोलेका |
| २३ | १० | आगा | आगो |
| २४ | १८ | चचि | चर्चा |
| ३२ | १९ | =जुझ् लडाइँ | जुझ्=लडाइँ |
| ३३ | १९ | लेख । | लेखे । |
| ६३ | २२ | १३२ | १२४ |

का. मे. अ. द. नं. १५५/२४९

कार्यालय–

संशोधन–मण्डल

१०।४५२ महाबौद्ध काठमाडौं नेपाल

वि. सं. २०२५

वैशाख–जेठ असार

वार्षिक मूल्य– रु. ८।

( डाँकखर्च अलग )

यस अङ्कको मूल्य ३।

मुद्रक—

*जोरगणेश प्रेस प्रा० लि०*

*बालाजु औद्योगिक क्षेत्र, काठमाडौं*